# संसद दर्पण

**वर्ष २ अंक ८ २०७४ वैशाख**



व्यवस्थापिका–संसद सचिवालय
सिंहदरवार, काठमाडौं
२०७४

# संसद दर्पण


| वर्ष २ | अंक ८ | २०७४ वैशाख |
|---|---|---|


सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ को व्यवस्था वमोजिम प्रकाशित


**प्रकाशन समिति**

| | | |
|---|---|---|
| उपसचिव श्री सुदर्शन कुइकेल | - | संयोजक |
| उपसचिव (सूचना अधिकारी) श्री डिल्लीराम रिज्याल | - | सदस्य |
| शाखा अधिकृत श्री राजन घिमिरे | - | सदस्य |
| शाखा अधिकृत श्री त्रिविक्रम पराजुली | - | सदस्य |
| लेखा अधिकृत श्री जग्य प्रसाद रेग्मी | - | सदस्य |
| शाखा अधिकृत श्री विनोद कुमार माली | - | सदस्य |



व्यवस्थापिका–संसद सचिवालय
सिंहदरवार, काठमाडौं
२०७४

**प्रकाशक** : सूचना तथा अभिलेख व्यवस्थापन शाखा
व्यवस्थापिका-संसद सचिवालय, सिंहदरवार, काठमाडौं
www.can.gov. np
information@can.gov.np
४२०००२१, ४२०००७२, ४२०१३४, ४२००२१०

**कम्प्यूटर सेटिङ्ग** : पूर्णेन्द्र पाण्डेय
करनबहादुर भाट

**संख्या** : १०० प्रति
**मुद्रण** : व्यवस्थापिका-संसद सचिवालय, अफसेट प्रेस, संसद भवन, सिंहदरवार

# सम्पादकीय

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ मा व्यवस्था भए वमोजिमका विषयवस्तुहरुलाई समेटी व्यवस्थापिका-संसद सचिवालयले हरेक तीन-तीन महिनामा संसद दर्पण नामक पुस्तक प्रकाशन गर्दै आएको छ । यस पुस्तकमा व्यवस्थापिका-संसदका समिति र शाखाहरु अन्तर्गत भए गरेका काम कारवाही र निर्णयहरुलाई समावेश गरेर प्रकाशन गरिदै आए अनुसार यस अंकमा पनि २०७३ साल माघ महिनादेखि चैत्र मसान्तसम्मका काम कारवाहीहरुलाई समावेश गरी प्रकाशन गर्ने जमर्को यस पुस्तकमार्फत गरिएको छ ।

यस पुस्तकको प्रकाशनले व्यवस्थापिका-संसद र व्यवस्थापिका-संसद सचिवालयबारे उत्सुकता राख्नुहुने जोसुकै पाठकहरुको लागि पनि उपयोगी हुने कुरामा हामी विश्वस्त छौं । यस अंकमा समेट्न नसकिएका विषयवस्तुहरुलाई आगामी अंकहरुमा समेट्दै जाने कुरामा प्रकाशन समिति दृढ छ साथै प्रकाशनमा देखिएका कमीकमजोरीलाई आगामी अंकहरुमा सुधार गरिंदै जाने व्यहोरा अवगत गराउँदै पाठकहरुबाट महशुस गरिएका सुझाव एवं प्रतिक्रियाहरु लिखित वा मौखिक रुपमा information@can.gov.npमा वा ०१-४२००२१० मार्फत पाउने अपेक्षा सदाझैँ प्रकाशन समिति यहाँहरुसँग गर्दछ ।

धन्यवाद ।

**प्रकाशन समिति**

# व्यवस्थापिका-संसद
## व्यवस्थापिका-संसद अन्तर्गतका शाखा तथा विषयगत समितिका गतिविधिहरु

### व्यवस्थापिका-संसदको
### दोस्रो अधिवेशन र कार्यव्यवस्था शाखा

व्यवस्थापिका-संसद सचिवालय अन्तर्गत रहेको कार्य व्यवस्था शाखाबाट व्यवस्थापिका संसदको अधिवेशनहरुका बैठक संचालनार्थ आवश्यक सहयोग र समन्वय गर्ने कार्य गर्दछ । यसै सिलसिलामा यस अवधिमा संकलित माननीय सदस्यहरुको अनुपस्थितिका सूचनाहरु सम्माननीय सभामुखबाट स्वीकृतिको लागि पेश गरिएको छ । यस अवधिमा कार्यव्यवस्था परामर्श समितिको एउटा बैठक वसी सम्माननीय सभामुखलाई व्यवस्थापिका-संसदका बैठकहरुको कार्यसूचीका सम्बन्धमा परामर्श दिनुका साथै यस पुस्तिकाको अघिल्लो प्रकाशनमा व्यवस्थापिका–संसदको दोस्रो अधिवेशनको पुष मसान्तसम्मको अवधिमा व्यवस्थापिका-संसदबाट भए गरेका कार्यहरुको विवरण प्रस्तुत भैसकेको र सो मिति देखि २०७३ चैत मसान्तसम्म निम्नलिखित कार्यहरु भएको छ ।

(१) २०७३ माघ ७ गते विकास समितिको अनुगमन एवं मुल्यांकन प्रतिवेदन, २०७३ पेश गरियो ।

(२) २०७३ माघ १४ गते व्यवस्थापिका संसदका केही समितिहरुमा माननीय सदस्यहरु हेरफेर गरियो ।

(३) २०७३ माघ २३ गते विकास समितिको अनुगमन एवं मुल्यांकन प्रतिवेदन, २०७३ माथि सदनमा छलफल गरियो ।

(४) २०७३ फागुन १२ गते “अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त श्री लोकमानसिंह कार्की विरुद्ध व्यवस्थापिका-ससदमा पेश भएको महाभियोगको प्रस्ताव सम्बन्धी छानविन प्रतिवेदन पेश भइ छलफल भयो भने चैत १ गते उक्त छानविन समितिको प्रतिवेदन पारित भयो ।

(५) २०७२ फागुन २७ र चैत्र १ र २, ६, ७, ८,९, २५, २८ र २९ गते संविधान संशोधन विधेयकले मधेश एवं अन्य समुदायको माग सम्वोधन नभएको भनि केही मधेशवादी दलहरुले नारा लगाउंदै वैठक वहिस्कार गर्नुका साथै फागुन २७ गते गणपुरक संख्या नपुग भई बैठक स्थगित भयो ।

(६) २०७३ चैत्र ६ गते व्यवस्थापिका संसदका पूर्व सदस्य रामहरि ढुंगेलको निधन भएकोमा र चैत्र ९ गते दुलारी देवीको निधनमा शोक प्रस्ताव पारित गऱ्यो ।

(७) चैत्र ९ गते “सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०६९/०७०, २०७०/०७१ र २०७१/०७२” सदनमा पेश भयो ।

(८) चैत्र २८ गते “सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७२/०७३”, “महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन २०७२/०७३”, “अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन २०७२/०७३”, “लोक सेवा आयोगको वार्षिक प्रतिवेदन २०७१/०७२ र २०७२/०७३” र “निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०७१/०७२ र २०७२/०७३” सदनमा पेश भए ।

(९) यसैबीच गृहमन्त्री लगायत अन्य मन्त्रीहरुले सम सामयिक विषयका सम्बन्धमा जरुरी सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

(१०)विधेयक सम्बन्धमा सदनबाट भए गरेका कारवाहीको विवरण विधेयक शाखाबाट प्राप्त प्रगति विवरणमा समावेश रहेको छ ।

*दोस्रो अधिवेशन बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण अनुसूचि–१ मा उल्लेख गरिएको छ ।*

## विधायन समिति

संसदमा विधेयकहरु पेश

देवानी कानूनको संशोधन र एकीकरण गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन,देवानी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन, फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन, फौजदारी मुद्धाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन, फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्वन्धी समितिको प्रतिवेदन व्यवस्थापिका संसदमा मिति २०७३/१२/२५ र २७ गते समितिका सभापति मा० श्री गंगा चौधरी (सत्गौंवा) ज्यूले पेश गर्नु भयो ।

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३/१२/३० | १. प्रत्यायोजित व्यवस्थापन सम्बन्धी कार्यलाई अगाडी बढाउन सातवटा उपसमितिहरु र ती उपसमितिहरुविच समन्वय गर्न एक समन्वय उपसमिति गठन गर्ने निर्णय भयो । उल्लेखित ७ वटा उपसमितिहरु मध्ये एउटा उपसमितिको संयोजक महिला र एउटा उपसमितिको संयोजक दलित माननीय सदस्य रहने समेत  निर्णय भयो ।<br>२. प्रधान न्यायाधीश तथा सर्वोच्य अदालतका न्यायाधीशको पारिश्रमिक, सविधा र सेवाका अन्य शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तथा उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपसमितिः<br>१. मा० श्री अग्नी प्रसाद खरेल - संयोजक<br>२. मा० श्री तारणी दत्त चटौत - सदस्य<br>३. मा० श्री शिव कुमारी गोतामे (सार्की) नगरकोटी - सदस्य<br>४. मा० श्री गोपाल गिरी - सदस्य<br>५. मा० श्री रामदुलारी चौधरी – सदस्य<br>६.मा० श्री अशोक कुमार राई -सदस्य<br>७. मा० श्री सिमाकुमारी वि.क- सदस्य<br>८.मा० श्री राधेश्याम अधिकारी - सदस्य<br>९.मा० श्री राम सिंह यादव - सदस्य |

| | |
|---|---|
| २०७३/१२/३१ | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्वन्धी समितिमा पेश भएको प्रतिबेदन माथि छलफल भई परिमार्जन सहितको प्रतिवेदन पारित भयो ।<br>२. समितिको मिति २०७३ साल ३० गतेको निर्णयानुसार प्रत्यायोजित व्यवस्थापन सम्बन्धी कार्यलाई अगाडी बढाउन देहायअनुारका सात वटा उपसमितिहरु र मा. सभापतिको संयोजकत्वमा रहने गरी एक समन्वय उपसमिति गठन गर्ने निर्णय भयोः- |

## राज्य व्यवस्था समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३/१०/१० | • समितिको बैठकमा समितिमा प्राप्त निर्वाचनसँग सम्बन्धित विधेयकमाथि छलफल गरी प्रतिवेदन पेश गर्न गठित उपसमितिले पारित गरेका निर्वाचन आयोगको काम, कर्तब्य र अधिकार सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ र मतदाता नामावली सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ लाई पारित गरी सदनमा पेश गर्ने,<br>• समितिमा प्राप्त स्थानीय तहको निर्वाचन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७३ र निर्वाचन कसुर तथा सजाय सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७३ का सम्बन्धमा आजको सैद्धान्तिक छलफल पश्चात उक्त विधेयकहरु र विधेयकहरुमाथि प्राप्त संशोधन प्रस्तावमाथि दफावार छलफल गरी यही माघ १५ गतेभित्र समितिमा प्रतिवेदन पेश गर्ने गरी साविकको निर्वाचनसँग सम्बन्धित विधेयकमाथि छलफल गरी प्रतिवेदन पेश गर्न गठित उपसमितिलाई दिने । |
| २०७३/१०/१४ | • समितिको बैठकमा समितिमा प्राप्त निर्वाचनसँग सम्बन्धित विधेयकमाथि छलफल गरी प्रतिवेदन पेश गर्न गठित उपसमितिले पारित गरेको निर्वाचन कसुर तथा सजाय सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ पारित गरी सदनमा पेश गर्ने,<br>• समितिमा प्राप्त निर्वाचन संग सम्बन्धित विधेयकमाथि छलफल गर्न गठित उपसमितिले म्याद थप गर्न प्रस्ताव गरेकोमा उक्त उपसमितिको म्याद २०७३ माघ १८ गतेसम्म थप गर्ने । |
| २०७३/१०/१९ | • समितिको बैठकमा समितिमा प्राप्त निर्वाचनसँग सम्बन्धित विधेयकमाथि छलफल गरी प्रतिवेदन पेश गर्न गठित उपसमितिले समिति समक्ष पेश गरेको स्थानीय तहको निर्वाचन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७३ पारित गरी व्यवस्थापिका-संसदमा पेश गर्ने,<br>• सामाजिक व्यवहार सुधार गर्न वनेको विधेयक सम्बन्धी उपसमिति र सशस्त्र प्रहरी बल नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा अध्ययन सम्बन्धी उपसमितिले अधिकांश कार्य सम्पन्न गरे तापनि प्रतिवेदन पेश हुन नपाउँदै |

| | |
|---|---|
| | उपसमितिका संयोजक क्रमशः माननीय नविन्द्रराज जोशी र माननीय रमेश लेखक मन्त्री पदमा नियुक्त हुनुभएकोले उपसमितिका सदस्यहरुमध्येबाट सामाजिक व्यवहार सुधार गर्न वनेको विधेयकका सम्बन्धमा माननीय रामेश्वर फुयाललाई र सशस्त्र प्रहरी बल नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा अध्ययन सम्बन्धी उपसमितिका सम्बन्धमा माननीय मानप्रसाद खत्रीलाई उपसमितिहरुका कुनै काम बाँकी भए बाँकी काम सम्पन्न गरी २०७३ चैत १५ गतेभित्र समिति समक्ष प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिने । |
| २०७३/१२/९ | ● समितिको आजको बैठकमा उपसमितिले समिति समक्ष पेश गरेको राजनीतिक दल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ सम्बन्धी प्रतिवेदनलाई पारित गरी आजको व्यवस्थापिका-संसदको वैठक समक्ष पेश गर्ने, |
| २०७३/१२/१३ | ● सामाजिक व्यवहार सुधार गर्न बनेको विधेयक सम्बन्धी उपसमितिले पेश गरेको सामाजिक व्यवहार सुधार गर्ने सम्बन्धमा बनेको विधेयक, २०७३ सम्बन्धी प्रतिवेदनलाई पारित गरी व्यवस्थापिका-संसदको वैठक समक्ष पेश गर्ने,<br>● सशस्त्र प्रहरी बल नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा अध्ययन सम्बन्धी उपसमितिले पेश गरेको प्रतिवेदनलाई पारित गर्ने,<br>● राज्य व्यवस्था समितिको बार्षिक प्रतिवेदन मस्यौदा उपसमितिले पेश गरी वितरण गरेको समितिको बार्षिक प्रतिवेदनको मस्यौदा आगामी बैठकमा पारित गरी गर्ने,<br>● यातना दिने तथा निर्मम अमानवीय वा अपमानजनक व्यवहार गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा बनेको विधेयक, २०७३ उपर संशोधनकर्ता माननीय सदस्यहरुसँग भएको छलफल पश्चात सो विधेयक र विधेयकमा प्राप्त संशोधन प्रस्तावहरु उपर आगामी बैठकमा थप छलफल गर्ने । |
| २०७३/१२/१५ | ● समितिले पारित गरेको समितिको बार्षिक प्रतिवेदन व्यवस्थापिका-संसदको आगामी बैठकमा पेश गर्ने । |
| २०७३/१२/१८ | ● संघीय प्रणालीमा प्रशासनिक पुनर्संरचना तथा जनशक्ति व्यवस्थापनका लागि विज्ञ सहितको एक उच्चस्तरीय अधिकार सम्पन्न समिति गठन गरी सो समितिको सिफारिश सहितको प्रतिवेदन राज्य व्यवस्था समितिमा पेश गर्ने र छलफलका आधारमा परिमार्जन पश्चात तयार हुने अन्तिम प्रतिवेदन कार्यान्वयन गर्ने गरी कार्य अगाडी बढाउन नेपाल सरकार, मन्त्रीपरिषद् र सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने,<br>● निजामती कर्मचारी अस्पतालको सन्दर्भमा सामान्य प्रशासन मन्त्रालयद्वारा गठित समितिको प्रतिवेदन विचाराधीन रहेको अवस्थामा तत्काल निजामती कर्मचारीको लागि सेवामा प्राथमिकीकरण अनुभूत हुने गरी सेवाको एकद्वार प्रणाली विकास गर्न आवश्यक प्रवन्ध मिलाउन सामान्य प्रशासन मन्त्रालय र निजामती कर्मचारी |

| | |
|---|---|
| | अस्पताललाई निर्देशन दिने,<br><br>● निजामती कर्मचारीलाई उपलब्ध गराउने वैदेशिक अध्ययन, तालिम लगायतका छात्रवृत्तिको संख्यालाई बढाउन पहल गर्ने र प्राप्त अवसरहरु सबै सेवालाई र तीनै अंगका कर्मचारीलाई समान रुपमा उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिने साथै यस प्रकारका वैदेशिक अध्ययन तालिम सम्बन्धी अवसरहरु एकीकृत रुपमा प्राप्त गरी वास्केट प्रणाली मार्फत वितरण गर्नेतर्फ पहल गर्न निर्देशन दिने,<br><br>● सरकारका तीनै अंगका काम, कारवाही, कार्यप्रक्रिया, पद्धति र प्रणालीलाई कोर्षमा समावेश गर्नेतर्फ ध्यान दिने साथै समय अनुकुल सान्दर्भिक र विद्यमान चुनौतिको सामना गर्ने खालका तालिमका कोर्षहरु छनौट गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई निर्देशन दिने,<br><br>● नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको क्षमता अभिवृद्धि गरी संघीय संरचना अनुरुप यसको संरचना विस्तार गर्ने तर्फ पहल गर्न सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने,<br><br>● संघीयतालाई कार्यान्वयन गर्न तत्काल स्थानीय तहका सबै कर्मचारीलाई समेट्ने गरी आवश्यक पर्ने छोटो अवधि (Short Term) का तालिमहरु सञ्चालन गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई निर्देशन दिने,<br><br>● स्थायी आवासीय अनुमति प्राप्त कर्मचारीको विवरण अझ प्रभावकारी रुपमा खोजी गरी सोको प्रतिवेदन राज्य व्यवस्था समितिमा पेश गर्न सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने,<br><br>● २०७३।१२।२१ गते विहान ११:०० बजे नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको र दिउँसो २:०० बजे निजामती कर्मचारी अस्पतालको विद्यमान अवस्था र सेवा प्रवाहको अवस्थाको सम्बन्धमा समितिबाट स्थलगत अवलोकन गर्ने । |

## सार्वजनिक लेखा समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३/१०/०२ | एनसेलको शेयर खरिद विक्रीमा लाग्ने पूँजीगत लाभकर असुली सम्बन्धी विषयमा समितिले विगतमा दिएका निर्देशन कार्यन्वयनको अवस्थाका वारेमा नेपाल सरकारका अर्थ मन्त्रालयका सचिवले समितिलाई गराएको जानकारी र समिति समक्ष गरेका प्रतिवद्धताका आधारमा देहायका निर्णय भयो ।<br><br>● एनसेलको शेयर खरिद विक्रीमा लाग्ने पूँजीगत लाभकर आयकर ऐन २०५८ को प्रावधान बमोजिम निर्धारण गरी कार्ययोजना बनाई आगामी ३ महिना भित्र असुल उपर गर्ने । |

| | |
|---|---|
| | ● कर निर्धारण गर्ने विषय अमूक कार्यालय र अधिकारीको भन्दा अर्थ मन्त्रालयको सयंन्त्रकै जिम्मेवारी भएकोले सामुहिक जिम्मेवारी र जवाफदेहिता भित्र रहेर कर निर्धारण गर्ने र तालुक निकायको रुपमा अर्थ मन्त्रालयले पन्छिन नमिल्ने । <br><br> ● कर निर्धारण सम्बन्धमा भएका कामकारवाहीको जानकारी समितिलाई प्रत्येक महिना गराउने <br><br> ● मिति २०७३।०२।१६ गतेको समितिको निर्णय बमोजिम विगतदेखि हाल सम्म भएको एनसेलको शेयर खरिद विक्रीमा विक्रेताबाट असुलहुनुपर्ने पुँजिगत लाभ कर वापतको रकम असुल नगर्ने निकाय एवं जिम्मेवार प्रमुखको सन्दर्भमा समेत अनुसन्धान र छानविन गरी तीन महिनाभित्र समितिलाई प्रतिवेदन दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखि पठाएकोमा सो प्रतिवेदन हाल सम्म पनि प्राप्त नभएकोले यथाशिघ्र जानकारी / प्रतिवेदन पठाउन पुनः अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखि पठाउने । <br><br> ● एनसेललाई 4G सेवाको लागि frequency वितरणको इजाजत सम्बन्धी कामकारवाहीका सम्बन्धमा छलफल गर्न आगामी बैठकमा सूचना तथा सञ्चार मन्त्रलायका सचिव र नेपाल दुरसञ्चार प्रधिकरणका अध्यक्षलाई आमन्त्रण गरी छलफल गर्ने । <br><br> ● अर्को बैठकको मिति पछि तय गर्ने गरी बैठक सम्पन्न भयो । |
| २०७३/१०/०४ | आजको बैठकमा एनसेलको 4G सेवाको लागि frequency वितरणको कामकारवाहीका सम्बन्धमा जानकारी दिन आमन्त्रण गरिनु भएका सूचना तथा सञ्चार मन्त्रलायका सचिव र नेपाल दुरसञ्चार प्रधिकरणका अध्यक्ष सँग छलफल गरी देहायका निर्णय भयो । <br><br> ● समितिको मिति २०६८।०९।२५ गते बसेको बैठकले गरेको निर्णय बमोजिम frequency वितरण सम्बन्धी अध्ययन उपसमितिको प्रतिवेदनको कार्यान्वयनको अवस्थाको बारेमा सूचना तथा सञ्चार मन्त्रलायसँग लिखित विवरण माग गर्ने । <br><br> ● अर्को बैठकको मिति पछि तय गर्ने गरी बैठक सम्पन्न भयो । |
| २०७३/१०/११ | ● NCELL को 4G सेवाको लागि Frequency वितरण सम्बन्धी विषयमा छलफल हुँदा NCELL को शेयर हस्तान्तरणमा लाग्ने पूँजीगत लाभ कर असुल उपर नभईसकेको सन्दर्भमा समितिको मिति २०७३/१०/०२ गते बसेको बैठकमा नेपाल सरकार, अर्थ मन्त्रालयका पदाधिकारीहरुसँग छलफल भई अर्थ सचिववाट भएको प्रतिवद्धता बमोजिम ३ महिनाभित्र पूँजिगत लाभकर निर्धारण |

| | |
|---|---|
| | गरी असुल उपर गर्न निर्देशन दिएको सन्दर्भ र २०७३/१०/०४ गते बसेको बैठकमा नेपाल सरकार,सूचना तथा संचार मन्त्रालयका सचिव र नेपाल दुरसंचार प्राधिकरणका अध्यक्षसँग भएको छलफललाई समेत मध्यनजर गरी आजको बैठकबाट उक्त पूँजीगत लाभकर असुल उपर नभएसम्म ल्क्रभी को द्धन् लगायतका थप सेवाको लागि कामकारवाही अगाडि नबढाउन सूचना तथा संचार मन्त्रालय र नेपाल दुरसंचार प्राधिकरणलाई निर्देशन दिने ।<br>● अर्को बैठकको मिति पछि तय गर्ने गरी बैठक सम्पन्न भयो । |
| २०७३/१०/१७ | ● व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समितिको रिक्त रहेको सभापतिको पदमा निर्वाचन मार्फत पूर्ति गर्ने प्रयोजनका लागि सचिवालयबाट प्रकाशित सूचना अनुसार निर्धारित समयसम्ममा समितिका २ जना मा. सदस्यहरुको उम्मेदवारीको प्रस्ताव दर्ता भएकोमा आजको बैठकमा बैठकको सभापतित्व गर्नु भएका समितिका जेष्ठ सदस्य मा. श्री कृष्ण कुमार राईले ब्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८० को उपनियम (४) बमोजिम प्राप्त दुबै प्रस्तावलाई समिति समक्ष निर्णयार्थ प्रस्तुत गर्नुभयो । निर्णयार्थ प्रस्तुत भएका २ प्रस्तावहरु मध्ये प्रस्ताव नं. १ मा उल्लेखित  उम्मेदवारमा मा.श्री पशुपति चौलागाईको पक्षमा १६ मत र विपक्षमा २३ मत तथा प्रस्ताव नं. २ मा उल्लेखित मा. सदस्य श्री डोरप्रसाद उपाध्यायको पक्षमा २३ मत र विपक्षमा १६ मत प्राप्त भयो र प्राप्त मत परिणाम अनुसार प्रस्ताव नं. २ मा उल्लेखित मा. सदस्य श्री डोरप्रसाद उपाध्यायले ब्यवस्थापिका-संसद नियमावली,२०७३ को नियम १८० को उपनियम (५) बमोजिम बहुमत प्राप्त गर्नुभएकोले  मा. श्री डोरप्रसाद उपाध्याय समितिको सभापतिको पदमा निर्वाचित भएको घोषणा गर्नुभयो ।<br>● समितिको अर्को बैठक मिति २०७३।१०।१८ गत्ते विहान ११ बजे बस्ने गरी आजको बैठक सम्पन्न भयो । |
| २०७३/१०/१८ | ● आजको बैठकमा समितिका नवनिर्वाचित सभापति मा. श्री डोरप्रसाद उपाध्यायलाई समितिका मा. सदस्यहरुले बधाई तथा शुभकामना ज्ञापन गर्नुभयो । साथै समितिका नवनिर्वाचित सभापति मा. श्री डोरप्रसाद उपाध्यायले आफुलाई सार्बजनिक लेखा समितिको सभापति जस्तो गरिमामय पदमा निर्वाचित गराउन प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सहयोग पुऱ्याउनुहुने सम्माननीय सभामुख ज्यू , उपसभामुख ज्यू, समितिका मा. सदस्यहरु, विभिन्न राजनैतिक दल, व्यवस्थापिका संसद सचिवालय , समिति सचिवालय लगायत सम्बद्ध सबैमा |

| | |
|---|---|
| | हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्नुभयो ।<br>● अर्को बैठकको मिति पछि तय गर्ने गरी बैठक सम्पन्न भयो । |
| २०७३/१०/२४ | आजको बैठकमा नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनका विविध पक्षमा जानकारी दिन आमन्त्रण गरिनु भएका नेपाल सरकारका नेपाल राष्ट्र बैंकका गभर्नर र अर्थ सचिव सँग बजेट कार्यान्वयन विशेष गरी पूँजीगत खर्च, संचित कोष व्यवस्थापन र बैंक तथा वित्तीय संस्थाको तरलता व्यवस्थापनको बर्तमान अवस्थाको वारेमा जानकारी लिई देहायका निर्णय भयो ।<br>● सर्वप्रथम समितिले विगतमा दिएका निर्देशनहरु कार्यान्वयनको लागि अर्थ मन्त्रालयले मार्गदर्शनको रुपमा लिई नीतिगत लगायतका आवश्यक सुधारहरु गरेकोमा निर्देशन कार्यान्वयनको लागि धन्यवाद दिदै कार्यान्वयन हुन बाँकी निर्देशनहरु कार्यान्वयनको लागि आवश्यक पहल गर्न गराउन पूनः निर्देशन दिने ।<br>● बजेट कार्यान्वयनमा प्रमुख चुनौतिको रुपमा रहेको पूँजीगत खर्चको अवस्था अझै पनि निराशाजनक नै रहेको सन्दर्भमा छलफल हुँदा यस सँग सम्वन्धित विषयमा देहाय बमोजिम गर्न गराउन निर्देश गर्नेः<br>क) हालसम्म पनि कतिपय आयोजनामा छुट्टयाइएको बजेट भन्दा कम रकमको अख्तियारी दिएको र सबै अख्तियारी नदिई खण्डिकरण गरेको पाइएकोले आगामी १५ दिन भित्र सम्पूर्ण रकमको अख्तियारी दिने व्यवस्था मिलाउन र स्वीकृत हुन बाँकी कार्यक्रम फाल्गुण १५ सम्म स्वीकृत गर्न गराउन, ठेक्का पट्टाको काम कात्तिक/मंसिर भित्र सक्नु पर्नेमा बाँकी रहेको ठेक्का पट्टाको काम फाल्गुण मसान्त भित्र सम्पन्न गर्न गराउन नेपाल सरकारका मुख्य सचिव मार्फत निर्देशन दिने र सोको जानकारी लेखा समितिलाई गराउने,<br>ख) राष्ट्रिय गौरव लगायतका ठूला आयोजनाको निर्माण मोडालिटी यथाशीघ्र तय हुने गरी पहिलो प्राथमिकतामा राखी कार्य प्रारम्भ गर्न नेपाल सरकार, प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय र अर्थ मन्त्रालयलाई निर्देश गर्ने,<br>ग) निर्माण व्यवसायीको ढिलासुस्ती र गैरजिम्मेवारीपनका कारणले काममा ढिलाई भएकोमा सम्बन्धित निर्माण व्यवसायीलाई आवश्यक कार्वाहि गर्ने र जवाफदेही बनाउने संयन्त्रको विकास गर्ने,<br>घ) आयोजना कार्यान्वयनसंग सम्बन्धित जिम्मेवार पक्षसँग कार्य सम्पादन सम्झौताका आधारमा कार्य सम्पादन मूल्याङ्कन गरी जवाफदेही तुल्याउने पद्धति सबै आयोजनामा लागु गर्ने,<br>ङ) चालु आ.व. मा विनियोजित पूँजीगत खर्च मध्ये जेष्ठ महिना भित्र ८०% खर्च |

| | |
|---|---|
| | गर्ने पर्ने र असार महिनामा कुनै पनि वहानामा २०% भन्दा बढि खर्च नहुने गरी कार्ययोजना बनाई खर्च गर्ने गराउने ,<br><br>● बैदेशिक साहायता परिचालनलाई प्रभावकारी बनाउन शोधभर्ना लगायतका प्रणालीगत, संस्थागत र कार्य पद्धतिगत सुधारमा जोड दिई Absorptive capacity बढाउने ।<br><br>● बैंक तथा वित्तीय संस्थाको तरलता व्यवस्थापनमा हाल देखिएका समस्याहरुलाई समाधान गरी बैंक तथा वित्तीय संस्थाहरुको विश्वसनीयता अभिवृद्धि गर्न नेपाल राष्ट्र बैंकको सुपरीवेक्षकीय र अनुगमन मुल्याङ्कन गर्ने क्षमता अभिवृद्धि गरी र आवश्यक नीतिगत , संस्थागत र प्रणालीगत सुधारको माध्यामबाट तरलताको स्पष्ट मापदण्ड कायम हुने गरी कार्य गर्ने गराउने र बैंक तथा वित्तीय संस्थाहरुले कर्जा लगानी गर्दा उत्पादन र उत्पादकत्व वृद्धि हुने र रोजगारी सिर्जना हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति लिने ।<br><br>● तरलता व्यवस्थापनको सन्दर्भमा सरकारको संचितकोषमा जम्मा भएको रकम खर्च हुन नसक्दा बैंक तथा वित्तीय संस्थामा रकम पुग्न नसकेको , बैंक तथा वित्तीय संस्थाहरुले अक्रामक रुपमा लगानी गरेको, corporate sector को रकम tax मार्फत सरकारले ढुकुटीमा जम्मा भएको र Remittence समेत कम दरमा वृद्धि भएको जस्ता विषयहरु छलफलका क्रममा आएकोले यो समस्या समाधानको लागि नेपाल सरकार अर्थमन्त्रालय र नेपाल राष्ट्र बैंकले स्पष्ट कार्ययोजना बनाई कार्य प्रारम्भ गर्ने र त्यसको प्रगति विवरण हरेक महिना समितिलाई उपलब्ध गराउने ।<br><br>● तोकिएको शिर्षकमा पूँजीगत खर्च नगर्ने, अन्य शिर्षकहरुमा थप बजेट माग गर्ने र रकमान्तर गर्ने प्रवृत्ति बढ्दै गएको देखिएकोले तोकिएको शीर्षकमा खर्च नगर्ने निकायलाई थप बजेट र रकमान्तर नदिने र रकमान्तर गर्नै पर्ने अवस्थामा प्रचलित कानुनको सीमा भित्र रही स्पष्ट मापदण्डको आधारमा गर्ने गराउने ।<br><br>● भुकम्प पिडितहरुको लागि राहात, उद्धार, पूननिर्माण र नवनिर्माणका सम्बन्धमा हालसम्म भएका कामकार्बाही , हालसम्मको बजेट निकासाको अवस्था, खर्च भएको रकम, रकमान्तर, थप बजेट र भावी कार्ययोजनाको सम्बन्धमा जानकारी लिन मिति २०७३।१०।२६ गते विहान ११ बजे समिति कक्षमा बस्ने बैठकमा नेपाल पुननिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतलाई आमन्त्रण गरी छलफल गर्ने । |
| २०७३/१०/२६ | आजको बैठकमा भुकम्प पीडितहरुको राहात, पुनस्थापना र पुनर्निर्माणका काम |

| | |
|---|---|
| | कारवाही सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सँग छलफल हुँदा पुनस्थापना र पुनर्निर्माणको काम सन्तोषजनक नभएको , त्यसमा केही नीतिगत, कानुनी, प्रणालीगत र कार्यपद्धतीगत समस्याहरु रहेको र हालसम्म राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको ५% मात्र पूँजीगत खर्च भएको सन्दर्भमा बैठकले देहायका निर्णय गर्‍यो :<br><br>● हालसम्म पुनस्थापना र पुनर्निर्माणको काम व्यवस्थित रुपमा भएको नदेखिदा यथाशिघ्र तथ्यांक संकलन र सर्बेक्षणको काम सम्पन्न गर्न, पहिलो किस्ताको दिनुपर्ने रकम एकिन गरी १ महिना भित्र वितरण गर्न, दास्रो किस्ताको रकम ३ महिना भित्र वितरण गर्न, आगामी वर्षायाम अगावै पाल मुनी रहेका पीडितहरुलाई सुरक्षित घरमा सार्न र सार्वजनिक पुनर्निर्माण/नवनिर्माणको काम समयबद्ध कार्ययोजना बनाई गर्न आवश्यक नीति, कानून, कार्यपद्धती, प्रक्रिया र काम गर्ने शैलीमा परिवर्तन गरी नतिजामूलक र कार्यमूलक कार्यशैली अवलम्बन गरी पुनस्थापना र पुनर्निर्माणको काम द्रुत गतिमा गरी यसको जानकारी हरेक महिना समितिलाई उपलब्ध गराउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देशन दिने ।<br><br>● पुनर्निर्माण र पुनस्थापना कार्ययोजना २०७३ को समयबद्ध कार्यान्वयन गरी समय-समयमा समितिलाई जानकारी गराउने ।<br><br>● पूँजीगत खर्च कुनै पनि बाहनामा Freeze नहुने गरी कार्यायोजना बनाई खर्च गर्ने ।<br><br>● स्रोत सुनिश्चितताको लागि नेपाल सरकार, प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, अर्थमन्त्रालय, विकास साझेदार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले प्राथमिकताका आधारमा समन्वयात्मक रुपमा कार्य गरी स्रोत सुनिश्चित गर्ने ।<br><br>● स्रोत व्यवस्थापन तर्फ पुनर्निर्माण कोषलाई क्रियाशिल तुल्याई व्यवस्थापन गर्न, आगामी बजेट विनियोजन गर्दा पुनर्निर्माण कोषमा एकमुष्ठ रुपमा विनियोजन गर्न, सहज तरिकाले पीडितले ऋण पाउने अवस्थाको सिर्जना गर्न र आवश्यक जनशक्ति र स्रोतको यथाशिघ्र व्यवस्थापन गर्न नेपाल सरकार मन्त्रिपरिषद, प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय र अर्थ मन्त्रालयलाई निर्देशन दिने ।<br><br>● राष्ट्रिय महत्वका पूरातात्विक सम्पदाहरुको पुनर्निर्माण कार्य गर्नको लागि छुट्टै कार्यविधी तर्जुमा गरी यथाशीघ्र कार्य प्रारम्भ गर्ने ।<br><br>● अखिल नेपाल फुटबल संघमा भएको अनियमितता सम्बन्धमा समितिको मिति २०७१।०६।१२ गतेको बैठकको निर्णय बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान |

| | |
|---|---|
| | आयोगलाई अनुसन्धानको लागि लेखी पठाइएकोमा सो सम्बन्धि कुनै विवरण हालसम्म पनि प्राप्त नभएकोले विवरण उपलब्ध गराउन पुनः लेखी पठाउने ।<br>● अर्को बैठकको मिति पछि तय गर्ने गरी बैठक सम्पन्न भयो । |
| २०७३/११/१७ | ● मिति २०७३/११/११ गतेको बैठकमा काठमाण्डौं निजगढ द्रुतमार्गका हालसम्मका कामकारबाही, वित्तीय र भौतिक प्रगति, शुरुको लागत अनुमान, हालसम्मको खर्च, संसोधित अनुमान, कार्यान्वयन मोडालिटि, श्रोत व्यवस्थापन र भावी कार्ययोजनाका सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका मा.मन्त्री र सचिवसँग छलफल भयो । यस सम्बन्धमा मा. मन्त्रीले मन्त्रालयबाट हालसम्म भएका कामकारबाहीको बारेमा जानकारी गराउँदै राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा गठित यस विषयसँग सम्बन्धित अध्ययन समितिले प्रतिबेदन पेश गरेको र मन्त्रालयले सो प्रतिबेदनलाई आधारमानि कामकारबाहि अगाडी बढाउने योजना रहेको व्यहोरा जानकारी गराउनु भएको थियो । नेपालका राष्ट्रिय गौरवका आयोजनाहरु मध्ये रणनीतिक महत्वको यो आयोजनाको हालसम्मको कामकारवाही र कार्यप्रगति सन्तोषजनक देखिएन ।<br>यस पृष्ठभूमिमा समितिले आजको बैठकबाट देहायका निर्णय गर्‍यो<br>➢ रणनीतिक महत्वको यो राष्ट्रिय गौरवको आयोजनालाई सोही बमोजिम प्राथमिकतामा राखी आ.व. २०७७/०७८ सम्ममा सम्पन्न गर्ने लक्ष्यका साथ कार्ययोजना बनाई कामकारवाही अगाडी बढाउन र चालु आ.व. मा वोलपत्र आह्वान गरी ठेक्का सम्झौता सम्पन्न गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिने ।<br>➢ DPR सम्बन्धी काम कारवाहि चालु आ.व. मै टुङ्गयाउने मुआब्जा सम्बन्धी न्यायोचित मापदण्ड तयार गरी जग्गा अधिग्रहण सम्बन्धी कार्य चालु आ.व. मै सम्पन्न गर्ने ।<br>➢ आयोजनाको संसोधित लागत अनुमान बढ्दै गएको देखिएको ले मितव्ययिता र गुणस्तरको पक्षमा समेत मध्यनजर गरी आयोजना सम्पन्न गर्ने ।<br>➢ नेपाल सरकारले आफै निर्माण गर्ने यो आयोजना समयमा सम्पन्न गर्न आवश्यक श्रोतको व्यवस्थाको लागि नेपाल सरकार, अर्थमन्त्रालयलाई निर्देश गर्ने ।<br>➢ भएका कामकारवाहीको प्रगति विवरण हरेक ३ महिनामा समितिलाई उपलब्ध गराउने ।<br>● उर्जामन्त्रालय अन्तर्गतका जलविद्युत आयोजनासँग सम्बन्धीत विषयमा समितिले |

विगतमा दिएका निर्देशन कार्यान्वयनका सम्बन्धमा जानकारी लिन उपयुक्त समयमा सरोकारवाला पक्षलाई आमन्त्रण गरी छलफल गर्ने ।

- Ncell बाट असुल उपर गर्नुपर्ने पूँजीगत लाभकर निर्धारण र असुल उपर सम्बन्धी कामकारवाहिको प्रगति विवरण अर्थमन्त्रालयसँग माग गर्ने ।
- मेलम्ची खानेपानी आयोजना, सार्वजनिक संस्थानको लगानी र प्रतिफलको अवस्था, ट्राफिक व्यवस्थापनका कार्यक्रम लगायतका विषयमा उपयुक्त समयमा प्राथमिकताको आधारमा सरोकारवाला पक्षसँग छलफल गर्दै जाने ।
- २०७३/११/२० गते बस्ने बैठकमा राष्ट्रिय भूतपूर्व सैनिक संघको जग्गा लिजमा दिने विषयमा छलफल गर्न विहान ११ बजे रक्षा मन्त्रालयका सचिव र नेशनल ट्रेडिङ्ग, लिमिटेडको जग्गा लिजमा दिने विषयमा छलफल गर्न सोही दिन १२ वजे अर्थ मन्त्रालयका सचिव र आपूर्ति मन्त्रालयका सचिवलाई आमन्त्रण गर्ने ।
- नेपाल वायुसेवा निगमका कामकारवाहि, आय, व्यय र व्यवसायिक योजनाको वारेमा जानकारी लिन मिति २०७३/११/२२ गते विहान ११ वजे बस्ने बैठकमा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका मा.मन्त्री, सचिव र नेपाल वायुसेवा निगमका कार्यकारी अधिकृतलाई आमन्त्रण गरी छलफल गर्ने ।
- समितिमा मनोनित हुनुभएका थप मा. सदस्यहरुलाई बेरुजु छलफल उपसमितिको जिम्मेवारी तोकि उपसमितिहरुलाई देहाय बमोजिम पूर्णता दिने निर्णय गरियो ।

**बेरुजु छलफल उपसमितिहरु :**

| क्र.सं. | मन्त्रालय/निकाय/सचिवालय | सदस्यहरुको नाम |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय<br>अर्थ मन्त्रालय<br>कानुन,न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>राष्ट्रपतिको कार्यालय | टेकबहादुर बस्नेत (संयोजक)<br>अमृतलाल राजवंशी<br>ऋषिकेश पोखरेल<br>डिम्पलकुमारी झा<br>भरतकुमार शाह |
| २ | उद्योग मन्त्रालय<br>परराष्ट्र मन्त्रालय<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>राष्ट्रिय योजना आयोगको सचिवालय | उषा गुरुङ्ग (संयोजक)<br>राधाकृष्ण कँडेल<br>रुपा महर्जन<br>ध्रुव वाग्ले<br>विष्णु पौडेल |
| ३ | कृषि विकास मन्त्रालय<br>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>युवा तथा खेलकुद् मन्त्रालय<br>लोकसेवा आयोग | भाष्कर भद्रा (संयोजक)<br>भुपेन्द्र थेबे<br>हरिबोल गजुरेल<br>विकास लम्साल<br>धनराज गुरुङ्ग |

| | | |
|---|---|---|
| ४ | गृह मन्त्रालय<br>महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>रक्षा मन्त्रालय<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोग | योगेन्द्र तामाङ्ग घिसिङ्ग (संयोजक)<br>पार्वती डि.सी. चौधरी<br>भरत साउद<br>एकनाथ ढकाल<br>महिन्द्रराय यादव |
| ५ | उर्जा मन्त्रालय<br>सिंचाई मन्त्रालय<br>वन तथा भू-संरक्षण मन्त्रालय | अत्तर कमाल मुसल्मान(संयोजक)<br>कृष्ण धिताल<br>शत्रुघन महतो<br>आनन्द प्रसाद पोखेल<br>सर्वेन्द्रनाथ शुक्ला |
| ६ | सर्वोच्च अदालत<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सहकारी तथा गरिबी निवारण मन्त्रालय<br>उपराष्ट्रपतिको कार्यालय | राजकुमार गुप्ता (संयोजक)<br>मोहनबहादुर बस्नेत<br>हरिचरण शाह<br>देवकरण प्रसाद जयसवाल |
| ७ | संविधानसभा/व्यवस्थापिका-संसद<br>शिक्षा मन्त्रालय<br>सामान्य प्रशासन मन्त्रालय<br>महालेखा परिक्षकको कार्यालय | पशुपति चौलागाई (संयोजक)<br>हरिप्रसाद नेपाल<br>योगेन्द्र चौधरी<br>लालेन्द्र कुमार मण्डल |
| ८ | निर्वाचन आयोग<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>श्रम तथा रोजगार मन्त्रालय<br>महान्यायधिवक्ताको कार्यालय | विरेन्द्र प्रसाद महतो (संयोजक)<br>ज्ञानेन्द्र बहादुर कार्की<br>कृष्णकुमार राई<br>मिनेन्द्र रिजाल<br>डिलबहादुर नेपाली |
| ९ | वातावरण, विज्ञान प्रविधी मन्त्रालय<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>सहरी विकास मन्त्रालय<br>राष्ट्रिय सतर्कता केन्द्र<br>राष्ट्रिय मानव अधिकार आयोग | रामहरी खतिवडा (संयोजक)<br>राजेन्द्रकुमार के.सी.<br>भानुभक्त ढकाल<br>दिनेश श्रेष्ठ<br>ममता गिरी |
| १० | भूमीसुधार तथा व्यवस्था मन्त्रालय<br>शान्ति तथा पुन निर्माण मन्त्रालय<br>सूचना तथा संचार मन्त्रालय<br>न्याय परिषद् | मीना पुन (संयोजक)<br>वादशाह कुर्मी<br>गोकर्ण बिष्ट<br>मन्जु कुमारी चौधरी<br>निर्जला राउत |

**नेपाल टेलिभिजनमा भएको अनियमितता सम्बन्धि छानबिन उपसमिति**

मा. श्री योगेन्द्र चौधरी (संयोजक)
मा. श्री रुपा महर्जन

| | |
|---|---|
| | मा. श्री विकास लम्साल<br>मा. श्री मोहन बस्नेत<br>मा. श्री पार्वती डि.सी. चौधरी<br>**जलविद्युत नीति र विद्युत खरिद सम्झौता सम्बन्धमा अध्ययन गर्न गठित उपसमिति**<br>मा. श्री विकास लम्साल (संयोजक)<br>मा. श्री भास्कर भद्रा<br>मा. श्री मीना पुन<br>मा. श्री मोहन बहादुर बस्नेत<br>मा. श्री रुपा महर्जन<br>मा. श्री सर्वेन्द्र नाथ शुक्ला<br>**लुथ्रान्सद्धारा भूकम्प पिडितलाई भएको सहयोग सम्बन्धी उजुरी उपर छानविन गर्न गठित उपसमिति**<br>मा. श्री उषा गुरुङ्ग (संयोजक)<br>मा. श्री डा. डिम्पल कुमारी झा<br>मा. श्री मिना पुन<br>मा. श्री लालेन्द्र कुमार मण्डल<br>मा. श्री भरत साउँद |
| २०७३/११/२० | आजको बैठकमा राष्ट्रिय भूतपूर्व सैनिक संघको ललितपूर स्थित जग्गा व्यापारिक प्रयोजनको लागि भाडा (Lease) मा दिने सम्बन्धमा रक्षा मन्त्रालयका सचिवसँग भएको छलफल तथा नेशनल ट्रेडिङ्ग लि. को जग्गा भाडा (Lease) मा दिने सम्बन्धमा अर्थ मन्त्रालयका सचिव र आपूर्ति मन्त्रालयका सचिवसँग भएको छलफलको आधारमा देहायको निर्णय भयो:<br>● राष्ट्रिय भूतपूर्व सैनिक संघको आफ्नो स्वामित्वमा रहेको १० रोपनी जग्गाको सन्दर्भमा के गर्न उपयुक्त हुने हो, प्रचलित कानुन र भावि कार्ययोजना बनाई आवश्यक निर्णय गर्न/गराउन रक्षा मन्त्रालयलाई निर्देशन दिने ।<br>● सरकारको तर्फबाट भोगाधिकारको लागि उपलब्ध गराएको ७ रोपनी १० आना जग्गाको हकमा व्यापारिक प्रयोजनका लागि भौतिक संरचना बनाई प्रयोग नगर्न नगराउन समेत रक्षा मन्त्रालयलाई निर्देशन दिने ।<br>● नेशनल ट्रेडिङ्ग लि. को जग्गा भाडा (Lease) मा दिन Infinity Infrastructure सँग भएको सम्झौता रद्द भएको जानकारी आपूर्ति मन्त्रालयका सचिवबाट प्राप्त भएकोले सो सम्बन्धमा विगतमा विभिन्न चरणमा भएका सम्झौता र जिम्मेवार व्यक्तिहरुको विवरण समितिलाई उपलब्ध गराउन आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।<br>● उक्त जग्गा लिजमा दिने तत्कालिन सञ्चालक समितिका जिम्मेबार पदाधिकारिहरुलाई लिजमा दिनुपर्नाका कारण र आधारको बारेमा जानकारी दिन |

| | |
|---|---|
| | समितिको बैठकमा आमन्त्रण गर्ने ।<br>● उक्त जग्गा नेपाल सरकारको स्वामित्वमा रहने गरी विक्रि गर्न सक्ने तर नेपाल सरकार वाहेक अन्य व्यक्ति वा संघ संस्थालाई विक्रि नगर्न र लिजमा नदिन मन्त्रालयलाई निर्देशन दिने ।<br>● National Trading लि.का नाममा रहेका सम्पूर्ण सम्पत्तिको उपयोग अवस्था र दायित्वको एकिन गरी विवरण उपलब्ध गराउन  मन्त्रालयलाई निर्देशन दिने ।<br>● National Trading लि. लाई Liquidation मा लग्ने वा अन्य कुन Modality अपनाउदा यस प्रतिको राज्यको दायित्व कम हुन सक्छ, अध्ययन गरी आवश्यक कार्ययोजना पेश गर्न  अर्थ मन्त्रालय र आपूर्ति मन्त्रालयलाई निर्देशन दिने । |
| २०७३/११/२२ | आजको बैठकमा नेपाल वायुसेवा निगमका काम कारबाहि, आय, व्यय र व्यवसायिक योजनाको  सम्बन्धमा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका मा.मन्त्री, सचिव र नेपाल वायुसेवा निगमका कार्यकारी अधिकृतसँग भएको छलफलको आधारमा देहायको निर्णय भयो:<br>● नेपाल वायुसेवा निगमबाट २ वटा Wide Body जहाज खरिद गर्न लागेको सन्दर्भमा यस प्रक्रियामा अनियमितता भएको भनी समितिमा प्राप्त उजुरी/निबेदनमा उल्लेखित विषयबस्तु समेत समेटेर जवाफ पेश गर्न समिति सचिवालयबाट पत्राचार भएकोमा सो जवाफ लिखितरुपमा प्राप्त नभएकोले छलफलको क्रममा उठेका विषयबस्तु समेत समेटिने गरी ५ दिन भित्र जवाफ पेश गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने र जवाफ प्राप्त भएपछि अनियमितता भए नभएको एकिन गर्न आवश्यकता अनुसार अर्को बैठक बस्ने ।<br>● छलफलको क्रममा NAC बाट Financial Aspects समेटेको व्यवसायिक योजना पेश भएको तर जहाज खरिद पछिको सञ्चालन योजना, जनशक्ति योजना लगायतका भावी कार्ययोजना पेश नभएकोले विश्वासिलो विस्तृत कार्ययोजना एक महिना भित्र पेश गर्न निर्देशन दिने ।<br>● मित्र राष्ट्र चिनबाट खरिद गरिएको भनिएको Chinese जहाजको खरिद मूल्य र उपयोगको अवस्थाको बारेमा समेत समितिलाई लिखितरुपमा जानकारी गराउन निर्देशन दिने ।<br>● NAC मा Strategic Partner ल्याउने सरकारको नीति तथा कार्यक्रम रहेको सन्दर्भ कार्यान्वयनमा गएको नदेखिएकोले Strategic Partner भित्र्याउने कार्य ३ महिना भित्र सम्पन्न गरि समितिलाई जानकारी दिन निर्देशन दिने । |
| २०७३/१२/०३ | ● Ncell को शेयर हस्तान्तरणमा लाग्ने पूँजीगत लाभकर निर्धारण र असुल उपर |

| | |
|---|---|
| | सम्बन्धमा छलफल गर्न सम्माननीय प्रधानमन्त्रीज्यूलाई आगामी बैठकमा आमन्त्रण गर्ने । |
| २०७३/१२/०६ | आजको बैठकमा नलसिङ गाड जलविद्युत आयोजना विकास समितिको नलसिङ गाड जलविद्युत (४१० मे. वा.) को सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग, सर्वेक्षण, डिजाइन तथा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको परामर्शदाता छनौटका सम्बन्धमा उक्त विकास समितिका कार्यकारी प्रमुखसँग छलफल भई देहायको निर्णय भयो:<br>● परामर्शदाता छनौटमा परामर्शदाताहरुको प्राविधिक र आर्थिक मुल्याङ्कनका आधार र छनौट प्रक्रियाका सम्बन्धमा छानविन गरी अनियमितता भए नभएको प्रतिबेदन पेश गर्ने एक उपसमिति गठन गर्ने । |
| २०७३/१२/२२ | आजको बैठकमा मेलम्ची खानेपानी आयोजनाको हालसम्मको कामकारबाही, सुरुको लागत अनुमान, संसोधित लागत, हालसम्मको खर्च, सम्पन्न हुने अवधि, यसले वातवरणीय एवं सामाजिक क्षेत्रमा पारेको प्रभाव र भावी कार्ययोजनाका बारेमा जानकारी लिन आमन्त्रण गरिनुभएका खानेपानी तथा सरसफाई मन्त्रालयका सचिव र आयोजनाका प्रमुख सँग छलफल भई देहायका निर्णय भयो:<br>● आयोजनाको भौतिक र वित्तीय प्रगति अपेक्षित रुपमा सन्तोषजनक नदेखिएकोले यसलाई आगामी दशैं सम्म कार्यसम्पन्न गर्न Head works र Tunnel निर्माण लगायतका कार्यको कार्ययोजना बनाई व्यवस्थापकीय सुधार गर्दै काम गर्न र सो को प्रगति विवरण हरेक महिना समितिलाई उपलब्ध गराउन खानेपानी तथा सरसफाई मन्त्रालय र मेलम्ची खानेपानी आयोजनालाई निर्देशन दिने ।<br>● आयोजनाको संसोधित समय र लागतको अवस्था, समय र लागत बढ्नुका कारण, जिम्मेवार पक्ष, Head Works को करिव रु ५८ करोड लगायतको variation र Exclanation वापतका रकमहरु, ठेकेदारका दावीहरु, भुक्तानी भएका र हुन बाँकी रकमहरुको विस्तृत विवरण १ हप्ता भित्र समितिलाई उपलब्ध गराउन निर्देशन दिने ।<br>● विवरणहरु प्राप्त भैसकेपछि समितिबाट उपयुक्त समयमा आयोजनाको स्थलगत अवलोकन गरी अवश्यक निर्णय लिने । |
| २०७३/१२/२७ | आजको बैठकमा Ncell को Share हस्तान्तरणमा लाग्ने पूँजीगत लाभकर निर्धारण र असुल उपर सम्बन्धमा हालसम्म भएका कामकारवाहिका सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट समितिलाई जानकारी प्राप्त भयो । यस विषयमा सम्माननीय |

| | |
|---|---|
| | प्रधानमन्त्रीज्यूबाट पूँजीगत लाभकर असुल उपर गर्ने निर्णयमा कुनै सम्झौता हुन नसक्ने र यथाशीघ्र कानुन बमोजिम कर असुल उपर गरिने प्रतिबद्धता समिति समक्ष व्यक्त गर्नुभयो । सम्माननीय प्रधानमन्त्रीज्यूलाई समितिको तर्फबाट धन्याबाद ज्ञापन गर्दै समितिको आजको बैठकले देहायका निर्णय गऱ्यो :<br>● आयकर कानुन बमोजिम लाग्ने कर निर्धारण र असुल उपर गर्नुपर्ने दायित्व अर्थमन्त्रालय र अन्तरगतका निकायको भएको र विगतमा अर्थमन्त्रालय र अन्तरगतका पदाधिकारीहरुसँग छलफल भई आवश्यक निर्देशन भइसकेको सन्दर्भमासमितिको मिति २०७३/१०/०२ गते बसेको बैठकबाट अर्थ मन्त्रालयलाई आयकर ऐन, २०५८ को प्रावधान बमोजिम Ncell को Share हस्तान्तरणमा लाग्ने पूँजीगत लाभकर निर्धारण गरी कार्ययोजना बनाई आगामी ३ महिना भित्र असुल उपर गर्न दिएको निर्देशनको पुनः स्मरण गराउँदै बाँकी अवधिभित्र कर निर्धारण गरी असुल उपर गर्न निर्देशन दिने ।<br>● विगत देखि हालसम्म भएको Ncell को Share खरिद विक्रिमा लाग्ने कर असुल उपर नगर्ने निकाय एवम् जिम्मेवार प्रमुखको सन्दर्भमा समेत अनुसन्धान र छानबिन गरी समितिलाई आवश्यक जानकारी गराउन विगतमा समेत अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई बारम्बार लेखी पठाएकोमा हालसम्म कुनै जानकारी नआएकोले यथाशिघ्र छानविन गरी जिम्मेवार पक्षलाई कारबाही गरी समितिलाई जानकारी गराउन पुनः लेखी पठाउने । |

## महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३।१२।१३ | १. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ उपर दफावार छलफल गरी प्रतिवेदन पेश गर्न गठित कार्यदलले समिति समक्ष प्रतिवेदन पेश गऱ्यो र सो प्रतिवेदनमाथि विस्तृत छलफल भई समितिको आगामी बैठकमा परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।<br>२. समितिको २०७३ चैत्र १५ गते बस्ने बैठकमा पशुपति होमियोप्याथिक चिकित्सालयले भोग्नु परेका समस्याका बारेमा छलफल गर्न माननीय स्वास्थ्य मन्त्री र स्वास्थ्य सचिवलाई आमन्त्रण गर्ने निर्णय गरियो ।<br>३. समितिमा प्राप्त विधेयकहरुको काम कारवाही के कसरी प्रभावकारी ढंगले अगाडि |

| | |
|---|---|
| | बढाउने भन्ने विषयमा व्यापक छलफल भयो ।<br>४.व्यवस्थापिका-संसदको निर्णयानुसार यस समितिमा दफावार छलफलका लागि प्राप्त भएका विधेयकहरुलाई के कसरी र कुन प्रक्रियाबाट छलफल अगाडि बढाउने भन्ने सम्बन्धमा व्यापक छलपल गरियो ।<br>५. यस समितिको क्षेत्राधिकार भित्र पर्ने मन्त्रालयहरु तथा आयोगले आगामी आ.ब.२०७४/०७५ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा के कस्ता नीति तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्न खोजिएको छ । सो सम्बन्धमा समितिले जानकारी लिने निर्णय गऱ्यो ।<br>६. यस समितिले देहायको शोक प्रस्ताव पारित गऱ्यो :-<br>*“व्यवस्थपिका-संसदका श्री दुलारी देवीको सवारी दुर्घटनामा परी ललितपुरको बि एण्ड बि अस्पतालमा उपचारकै क्रममा मिति २०७३ साल चैत्र १० गतेका दिन असामयिक निधन भएको हुँदा उहाँको मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति समिति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ ।”*<br>७. समितिको आगामी बैठक २०७३ चैत्र १५ गते मंगलबार मंगलबार विहान १०:३० बजे बस्ने गरी स्थगित भयो । |
| २०७३।१२।१५ | १. यसै विषयमा समितिले नेपालकै एक मात्र ऐतिहासिक पशुपति होमियोप्याथिक चिकित्सालयले जनतालाई दिदैं आएको सेवा र सुविधालाई ध्यानमा राख्दै यसलाई हटाउने होइन अझैं स्तरोन्नती र सेवा विस्तारमा लैजानु पर्छ भनी निम्न निर्देशन दिने निर्णय गऱ्यो :<br>(क) स्वास्थ्य मन्त्रालयले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसंग समन्वय गरी पशुपति होमियोप्याथिक चिकित्सालयले जनतालाई दिंदै आएको सेवा र सुविधाको महत्वलाई ध्यानमा राखी सोही स्थानमा निरन्तर सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउन समिति निर्देश गर्दछ ।<br>(ख) हाल देशभर सञ्चालनमा रहेका आयुर्वेदिक औषधालयसंग समन्वय गर्दै पशुपति होमियोप्याथिक चिकित्सालयले दिदै आएका सेवाहरु पनि आगामी आ.ब. देखि सञ्चालन गर्ने व्यवस्था मिलाउन समिति स्वास्थ्य मन्त्रालयलाई निर्देश गर्दछ ।<br>(ग) लिङ्ग पहिचान पश्चात गर्भ पतन गर्ने, गराउने व्यक्ति वा संस्थालाई कानुनमा व्यवस्था भए बमोजिमको कारवाही हुनेछ भन्ने साइनबोर्ड सवै निजी र सरकारी स्वास्थ्य संस्थाहरुमा राख्ने व्यवस्था मिलाउन समिति |

| | |
|---|---|
| | स्वास्थ्य मन्त्रालयलाई निर्देश गर्दछ ।<br>२. बैंठकले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक कार्यदलको प्रतिवेदनलाई परिमार्जन सहित पारित गर्ने गऱ्यो ।<br>३. विधेयक, २०७३ का सम्बन्धमा शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, विज्ञ र सरोकावालाहरु समेत राखी मिति २०७३ चैत्र १८ गते छलफल गर्ने निर्णय गरियो ।<br>४. समितिको अर्को बैठक अर्को सूचना भएपछि बस्ने गरी स्थगित भयो । |

## अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३/१०/०७ | श्रम सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ माथि दफावार छलफल गरी समिति समक्ष प्रतिवेदन पेश गर्नको लागि समितिका माननीय सभापति प्रभु साहको नेतृत्वमा देहाय बमोजिम नौ सदस्यीय कार्यदल गठन गरियो ।<br>१. मा. सभापति श्री प्रभु साह<br>२. मा. श्री अशोक कुमार मण्डल<br>३. मा. श्री चुडामणी वि.क. जंगली<br>४. मा. श्री दुर्गा पौडेल<br>५. मा. श्री पुष्कर आचार्य<br>६. मा. श्री प्रभादेवी बज्राचार्य<br>७. मा. श्री भरत बहादुर खड्का<br>८. मा. श्री राधादेवी तिमिल्सिना<br>९. मा.श्री कमलादेवी शर्मा |
| २०७३/१०/१३ | सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७२ माथि दफावार छलफल गरी समिति समक्ष प्रतिवेदन पेश गर्नको लागि समितिका माननीय सभापतिको नेतृत्वमा देहाय बमोजिम नौ सदस्यीय कार्यदल गठन गरियो :-<br>१. मा. सभापति श्री प्रभु साह<br>२. मा. श्री अशोक कुमार मण्डल<br>३. मा. श्री कमलादेवी शर्मा<br>४. मा. श्री चुडामणी वि.क. जंगली<br>५. मा. श्री दुर्गा पौडेल |

| | |
|---|---|
| | ६. मा. श्री पुष्कर आचार्य<br>७. मा. श्री प्रभादेवी बज्राचार्य<br>८. मा. श्री भरत बहादुर खड्का<br>९. मा. श्री राधादेवी तिमिल्सिना |
| २०७३/१०/१८ | समितिको आजको बैठकमा माननीय परारष्ट्र मन्त्री तथा परराष्ट्र मन्त्रालयका सचिवले नेपाल सरकारले नेपालको परराष्ट्र सम्बन्ध संचालनका सम्बन्धमा सरकारबाट भएका कार्यहरु "**राजदूत नियुक्तिमा भइरहेको ढिलाईका सम्बन्धमा र विभिन्न मुलुकहरुमा नियुक्त गरिएका अवैतनिक दूतहरुको अवस्था र कार्यप्रगति सम्बन्धमा**" संक्षेपमा जानकारी गराउनु भयो । उक्त विषयमा माननीय सदस्यहरुले आ-आफ्ना धारणा राख्नु भयो । मा. सदस्यहरुद्वारा व्यक्त विषयवस्तुहरुका सम्बन्धमा माननीय परराष्ट्र मन्त्री एवं सचिवको जवाफ पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br>१. विदेशस्थित कतिपय नेपाली राजदूतावासहरुमा राजदूत नियुक्त हुन नसकी नेपालको कुटनीतिक भूमिका कमजोर भइरहेको सन्दर्भमा नेपालको कुटनीतिक भूमिकालाई सशक्त र प्रभावकारी बनाउनका लागि राजदूत खाली भएका मुलुकहरुमा तुरुन्त राजदूत नियुक्त गर्न नेपाल सरकार, परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने ।<br>२. विभिन्न मुलुकहरुमा रहेका अवैतनिक वाणिज्य दूतहरुको भूमिका कतिपय स्थानमा निष्क्रियप्रायः रहेको, कतिपय मुलुकमा वाणिज्य दूतको स्थान खाली रहेको र कतिपय मुलुकमा नयाँ नियुक्तिको आवश्यकता अनुभव गरिएको पाइएकोले निष्क्रिय रहेकालाई सक्रिय गराउन, खाली रहेको स्थानमा आवश्यकताको पहिचान गरी नियुक्त गर्न साथै अवैतनिक वाणिज्य दूत नियुक्त गर्दा अवैतनिक वाणिज्य दूत नियमावली, २०३९ मा तोकिएका मापदण्डको अक्षरशः पालना गरी नियुक्त गर्न र नियुक्त भएका अवैतनिक वाणिज्य दूतहरुले गरेका कार्यहरुको प्रत्येक वर्ष वस्तुगत मूल्याङ्कन गरी प्रभावकारी तरिकाले काम गर्न नसक्ने व्यक्तिको कार्यावधि नथप्न तथा देशको आवश्यकताको आधारमा मात्र अवैतनिक वाणिज्य दूत राख्ने वा नराख्ने निर्क्यौल गर्न नेपाल सरकार, परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने । |
| २०७३/११/११ | समितिको आजको बैठकमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री, निमित्त सचिव, अर्थ मन्त्रालयका सहसचिव एवं नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक लगायतले कार्यक्रम संशोधन र बजेट रकमान्तर सम्बन्धमा साथै आन्तरिक हवाई उडान समय तालिका निर्धारण र त्यसको पालना सम्बन्धमा वस्तुस्थिति जानकारी गराउनु भयो । उक्त विषयमा माननीय सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भयो । मा. सदस्यहरुद्वारा व्यक्त विषयवस्तुहरुका सम्बन्धमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रीको जवाफ पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br>१. समय तालिका बमोजिम हवाई उडान नहुँदा यात्रुमा परेको समस्या र जनगुनासोलाई दृष्टिगत गरी उडान समय तालिकालाई प्रत्येक तीन/तीन |

| | |
|---|---|
| | महिनामा पुनरावलोकन गरी मानवीय कारणबाट हवाई उडानमा ढिलाई हुन नदिन आवश्यक व्यवस्था गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने ।<br>२. कार्यक्रम संशोधन र बजेट रकमान्तर गर्दा प्रचलित कानून, निर्दिष्ट कार्यविधि, औचित्यता, कार्यक्रमको प्राथमिकता समेतका कुराहरुलाई ध्यान दिए, नदिएको, स्वीकृत कार्यक्रमको कार्यान्वयनमा अप्ठ्यारो परेको कारण दर्शाई कार्यक्रम संशोधन एवं बजेट रकमान्तर गरेकोमा त्यस्ता कार्यक्रमहरुको कार्यान्वयनको लागि यथेष्ट प्रयत्न गरे, नगरेको एवं के कस्ता कार्यक्रमहरुमा संशोधन गरी के कति रकम रकमान्तर गरिएको छ, सोको विस्तृत अध्ययन गरी समिति समक्ष प्रतिवेदन पेश गर्न साथै राष्ट्रिय गौरव समेतका आयोजनाहरु लगायत संस्कृति, पर्यटनको पूर्वाधारका स्थानहरुको स्थलगत अनुगमन निरीक्षण भ्रमणका लागि माननीय सभापतिको संयोजकत्वमा देहाय बमोजिम १५ सदस्यीय कार्यदल गठन गर्ने :-<br>१. मा. सभापति प्रभु साह - संयोजक<br>२. मा. अञ्जनी श्रेष्ठ<br>३. मा. अशोक कुमार मण्डल<br>४. मा. केशरी घर्ती मगर<br>५. मा. चुडामणी वि.क. जंगली<br>६. मा. जितेन्द्र नारायण देव<br>७. मा. नारायणमान विजुक्छे<br>८. मा. पुष्कर आचार्य<br>९. मा. प्रभा देवी बज्राचार्य<br>१०. मा. प्रेम किसोर प्रसाद साह तेली<br>११. मा. भरत वहादुर खड्का<br>१२. मा. माधव कुमार नेपाल<br>१३. मा. डा. राजन भट्टराई<br>१४. मा. राज्यलक्ष्मी श्रेष्ठ (नुवाकोट)<br>१५. मा. राधादेवी तिमिल्सिना |
| २०७३/१२/१७ | १. समितिको आजको बैठकमा समितिका माननीय सभापति प्रभु साहद्वारा खाडी मुलुक साउदी अरव, कतार, कुवेत र यू.ए.ई. को स्थलगत अनुगमन उपसमितिद्वारा स्थलगत भ्रमणको क्रममा भए गरेका क्रियाकलापहरु र अनुभूतिहरुको जानकारी गराउनुका साथै प्रेस विज्ञप्ती वितरण गरियो ।<br><br>२. **श्रम सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२** उपर छलफल गरी समिति समक्ष प्रतिवेदन पेश गर्न गठित कार्यदलको तर्फबाट कार्यदलका सदस्य मा. भरतबहादुर खड्काले कार्यदलको प्रतिवेदन पेश गर्नुभयो । सो प्रतिवेदन उपर आमन्त्रित श्रम तथा रोजगार मन्त्रालयका सचिव र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिले जानकारी गराउनु भयो । प्रतिवेदन उपर माननीय |

| | |
|---|---|
| | सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भयो । |
| २०७३/१२/२० | समितिको आजको बैठकमा माननीय परराष्ट्र मन्त्री, श्रम तथा रोजगार मन्त्री, गृह राज्यमन्त्री, परराष्ट्र सचिव, श्रम तथा रोजगार सचिव, गृह सचिव, वैदेशिक रोजगार विभागका महानिर्देशक लगायतले वैदेशिक रोजगारीको आवरणमा सङ्गठित रुपमा भैरहेको मानव तस्करी सम्बन्धमा जानकारी गराउनु भयो । उक्त विषयमा माननीय सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भयो । मा. सदस्यहरुद्वारा व्यक्त विषयवस्तुहरुका सम्बन्धमा माननीय मन्त्री एवं सचिवहरुको जवाफ पश्चात् देहाय बमोजिम निर्णय भयो :-<br>१. सम्बन्धित मुलुकले घरेलु कामदार सम्बन्धी ठोस कानून नबनाउँदासम्म र नेपालसंग द्विपक्षीय श्रम सम्झौता नगर्दासम्म खाडी मुलुकमा नेपाली घरेलु कामदार पठाउने कार्य पूर्णतः बन्द गर्न नेपाल सरकार, मन्त्रिपरिषद्लाई निर्देशन दिने ।<br>२. खाडी मुलुकमा अलपत्र अवस्थामा रहेका र समस्यामा परेका नेपाली कामदारहरुलाई तुरुन्त स्वदेश फर्काउन उच्चस्तरबाट पहल गर्न नेपाल सरकार, परराष्ट्र मन्त्रालय र श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>३. मानव तस्करीमा संलग्न नेपालबाहिर रहेका नेपालीहरुको पहिचान गरी उनीहरुलाई सम्बन्धित देशबाट देश निकाला (Depot) गराई नेपाल ल्याएर कानून बमोजिम कारवाही गर्ने । त्यस्तो कार्यमा संलग्न विदेशी नागरिकलाई सम्बन्धित देशको कानून अनुसार कारवाही गराउन ठोस कुटनीतिक पहल गर्न नेपाल सरकार, परराष्ट्र मन्त्रालय र गृह मन्त्रालयलाई निर्देशन दिने ।<br>४. नेपाल सरकारले खाडी मुलुकमा नेपाली महिला कामदार पठाउन प्रतिबन्ध लगाएको मितिदेखि हालसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय प्रमुख रहेका व्यक्तिहरु हाल जुनसुकै जिम्मेवारीमा रहेको भए तापनि निलम्बन गरी निजहरुको पालामा भएका अवैध कार्यहरुको छानबिन गरी कानूनी कारवाही गर्न नेपाल सरकार, मन्त्रिपरषद्  प्रधानमन्त्री तथा मन्त्रिपरषद्को कार्यालय र गृह मन्त्रालयलाई निर्देशन दिने ।<br>५. खाडी मुलुकमा बेरोकटोक नेपाली महिलाहरुको तस्करी भइरहेको विषयमा त्यहाँ रहेका नेपाली राजदूतावासहरुले परराष्ट्र मन्त्रालयमा पटक पटक जानकारी गराउँदा पनि उक्त जघन्य अपराध रोक्न कुनै पहल नगरेको वा त्यसमा संलग्न नेपाली र विदेशी एजेण्टहरुलाई कारवाही गर्न कुनै चासो नदेखाएको, साथै खाडी मुलुकमा रहेका नेपाली नियोगहरुले वैदेशिक रोजगारीमा घरेलु कामदार पठाउने निर्देशिका, २०७२ कार्यान्वयन गर्न नसकिने जानकारी गराउँदा गराउँदै पनि संगठित मानव तस्करीलाई कानूनी जामा (Cover) प्रदान गर्न ती नियोगहरुले दिएका सुझावहरु पुरै बेवास्ता गरी दलाल र विचौलियाहरुको आर्थिक प्रभावमा परी उक्त निर्देशिका जवरजस्ती कार्यान्वयन गर्न गराउन खाडी मुलुकका नेपाली नियोगहरुलाई बारम्बार दबाब दिएकोले नेपाल सरकारका परराष्ट्र मन्त्री लगायत निर्णय प्रक्रियामा संलग्न पदाधिकारीहरुलाई छानबिन गरी कडा कारवाही गर्न नेपाल सरकार, |

| | |
|---|---|
| | मन्त्रिपरिषद् र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने ।<br>६ वैदेशिक रोजगारीमा देखिएका समस्याहरुको निरन्तर पहिचान र समाधान गर्न नेपाल सरकारका परराष्ट्र मन्त्रालय गृह मन्त्रालय र श्रम तथा रोजगार मन्त्रालय सहितको संयुक्त स्थायी संयन्त्र तुरुन्त गठन गरी कार्य प्रारम्भ गर्न नेपाल सरकार, मन्त्रिपरिषद्लाई निर्देशन दिने । |
| २०७३/१२/२१ | समितिको आजको बैठकमा श्रम सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ माथि दफावार छलफल गरी समितिमा प्रतिवेदन पेश गर्न गठित कार्यदलले तयार गरेको प्रतिवेदन उपर बुँदागत छलफल भयो । बैठकमा श्रम तथा रोजगार मन्त्रालयका सचिव एवं कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।<br>श्रम सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ माथि दफावार छलफल गरी प्रतिवेदन पेश गर्न गठित कार्यदलले समितिमा पेश गरेको प्रतिवेदनलाई परिमार्जन सहित संलग्न बमोजिम व्यवस्थापिका-संसदमा पेश गर्ने गरी पारित गऱ्यो । |
| २०७३/१२/३१ | समितिको आजको बैठकमा "वैदेशिक रोजगार कम्पनीहरुको नियमन र व्यवस्थापन" र "क्यासिनोबाट उठ्न बाँकी राजश्व लगायतका" सम्वन्धमा श्रम तथा रोजगार मन्त्रालयका सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका निमित्त सचिव र वैदेशिक रोजगार विभागका महानिर्देशकको सहभागिता भएको छलफलबाट देहाय वमोजिम निर्णय गऱ्यो :<br>१. वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीहरुको अनुगमन तथा नियमन राम्रोसंग गर्न नसकिरहेको अवस्थामा समेत चालु आर्थिक वर्षमा मात्र एकसयभन्दा बढी म्यानपावर कम्पनीहरुलाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत दिएको देखिएको र त्यसरी इजाजत दिंदा अदालतको अन्तरिम आदेश, फैसला तथा मन्त्रालयको पत्र समेतका आधारमा इजाजत दिएको भनी वैदेशिक रोजगार विभागबाट विवरण प्राप्त भएकोले वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित गर्न श्रम तथा रोजगार मन्त्रालयलाई निम्नानुसारको निर्देशन दिने :<br>क) वैदेशिक रोजगारीमा बढ्दो ठगीलाई नियन्त्रण गर्ने कार्यमा वैदेशिक रोजगार विभागले प्रभावकारी ढंगमा कार्य गरेको नदेखिएकोले ठगी नियन्त्रणको योजना बनाई प्रभावकारी ढंगले कार्य गर्न वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिरहेका कम्पनीहरुको प्रभावकारी अनुगमन गरी गैरकानूनी क्रियाकलापमा संलग्न म्यानपावर कम्पनीहरुलाई कारवाही समेत गरी सो सम्बन्धी प्रतिवेदन ३(तीन) महिनाभित्र समितिमा पठाउने ।<br>ख) वैदेशिक रोजगार ऐनको नयाँ मस्यौदा भैरहेको, संघीय संरचना अनुसार वैदेशिक रोजगार व्यवसायको नियमन तथा अनुगमन कसरी हुने भन्ने यकीन भैनसकेको र हाल विद्यमान वैदेशिक रोजगार विभागले भैरहेका म्यानपावर कम्पनीहरुलाई व्यवस्थित गर्न नसकिरहेको अवस्थामा नयाँ म्यानपावर कम्पनीहरुलाई वैदेशिक |

| | |
|---|---|
| | रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत नदिने ।<br>ग) चालू आ.व.मा अदालतको अन्तिम फैसलाबाट दर्ता भएका म्यानपावर कम्पनी बाहेक अन्य म्यानपावर कम्पनीहरुको हकमा अदालतको आदेशको पुनरावलोकनको लागि निवेदन दिन र अदालतको अन्तिम फैसला नआउँदासम्म अन्तरिम आदेशबाट दर्ता भएका कम्पनीहरुको कारोवार र कामकारवाही रोक्का राख्न निर्देशन दिने ।<br>घ) वैदेशिक रोजगारीमा जाने कामदारले अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिए नलिएको प्रभावकारी अनुगमन गरी तालिममा सहभागीनै नभएका कामदारलाई तालिम पूरा गरेको प्रमाणपत्र दिने कार्यको छानविन गरी प्रमाणपत्र दिने तालिम प्रदायक संस्थाको इजाजतपत्र रद्द गर्न निर्देशन दिने ।<br>ङ) वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने कम्पनीहरुको नियमन र व्यवस्थापनमा देखापरेका समस्याहरुको समाधानको लागि कानूनी सुधारको लागि वैदेशिक रोजगार ऐन, २०६४ संशोधनको प्रकृया तुरुन्त शुरु गर्ने ।<br>२. पर्यटन क्षेत्रमा व्यवसाय सञ्चालन गरि रहेका क्यासिनोहरुले नेपाल सरकारलाई बुझाउनु पर्ने रोयल्टी दस्तुर वक्यौता उठ्न बाँकी राजश्व लगायतका विषय सम्वन्धमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निम्नानुसार निर्देशन दिने :<br>क) क्यासिनो नियमावली, २०७० बाट क्यासिनोहरुको नियमन र व्यवस्थापन गर्न सम्भव नदेखिएकोले क्यासिनो ऐन तुरुन्त तर्जुमा गरी अगाडी वढाउन निर्देशन दिने ।<br>ख) अदालतको अन्तरिम आदेशबाट सञ्चालनमा आएका तर हालसम्म क्यासिनो नियमावली, २०७० वमोजिम नियमनको दायरामा नआएका क्यासिनोहरुलाई अविलम्व तिर्नुपर्ने रोयल्टी दस्तुर लगायत सम्पूर्ण बाँकी वक्यौता असुल उपर गर्न निर्देशन दिने ।<br>ग) आर्थिक ऐन, २०७२ अनुसार एउटा इजाजतपत्रले ४ ठाउँमा आधुनिक मेशिन वा उपकरणको माध्यमबाट क्यासिनो सञ्चालन गर्न अनुमति प्रदान गरेकोमा, आर्थिक ऐन, २०७३ ले एउटा इजाजतपत्रबाट एक ठाउँमा मात्र आधुनिक मेशिन वा उपकरणको माध्यमबाट क्यासिनो सञ्चालन गर्न पाउने व्यवस्था गरेको । आर्थिक ऐन, २०७३ प्रारम्भ हुनु अगावै क्यासिनो नियमावली, २०७० वमोजिम ४ स्थानमा व्यवसाय संचालन गर्न पाउने गरी विधिवतरुपमा इजाजतपत्र प्राप्त भई नविकरण गर्दाको हकमा पछिल्लो ऐन (आर्थिक ऐन, २०७३) को प्रावधान लागू हुने गरी व्याख्या गर्दा कानूनको व्याख्याको सिद्धान्तको प्रतिकुल हुने हुनाले कानूनको व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ को खण्ड (ख) र (ग) मा उल्लेखित प्रावधान वमोजिम उपयुक्त निकास दिन निर्देशन दिने । |

# सुशासन तथा अनुगमन समिति

| मिति | समितिको निर्णय |
| --- | --- |
| २०७३।१०।६ | १. चन्द्रागिरी हिल्स लिमिटेडले चन्द्रागिरी नगरपालिका क्षेत्रभित्र पर्ने चन्द्रागिरी डाँडामा निर्माण गरेको केवुलकार लगायत अन्य भौतिक संरचनाहरु नियम अनुसार शर्त पालना नगरी आफुखुशी निर्माण गरेको भन्ने सम्वन्धमा सम्वद्ध निकायहरु (वन/वातावरण मन्त्रालय, नगरपालिका र स्थानीय सरोकारवालाहरु) संग छलफल गरी उपयुक्त दिन र समयमा अनुगमन गर्ने निर्णय गरेको । |
| २०७३।१०।११ | १. सुन तस्करी काण्डमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) ले गरिरहेको कार्यप्रति CIB लाई समितिको तर्फबाट धन्यवाद व्यक्त गरिएको ।<br>२. CIB ले सुन सस्करी सम्वन्धमा गरिरहेको अध्ययन, अनुसन्धानलाई प्रभाव र गोप्यता भंग नहुने गरी CIB को काम कारवाहीको अनुगमन गर्ने निर्णय भएको ।<br>३. व्यवस्थापिका संसद, अर्थ समितिसंगको समन्वयमा त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा प्रणाली लगायतका विषयमा स्थलगत निरीक्षण तथा अनुगमन भ्रमण गर्ने निर्णय गरेको ।<br>४. सुशासन प्रवर्द्धन गर्ने कार्यका लागि निरन्तर अध्ययन, अनुसन्धान एवं अनुगमन गर्ने निर्णय गरेको । |
| २०७३।१०।१२ | १. चन्द्रागिरी हिल्स लिमिटेडले चन्द्रागिरी डाँडामा निर्माण गरेको केवुलकार लगायत अन्य भौतिक संरचनाहरुको अनुगमनको लागि त्यसतर्फ प्रस्थान गरी स्थलगत भ्रमण गरेको ।<br>२. उक्त क्षेत्रको स्थलगत अनुगमन पश्चात सोही स्थानमा स्थानीय सरोकारवालाहरुसंग अन्तर्क्रियात्मक कार्यक्रम गरिएको ।<br>३. अन्तर्क्रियात्मक कार्यक्रममा उठेका विभिन्न जिज्ञासा तथा प्राप्त रायसुझावहरुका सम्वन्धमा आगामी वस्ने समितिको वैठकमा छलफल गर्ने निर्णय भएको। |
| २०७३।१०।१७ | काठमाडौंको भगवती वहाल क्षेत्रमा निर्माण भैरहेको होटलको अत्याधिक जग खनिएको कारणबाट सडक भासिन गएको र त्यसवाट जनजीवनमा पर्न गएको असरका सम्वन्धमा सत्य तथ्य वुझ्न सुशासन समितिको टोलि त्यस तर्फ प्रस्थान गरी त्यस क्षेत्रको स्थलगत भ्रमण गरियो । |
| २०७३।१०।२७ | १. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा २०७३ पौष २१ गते ३३ किलो सुन विमानस्थलबाट बाहिरिने क्रममा केन्द्रिय अनुसन्धान ब्यूरो (CIB) ले पक्राउ गरेको कुरा विभिन्न सञ्चार माध्यमहरुमा प्रकाशित/प्रशारित भए पछि व्यवस्थापिका-संसद अन्तर्गत गठित यस सुशासन तथा अनुगमन समितिको ध्यानाकर्षण भई समितिले विमानस्थलको स्थलगत अनुगमन भ्रमण गरेको । स्थलगत अनुगमन प्रश्चात गृह मन्त्रालय, अर्थ मन्त्रालय, पर्यटन तथा नागरिक उडडयन मन्त्रालय र तत् तत् मन्त्रालय अन्तर्गतका निकायका प्रतिनिधिहरुसंग निरीक्षणका क्रममा देखिएका समस्याहरुका सम्वन्धमा जानकारी लिएको । |

| | | |
|---|---|---|
| | २. | त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको इमर्जेन्सी गेट सी जतिवेला पनि खुल्ला रहने गरेको पाइएकोले सो गेट इजर्मेन्सी अवस्थामा वाहेक अन्य समयमा वन्द गर्न तत्काल निर्देशन दिइएको । |
| २०७३।१०।२८ | १. | मुलुकमा सुशासनको प्रत्याभूति गर्ने जिम्मेवार निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुखको पद विगत केही समय यतादेखि रिक्त रहेको विषयमा यस समितिको गम्भिर ध्यानाकर्षण भएको, नेपालको संविधानको धारा २३८ को व्यवस्था अनुसार "नेपालमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरु रहनेछन्" भन्ने उल्लेख भएकोले उक्त आयोगमा प्रमुख आयुक्तको नियुक्ति यथाशिघ्र गर्ने व्यवस्थाको लागि नेपाल सरकारलाई निर्देशन दिएको । |
| | २. | नक्साल स्थित भगवती वहाल क्षेत्रमा होटल निर्माणको क्रममा सडक भासिन गई त्यसबाट जनस्तरमा पर्नको गएको कठिनाई र वरपरका घरहरुमा पर्न गएको क्षति सम्वन्धमा सरोकारवाला सम्वन्धित निकायका पदाधिकारीहरुबाट जानकारी लियो ।<br><br>उक्त निर्माणाधिन होटलबाट पर्न गएको क्षतिका सम्वन्धमा अध्ययन गरी कार्य प्रारम्भ गरेको मितिले १५ दिन भित्र समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी देहाय वमोजिमको माननीय सदस्यहरु रहेको एक उपसमिति गठन गरेको।<br><br>सि.नं. \| नाम, थर<br>१. \| मा.श्री अमन लाल मोदी<br>२ \| मा.श्री उदय नेपाली श्रेष्ठ<br>३ \| मा.श्री ध्यानगोविन्द रंजित<br>४ \| मा.श्री नरसिंह चौधरी<br>५ \| मा.श्री नागेन्द्र कुमाल<br>६ \| मा.श्री मिलनकुमारी राजवंशी<br>७ \| मा.श्री रश्मी ठाकुर |
| | ३. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पटक पटक सुन तस्कारी भएको घटनाले सुशासनका सम्वन्धमा प्रश्न उठेकाले समितिले मिति २०७३।१०।२७ गते गरेको स्थलगत अनुगमनका क्रममा देखिएका सुरक्षा प्रणाली लगायत १७ वटा सरकारी निकायहरुको अव्यवस्थित व्यवस्थापन रहेको पाइएको हुँदा त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा व्यवस्था लगायत अपनाउनु र्नै शतर्कता सम्वन्धमा अध्ययन गर्न कार्य प्रारम्भ गरेको मितिले १५ दिन भित्र समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी देहाय वमोजिमका माननीय सदस्य रहेको एक उपसमिति गठन गरेको ।<br><br>सि.नं. \| नाम, थर<br>१ \| मा.श्री अम्विका खवास राजवंशी<br>२ \| मा.श्री कुपाशुर शेर्पा |

<table>
<tr><td></td><td>

| | |
|---|---|
| ३ | मा.श्री जनकराज जोशी |
| ४ | मा.श्री जीतवहादुर (दर्जी) गौतम |
| ५ | मा.श्री नागेन्द्र कुमार कुमाल |
| ६ | मा.श्री मिलन कुमारी राजवंशी |
| ७ | मा.श्री सरिता कुमारी यादव |

४. व्यवस्थापिका संसदको सुशासन तथा अनुगमन समितिलाई जनताको पहुँचमा पुऱ्याउन, राज्यको उपस्थिति वोध गराउन, जनता र संसद बीच रहेको दुरी कम गरी सुशासनका आधारभुत तत्वहरुको प्रवर्द्धन गरी देशमा सुशासन कायम गर्नका लागि समिति र The Asia Foundation वीच आपसी सहयोग र सहकार्य गर्ने निर्णय गरेको । यसका लागि समझदारी पत्रमा समितिको तर्फबाट हस्ताक्षर गर्नका लागि समितिका सभपाति मा. श्री मोहनसिंह राठौरलाई अख्तियारी दिने निर्णय समेत भएको ।</td></tr>
<tr><td>२०७३।१२।२१</td><td>१. निर्माणाधिन होटलबाट पर्न गएको क्षतिका सम्वन्धमा अध्ययन तथा सिफारिस गर्न गठित उपसमितिले उपसमितिको म्याद थपको लागि समिति समक्ष अनुरोध गरेअनुसार २०७३।१२।१० गतेसम्म म्याद थप गर्ने निर्णय भएको ।<br><br>२. निर्माणाधिन होटलबाट पर्न गएको क्षतिका सम्वन्धमा अध्ययन तथा सिफारिस गर्न गठित उपसमितिको प्रतिवेदन उपसमितिका संयोजक मा०श्री ध्यान गोविन्द रंजितज्यूबाट समितिमा पेश भएको ।<br><br>३. मूलुकमा सुशासनको प्रत्याभूति गर्ने जिम्मेवार निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुखको पद लामो समयदेखि रिक्त रहेको र त्यसैगरी नेपाल प्रहरीको प्रहरी प्रमुख नियुक्तिको सम्वन्धमा अदालतको फैसला पश्चात पनि नियुक्ति गर्न ढिलाई भएकोले २०७३ साल वैशाख ३१ गते हुने स्थानीय तहको निर्वाचनको सन्दर्भलाई समेत दुष्टिगत गरी यथाशिघ्र नियुक्ति व्यवस्थाको सम्वन्धमा प्रधानमन्त्रीज्यूलाई यस समितिमा आमन्त्रण गरी आगामी वैठकमा छलफल गर्ने निर्णय भएको ।<br><br>४. जनताले सुचना प्राप्त गर्ने हकलाई सुरक्षित गरी सरकारको कामकारवाहीलाई जनताप्रति उत्तरदायी, जवाफदेही र पारदर्शी वनाउनका लागि नेपाल सरकारका निकायहरुमा Audio Notice Board तत्काल लागू गर्न, त्यसमा सूचनाहरु अध्यावधिक गर्न नेपाल सरकारलाई निर्देशन दिइएको ।<br><br>५. मिति २०७३।१२।२२ गतेका दिन हाल ट्राफिक व्यवस्थापनमा भइरहेको काम कारवाहीका सम्वन्धमा वुझ्न ट्राफिक प्रहरी महाशाखाको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भए गरेका कामकारवाहीका सम्वन्धमा वुझ्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा स्थलगत अनुगमन गर्ने निर्णय भएको ।</td></tr>
<tr><td>२०७३।१२।२२</td><td>१. महानगरीय ट्राफिक प्रहरी महाशाखाको स्थलगत अनुगमन गरेको । हाल ट्राफिक व्यवस्थापनका सम्वन्धमा भए गरेका कामको विवरणका वारेमा</td></tr>
</table>

| | |
|---|---|
| | छलफल भएको ।<br><br>त्यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पनि स्थलगत अनुगमन गऱ्यो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भए गरेका कामको वारेमा छलफल भएको । |
| २०७३।१२।२३ | १. निर्माणाधिन होटलबाट पर्न गएको क्षतिका सम्वन्धमा अध्ययन तथा सिफारिस गर्न गठित उपसमितिको प्रतिवेदन, २०७३ परिमार्जन सहित पारित भयो । पारित भएका निश्कर्ष तथा सिफारिस सम्वन्धित निकायहरुमा लेखि पठाउने निर्णय भएको ।<br><br>२. मुलुकमा सुशासनको प्रत्याभूति गर्ने जिम्मेवार निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुखको पद लामो समयदेखि रिक्त रहेको हुनाले नेपालको संविधान वमोजिम नियुक्तिको सिफारिस गर्न तथा नेपाल प्रहरीको महानिरीक्षकमा सर्वोच्च अदालतको फैसला पश्चात पनि नियुक्ति गर्न ढिलाई भएकोले २०७४ साल वैशाख ३१ गते हुन गईरहेको स्थानीय तहको निर्वाचन समेतलाई दृष्टिगरी यथाशिघ्र नियुक्तीको व्यवस्था गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्दै यस विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई यस समितिमा आमन्त्रण गरी आगामी वैठकमा छलफल गर्न समय माग गरी पत्राचार गरिएको । |
| २०७३।१२।२९ | १. त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा व्यवस्था सम्वन्धमा अध्ययन तथा सिफारिस गर्न गठित उपसमितिले उपसमितिको म्याद थपको लागि समिति समक्ष अनुरोध गरेअनुसार समितिले २०७३ चैत्र मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय भएको ।<br><br>२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त तथा प्रहरी महानिरीक्षकको नियुक्ति, २०७४ साल वैशाख ३१ गते हुन गईरहेको स्थानीय तहको निर्वाचन लगायतका विषयमा छलफल गर्न आमन्त्रित गरिएका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्युसंग समितिका माननीय सदस्यज्यूहरुले उठाउनु भएको जिज्ञासाका वारेमा प्रकाश पार्नुको साथै समसमायिक र विद्यमान परिस्थितिको विषयमा धारणा व्यक्त गर्नु भएको । |

## वातावरण संरक्षण समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३ माघ ९ | • राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ को संशोधन सहितको प्रतिवेदनलाई व्यवस्थापिका-संसदको बैठकमा आनुसांगिक सुधार सहित पेश गर्न समितिबाट स्वीकृत भयो ।<br>• समितिको आ.ब. २०७२/०७३ को वार्षिक प्रतिवेदनलाई स्वीकृत गरी |

| | |
|---|---|
| | व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने कार्यका लागि तयार भएको प्रतिवेदन समितिका मा. सदस्यहरुलाई अध्ययनका लागि वितरण गर्ने निर्णय भयो ।<br>● समितिले चन्द्रागिरी हिल्स लि. द्वारा चन्द्रागिरी काठमाडौंमा संचालित चन्द्रागिरी केवलकार परियोजनास्थलको मिति २०७३ माघ १२ गते बुधवार बिहान ८:०० बजे अनुगमन गर्ने निर्णय भयो । |
| २०७३ माघ १३ | ● संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्न बनेको विधेयक, २०७२ माथि संशोधनकर्ता माननीय सदस्यहरु, माननीय मन्त्री, वन तथा भू-संरक्षण मन्त्रालय एवं सरोकारवाला निकायहरुको उपस्थितिमा सैद्धान्तिक छलफल भयो ।<br>● व्यवस्थापिका-संसद, वातावरण संरक्षण समितिको आ.ब. २०७२-०७३ के वार्षिक प्रतिवेदन सम्मानित सदन समक्ष प्रस्तुत गर्ने प्रयोजनार्थ अनुमोदन गऱ्यो ।<br>● जिल्ला विकास समितिको कार्यालय, ललितपुरबट मिति २०७३ माघ ७ गते यस समिति समक्ष पेश भएको ललितपुर जिल्लामा अवस्थित ढुंगा एवं वालुवा खानीहरुको संचालनार्थ निवेदन माथि छलफल भयो । |
| २०७३ माघ २० | ● संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्न बनेको विधेयक, २०७२ माथि संशोधनकर्ता माननीय सदस्यहरु, माननीय मन्त्री, वन तथा भू-संरक्षण मन्त्रालय एवं सरोकारवाला निकायहरुको उपस्थितिमा दफावार छलफल भयो साथै दफावार छलफलबाट पारित भएको विषयहरुलाई प्रतिवेदनका रुपमा तयार गरी छलफलका लागि समिति समक्ष पेश भयो ।<br>● प्रस्तुत प्रतिवेदन माथि पुनः छलफल भई पारित भएको प्रतिवेदन व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने निर्णय भयो । |
| २०७३ चैत्र १ | मेलम्ची खानेपानी आयोजनाले काठमाडौं उपत्यकामा सडक भत्काई पाइप बिच्छाउदा यसबाट निस्किएको धुलो माटोले मानव स्वास्थ्यमा गम्भिर असर पारेको हुँदा तत्कालै धुलोबाट उत्पन्न चरम प्रदूर्षणलाई न्यूनिकरण गर्न तत्कालीन रुपमा पानी छर्कने, अलकत्राको झोल छर्कने अनि यथाशक्य चाँडो कालोपत्रे गरी स्थायी समाधान गर्न र प्रभावकारी अनुगमन गर्नका साथै कामदारहरुको संख्या बढाउने लगायतका अस्थायी र स्थायी सबै विकल्पहरुको प्रयोगको साथै वातावरणमैत्री विकास निर्माण कार्य गर्नका लागि खानेपानी तथा सरसफाई मन्त्रालय, मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय र काठमाडौं उपत्यका खानेपानी लिमिटेड **(KUKL)** लाई निर्देशन दिने र उक्त कार्यको प्रगति विवरण १५/१५ दिन भित्र समितिलाई उपलब्ध गराउने । |
| २०७३ चैत्र ७ | ● काठमाडौं उपत्यकामा बढ्दै गएको वायू प्रदूषण न्यूनिकरण गर्न अन्तर निकायसँग समन्वय गरी कार्य योजना निर्माण गरी कार्य गर्ने, प्लाष्टिकको झोला प्रयोगमा |

| | |
|---|---|
| | लगाइएको प्रतिवन्ध नतिजामूलक रुपमा लागू गर्न यस कार्यको लागि निरन्तर रुपमा अनुगमन गर्न एवं वायू प्रदूषण र प्लाष्टिक झोला नियन्त्रणमा भएको कार्य तथा प्रगति सार्वजनिक सञ्चारको माध्यमबाट आम नागरिकलाई पाक्षिक रुपमा जानकारी गराउने र यस बारेमा भएको प्रगति विवरण समितिलाई मासिक रुपमा उपलब्ध गराउन जनसंख्या तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।<br>● वन तथा भू-संरक्षण मन्त्रालयको माग बमोजिम समितिमा विचाराधिन रहेको "वनस्पति तथा वनस्पति स्रोतको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७२" लाई व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १३७ को उपनियम (२) बमोजिम समितिबाट फिर्ता दिने निर्णय भयो । |
| २०७३ चैत्र ८ | मुलुकको जैविक विविधता, प्राकृतिक स्रोत साधनको दिगो र व्यवस्थित उपयोगद्वारा पर्यटन प्रवर्द्धनको लागि सुझाव दिने निर्णय भयो । |
| २०७३ चैत्र २० | ● यस समितिका सभापति मा. जनकराज चौधरी संयोजक रही गठन भएको उपसमितिले ललितपुर जिल्लाको बागडोलमा संचालित नेपाल आर्दश निर्माण कम्पनी प्रा.लि. लगायत यस्तै प्रकृतिका अन्य आसफाल्ट प्लान्टको सम्वन्धमा अध्ययन अनुगमन गरी पेश गरेको प्रतिवेदनमा उल्लेखित देहायको निष्कर्ष तथा सुझावलाई अनुमोदन गरी प्रतिवेदनलाई पारित गर्ने ।<br>**<u>निष्कर्ष तथा सुझाव</u>**<br>"स्थलगत भ्रमण टोलीले भ्रमणको क्रममा देखेका ललितपुर जिल्ला वडा नं. ३ र ४ मा स्थित नेपाल आर्दश निर्माण कम्पनी प्रा.लि.हरु लगायत यस्तै प्रकृतिका अन्य प्लान्ट सम्वन्धी स्थलगत निरिक्षण र अन्तरक्रिया कार्यक्रमबाट आएका सुझावहरु सम्वन्धित मन्त्रालय/निकायहरुबाट प्राप्त धारणा/विचारहरुका आधारमा निम्नानुसारको निष्कर्ष निकालिएको छ ।<br>उक्त क्षेत्रमा नेपाल आर्दश निर्माण कम्पनीले संचालन गरेका आसफाल्ट प्लान्ट मात्र नभई त्यसका वरपर यस्तै प्रकृतिका अन्य प्लान्टहरु पनि संचालनमा रहेको जुन भौतिक पूर्वाधार तथा विकास निर्माण कार्यका लागि अति आवश्यक प्लान्ट भएकोले वातावरणीय मापदण्डलाई प्राथमिकतामा राखी संचालन गर्दा उपयुक्त देखिन्छ ।<br>समग्रमा यस्ता खालका प्लान्टहरु विकास निर्माणका लागि अपरिहार्य आवश्यकता भएकोले विकास निर्माणलाई मध्यनजर गर्दै आधुनिक उपकरण जडित नेपाल आदर्श निर्माण कम्पनी लगायत ललितपुर जिल्लामा रहेका अन्य प्लान्टहरु तथा देशका विभिन्न स्थानमा संचालनमा रहेका प्लान्टहरुले वातावरणीय स्वच्छतालाई कायम गर्ने गरी संचालन गर्ने गराउने व्यवस्था |

| | |
|---|---|
| | मिलाउन नेपाल सरकार मन्त्रिपरिषद्, गृह मन्त्रालय, उद्योग मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिने ।"<br>• सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्न बनेको विधेयकको दफा ३ को उपदफा (२) को खण्ड (ग) मा रहेको "नमूना उत्पादन गर्न," भन्ने शब्दपछि "निकासी वा पैठारी गर्न," भन्ने शब्दहरु थप गरी आनुसांगिक सुधारका लागि व्यवस्थापिका-संसदलाई पत्राचार गर्न समितिबाट सहमति प्राप्त भयो । |
| २०७३ चैत्र २१ | आजको बैठकमा सन् २०१६ देखि २०३० सम्मको लागि विश्वव्यापी रुपमा तय भएको दिगो विकासको लक्ष्यहरु पूरा गर्ने सम्वन्धमा नेपालले तय गरेको रोडम्याप, लक्ष्य प्राप्तिमा रहेको चुनौतीहरुका बारेमा रीष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मिनवहादुर श्रेष्ठ, सदस्य मा. प्रभु बुढाथोकी लगायत योजना आयोगका उच्च अधिकारीहरुसँग छलफल गरियो । |

## अर्थ समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७४/११/१७ | • बैठकमा बैंकिङ्ग तरलताका सम्बन्धमा नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ मन्त्रालयका सचिव लगायत प्रतिनिधीहरुले हालको अवस्थाका बारेमा जानकारी गराउनु भयो ।<br>• बैठकले समितिमा बैकिङ्ग तथा वित्तीय संस्थामा रहेका समस्याहरुको अध्ययन गरी त्यसको समाधानका लागि तत्कालीन र दीर्घकालीन सुझावहरु सहित प्रतिवेदन समिति समक्ष पेश गर्न देहाय बमोजिमका माननीय सदस्यहरु रहनु भएको "बैंकिङ्ग तथा वित्तीय संस्था सम्बन्धी" उपसमिति गठन गऱ्यो ।<br><br>सिं नं. \| नाम थर<br>१ \| मा. श्री ओमदेवी मल्ल<br>२ \| मा. डा. गोपाल दहित<br>३ \| मा. श्री चन्द्र प्रकाश मैनाली<br>४ \| मा. श्री दिपक कुइकेल |

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td>५</td><td>मा. श्री रेवती रमण भण्डारी</td></tr>
<tr><td>६</td><td>मा. श्री ल्हारक्याल लामा</td></tr>
<tr><td>७</td><td>मा. श्री विमल कुमार केडिया</td></tr>
</table>
उपसमितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ । साथै उपसमितिको कार्यावधि २१ दिनको हुनेछ ।
</td>
</tr>
<tr>
<td>२०७३/११/२६</td>
<td>● हालसम्मका स्वीकृत र नयाँ योजनामा वितरण गरिएको वजेट र वजेटको सुनिश्चितता गरिएका योजना र वजेटको सम्पूर्ण विवरण सात दिन भित्र समितिमा उपलब्ध गराउन सम्बन्धित मन्त्रालयलाई पत्राचार गर्ने ।</td>
</tr>
<tr>
<td>२०७३/०५/२९</td>
<td>● राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्ति तथा मुलुकलाई उल्लेख्य योगदान पु-याउने व्यक्तिलाई औषधोपचार वापतको रकम उपलब्ध गराउदा नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि २०७१ मा व्यवस्था गरिएको उल्लेखित रकममा नबढ्ने गरी अर्थ मन्त्रालयको सहमतीको आधारमा मन्त्री परिषद्को निर्णयबाट उपलब्ध गराइनु पर्छ,<br><br>● नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि २०७१ मा वहालवाला पदाधिकारीहरु राष्ट्रपति, उपराष्ट्रपति, प्रधान मन्त्री, प्रधान न्यायधिश र सभामुख लगायतको औषधोपचारको रकम उपलब्ध गराउने त्यस्तो औषधोपचारको वापतको रकमको सीमा तोकी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट औषधी उपचारको कारवाही शुरु गरी अन्य सम्बन्धित निकायको सहमतिको आधारमा मन्त्री परिषद्बाट निर्णय गराई उपलब्ध गराउने, वर्तमान वा पूर्व विशिष्ट व्यक्तिहरुको उपचार विशेष अवस्थामा बाहेक नेपालमै गराइने व्यवस्था उक्त कार्यविधिमा ल्याइनु पर्ने । उक्त कार्यविधि १ महिनाभित्र तयार गरी समिति उपलब्ध गराउने ।<br><br>● संसदका पदाधिकारीहरु तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०५२ अनुसार व्यवस्थापिका-संसदका सदस्यहरुको लागि औषधोपचार रकम व्यवस्थापिका-संसद सचिवालयबाट उपलब्ध हुने व्यवस्था भएको हुँदा मन्त्रि परिषद्को निर्णयबाट राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरुलाई औषधोपचारको रकम उपलब्ध गराउदा दोहोरो नपर्ने गरी औषधोपचारको रकम उपलब्ध गराउने साथै व्यवस्थापिका-संसद सदस्यहरुले सरकारी अस्पतालमा उपचार गराउने परिपाटी विकास गर्ने,</td>
</tr>
</table>

| | |
|---|---|
| | ● नेपालको संविधानको धारा ३५ र ५१ को -ज) अनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य निःशुल्क उपलब्ध गराउने हक अधिकार कार्यान्वयन गर्न आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य वीमा उपलब्ध गराउने सम्बन्धी विधेयक तत्काल व्यवस्थापिका-संसदमा पेश गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,<br>● नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि २०७१ को १२.७ कार्यान्वयन गरी एकद्वार प्रणालीको नीति अवलम्बन गरी कार्य अगाडी बढाउन सम्बन्धित निकायलाई लेखी पठाउने,<br>● यस समितिको सुझावको आधारमा कार्यविधि संशोधन गरी व्यवस्थित, ठोस र समय सापेक्ष बनाउन साथै नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि २०७१ मा रहेको १२.१० हटाउने,<br>● मृगौला रोगका सम्पूर्ण नेपाली बिरामीहरुको प्रारम्भिक स्वास्थ्य जाँचदेखि डायग्लोसिससम्मको सम्पूर्ण उपचार खर्च नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने,<br>● पूर्व पदाधिकारीलाई मन्त्रिपरिषद्बाट निश्चित रकम एक पटक मात्र निर्णय गरी उपलब्ध गराउने,<br>● समितिका पूर्व निर्णयहरु र निर्देशन तत्काल कार्यान्वयन गर्ने साथै पूर्व निर्णयहरु पुन : सम्बन्धित निकायमा पठाउने निर्णय गरियो,<br>● आफैले उपचार गर्न नसक्ने विशिष्ट व्यक्तिहरुलाई मात्र सरकारले उपचार खर्च उपलब्ध गराउने व्यवस्था कार्यविधिमा थप गरी विशिष्ट व्यक्तिलाई स्वदेशमै विशिष्ट ढङ्गबाट उपचार गर्ने व्यवस्था गर्ने र मेडिकल बोर्डलाई नेपालमा उपचारै हुन नसक्ने रोगहरुको लागि मात्र सिफारिश गर्न र व्यक्ति हेरेर कैफियत जनाई सिफारिश नगर्न तथा मेडिकल बोर्डको सिफारिशको जिम्मेवारी बोर्ड आर्फैले लिनु पर्ने व्यहोरा सम्बन्धित निकायमा लेखी पठाउने । |
| २०७३/०५/३१ | ● बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ (वाफिया) को दफा २ को (क झ), दफा ९ को उपदफा १, दफा ९ को उपदफा ४ (घ) तथा उपदफा ५ दफा ११ को उपदफा ४, दफा १५ को उपदफा १ र २, दफा १६ को उपदफा (१) दफा १८ को उपदफा (१) |

| | |
|---|---|
| | र दफा २८ को उपदफा २ का सम्बन्धमा बैंकर्स एसोसिएशनका प्रतिनिधीहरु उपेन्द्र पौडेल, शम्भु पौडेल, हरिश्चन्द्र सुबेदी, राजन सिंह भण्डारी, डेभलपमेन्ट बैंकर्स एसोसिएशन नेपालका प्रतिनिधी कृष्णराज लामिछाने, नेपाल वित्तीय संस्था संघका प्रतिनिधी सरोज काजी तुलाधर, लघु वित्त नेपालका प्रतिनिधी सुधिर प्रसाद लोहनी र नुमनाथ पौडेल र चेम्बर्स अफ कमर्सका प्रतिनिधी कमलेश कुमार अग्रवाल लगायतले आफ्ना सुझाव तथा धारणाहरु राख्नु भयो । |
| २०७३/०६/०२ | • बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ (वाफिया), को दफा २ को (क झ), दफा ९ को उपदफा १, दफा ९ को उपदफा ४ (घ) तथा उपदफा ५ दफा ११ को उपदफा ४, दफा १५ को उपदफा १ र २, दफा १६ को उपदफा (१) दफा १८ को उपदफा (१) र दफा २८ को उपदफा २ का सम्बन्धमा पूर्व अर्थ मन्त्री मा. श्री बिष्णु प्रसाद पौडेल, नेपाल राष्ट्र बैंकका पूर्व गभर्नरहरु डा. युवराज खतिवडा, डा. तिलकबहादुर रावल, श्री दिपेन्द्र बहादुर क्षेत्री र श्री गणेशबहादुर थापाले आफ्ना सुझाव तथा धारणाहरु राख्नु भयो । |

## विकास समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३।१०।०५ | समितिको आजको बैठकमा दूरसञ्चार सेवाको गुणस्तरीयता, ग्रामीण दूरसञ्चार कोषको प्रयोग गरी हालसम्म भए गरेका कामहरु र भावी कार्य योजना, 4G सेवा सञ्चालन, रणनीतिक साझेदारी एवं हालसम्म समितिले दिएका निर्देशनहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा सूचना तथा सञ्चार मन्त्रालयका सचिव, NTA तथा NTC लगायतका पदाधिकारीहरुसँग छलफल भयो । छलफल पश्चात् समितिले देहाय बमोजिम निर्णय गऱ्यो :-<br>१. तिव्रगतिमा विकास भएको ICT को क्षेत्रलाई सरकारले आजभन्दा २० वर्ष पुरानो दुरसञ्चार ऐन, २०५३ ले व्यवस्थित गर्न खोज्दा धेरै समस्याहरु समाधान हुन सकेका छैनन् । त्यसै गरि दुर सञ्चार नीति २०६० को प्रावधान बमोजिम नीति कार्यान्वयनमा आएको ६ महिना भित्र सम्वन्धित क्षेत्रको अनुगमन गर्नु पर्ने व्यवस्था भए पनि हाल सम्म सो कार्य हुन नसक्नु विडम्वनापूर्ण रहेको छ । नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयबाटै निश्चित समयमा गर्नु पर्ने काम गरिदैन भने त्यसको जिम्मेवारी कसले लिने ? अहंम प्रश्न उठेको छ । तसर्थ कानून बमोजिम निर्धारित समय भित्र गर्नु पर्ने भनि तोकिएका कामलाई समय सिमा भित्रै गर्न र दुर सञ्चार क्षेत्रलाई |

| | |
|---|---|
| | नियमन गर्ने कानूनहरुलाई समय सापेक्ष संशोधन गर्ने व्यवस्था मिलाउन समिति गम्भिरतापूर्वक नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय र नेपाल दुरसञ्चार प्राधिकरणलाई निर्देश गर्दछ । <br><br> २. सूचना प्रविधि आधुनिक जीवन प्रणालीको निर्विकल्प आधार बनिसकेको छ । सूचना प्रविधिको प्राविधिक पक्षमा जुन तीव्रताका साथ स्तरोन्नति भैरहेको छ यसको उपभोगको पक्ष (Coverage एवं प्रयोगकर्ताहरुको संख्या) मा समेत दिनानुदिन उल्लेख्य वृद्धि भैरहेको छ । हाल उपलव्ध दूरसञ्चार सेवाको गुणस्तरीयतामा केहि सुधार भएपनि संतोष नै व्यक्त गर्नु पर्ने अवस्था भने छैन । धेरै उपभोक्ता भएको नेपाल टेलिकमले समेत गुणात्मक वृद्धि भन्दा सख्यात्मक वृद्धिलाई बढी ध्यान दिएको पाइन्छ । सामान्य सेवाहरु (जस्तै- BTS Tower हरुमा नियमित विद्यूत आपुर्ति भएको अवस्थामा समेत समयमा नै फोन नलाग्ने, आावाजमा अस्पष्टता, भनिए जस्तो इन्टरनेटको गति नहुनु, रिचार्ज नहुने जस्ता समस्याहरु अझै पूर्णरुपमा समाधान हुन नसकेकोले उल्लेखित समस्याहरु १ महिना भित्र समाधान गर्न, गुनासो सुन्ने व्यवस्थालाई प्रभावकारी बनाउन, समयमा नै उपभोक्ताको गुनासो संवोधन गर्न नसके क्षतिपूर्ति दिने व्यवस्था गर्न समिति नेपाल दुर सञ्चार कम्पनी लिमिटेड तथा नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देश गर्दछ । <br><br> ३. सञ्चालनमा रहेका प्रविधिहरुलाई स्तरोन्नती गर्ने क्रममा नेपाल टेलिकमले हालै सञ्चालनमा ल्याएको चौथो पुस्ता (4G) को सेवा सिमित क्षेत्रमा मात्र उपलव्ध हुने गरि Soft Lunch भएकोले उपभोक्ताको ठूलो हिस्सा यस सेवाको उपभोगबाट बञ्चित रहन पुगेका छन् । 4G सेवा उपभोग गर्ने अधिकाशं सेवाग्राहीहरुको चासो सम्वोधन गर्न 4G सेवा लाई ९०० वा १८०० को वाण्डविथ फिक्यायन्सीमा भए पनि स्वीकृत प्राप्त मितिले १ वर्ष भित्र (२०७४ आश्विन मसान्त सम्ममा) देश भरिनै विस्तार गरिसक्न, संभव भएसम्म न्यूनतम शुल्कमा गुणस्तरिय Voice Call र Internet सेवा उपलव्ध गराउन, सेवा र प्रविधिको स्तरोन्नती गर्दा आफ्ना अधिकाशं उपभोक्ताहरु लाभान्वित हुने गरि/दायरामा आउने गरि, पूर्ण गृहकार्य गरेर मात्र कार्यान्वयन गर्न गराउन नेपाल टेलिकमलाई, सो सम्वन्धमा आवश्यक सहजीकरण गर्न नेपाल दुरसञ्चार प्राधिकरण र सूचना तथा सञ्चार मन्त्रालयलाई समिति निर्देश गर्दछ । <br><br> ४. ग्रमीण दूरसञ्चार कोषको प्रयोग गरि सम्पूर्ण ग्रमीण क्षेत्रमा सूचना प्रविधिका आधारभूत साझा संरचनाहरु तयार गर्ने, प्रत्येक, गाउँ पालिका, नयाँ नगरपालिकाहरुका सामुदायिक शिक्षण संस्थाहरु, अस्पताल, स्वास्थ्य केन्द्र, प्रहरी चौकी, पुस्तकालय एवं स्थानीय बस्तीहरु, सामुदायीक सूचना केन्द्रहरुमा Internet सेवा उपलब्ध गराई/विस्तार गरि Telepathy, e-learning, e-governance जस्ता अवधारणलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ICT पुर्वाधारको विकास गर्न यस समितिको विभिन्न मितिका बैठकल निर्देश गरेको र सूचना तथा सञ्चार मन्त्रालय, नेपाल दूर सञ्चार प्राधिकरणले प्रतिवद्धता जनाएता पनि हाल सम्म उल्लेख्य कार्यसम्पादन हुन नसकेको, RTDF कोषको उपभोग गर्ने सम्बन्धमा अझ सम्म पनि |

| | |
|---|---|
| | गुरुयोजना/कार्ययोजनामा अस्पष्टता रहेको देखिएकोले शीघ्रातिशीघ्र गुरुयोजना सहित कार्यान्वयनमा लगि Smart village/ smart city हरुको पुर्वाधार विकास गर्न समिति सूचना तथा सञ्चार मन्त्रालय र नेपाल दूर सञ्चार प्राधिकरणलाई निर्देश गर्दछ । <br><br> ५. Inter-connectivity लाई सस्तो र सरल बनाउन, Number Portability सेवा उपलब्ध गराउन, TV Whitespace प्रविधिको प्रयोग गर्न, Frequency Band width क्षमता वृद्धि गर्ने, PSTN सेवालाई NGN सेवामा स्तरोन्नति गर्न Optical Fiber Sharing and networking गर्न, ITU ले उपलब्ध गराएको Satellite Space प्रयोग गर्न, आफ्नै Satellite राख्ने गृहकार्य गर्न, Fiber to home अवधारण अनुसार काम गर्न साथै नवीनतम प्रविधिको प्रयोग गर्ने सम्बन्धमा यस समितिले विभिन्न मितिमा दिएका निर्देशनहरुको अनुभव हुन सक्ने गरी प्रतिफलमूलकरुपमा कार्य सम्पादन अझै हुन नसकेकोले उल्लेखित विषय तर्फ गम्भीरताका साथ कार्यसम्पादन गर्न गराउन समिति पुनः सूचना तथा सञ्चार मन्त्रालय र नेपाल दूर सञ्चार प्राधिकरणलाई निर्देश गर्दछ । <br><br> भावी दिनहरुमा नेपाल टेलिकमको प्रतिस्पर्धात्मक क्षमतालाई अभिवृद्दि गर्न रणनैतिक साझेदारको आवश्यकता विगत देखि नै महसुस भएता पनि हाल सम्म रणनीतिक साझेदार सम्वन्धमा प्रक्रिया अगाडी बढेको नपाईएकोले उक्त प्रक्रियालार्य अगाडी बढाउन समिति सूचना तथा सञ्चार मन्त्रालय र नेपाल दूर सञ्चार प्राधिकरण र नेपाल टेलिकमलाई निर्देश गर्दछ । |
| २०७३।१०।०६ | समितिको आजको बैठकमा प्रस्तावित तथा निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थलहरुको कार्य प्रगति सम्बन्धमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री, मन्त्रालयका निमित्त सचिव तथा सम्बन्धित पदाधिकारीहरुसँग छलफल भयो । छलफल पश्चात् समितिले देहाय बमोजिम निर्णय गऱ्यो :- <br><br> १. देशले विगतमा झेलेको समस्याबाट पाठ सिकेर अगाडि बढ्न नसक्नु नेपालको विकासको सर्वकालिन चरित्र र विशेषता नै हो । त्यसै गरी कम्तिमा ५० वर्ष पछि हाम्रा भौतिक पूर्वाधारगत आवश्यकता के - के हुने छन् र कसरी उन्नत पूर्वाधार निर्माण गर्न सकिन्छ भनि छलफल गर्नु पर्ने यस थलोमा अझैपनि २०/३० वर्ष अघि परिकल्पना गरिएका संरचनाहरुलाई छिटो निर्माण गर्ने सम्बन्धमा छलफल गर्न /निकास निकाल्न हामीहरु प्रयासरत छौं । ५ वर्षभित्रमा निर्माण गरिसक्नु पर्ने कुरालाई हामीहरु २० वर्ष लगाउँछौं भने हाम्रो विकासको गति कस्तो छ र हाम्रो भविष्य कस्तो हुने छ, हामी सबैलाई महशुस भएकै छ । विकासलाई सहज बनाउने भन्दा असहज र जटिल बनाउने नियति र प्रवृतिको शिकार भएको छ - नेपालको पूर्वाधार विकास । <br><br> प्राविधिक समस्याका कारण करिव १८ महिना अगाडि टर्किस एयरलायन्सको विमान नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने क्रममा अवरुद्ध हुन पुगेको धावन मार्गको कारण अन्तर्राष्ट्रिय उडानहरुलाई नेपालभित्रै Divert गर्न सकिने अर्को बैकल्पिक विमानस्थल |

| | |
|---|---|
| | समेत नहुँदा प्रस्तावित/निर्माणाधिन अन्तर्राष्ट्रिय विमानस्थलहरु निर्माणमा जुन तत्परता देखिएको थियो त्यस्तो तत्परता अहिले देखिंदैन । तसर्थ अन्तर्राष्ट्रिय उड्डयन सम्बन्धमा देशको दीर्घकालिन आवश्यकताहरुलाई समेत ध्यान दिई हाल प्रस्तावित तथा निर्माणाधिन अन्तर्राष्ट्रिय विमानस्थलहरुको कार्यलाई छिटो सम्पन्न गर्न, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यलाई छिटो भन्दा छिटो निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन समिति प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणलाई निर्देश गर्दछ ।<br>२. राष्ट्रिय गौरवको आयोजना भनिए तापनि निजगढ आन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धमा हाल सम्म DPR बन्न नसकेको, LMW सँगको काम कारवाहीमा अस्पष्टता एवं पारदर्शीताको अभाव रहेकोले उक्त सम्झौता यथाशीघ्र पुनरावलोकन गरी निष्कर्षमा पुग्न, निर्माणको Model स्पष्ट पार्न, निर्माणको दौरान आउन सक्ने समस्या तथा चुनौतीहरुलाई पूर्व आँकलन गरी सकेसम्म कम समस्या आउने गरी काम गर्न, कार्यक्रमको ढाँचा तयार गर्न गराउन लगायतका विषयमा अर्थ समिति र विकास समितिको मिति २०७३।०८।५ गते बसेको संयुक्त बैठकले दिएका निर्देशनहरुको यथाशीघ्र कार्यान्वयन गर्न गराउन समितिको यो बैंठक पुनः निर्देश गर्दछ ।<br>३. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्मण कार्य प्रगति संतोषजनक नै देखिएता पनि अझ तिव्रताका साथ काम गर्न समिति संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र उक्त विमानस्थल निर्माणको लागि विद्युतको Dedicated Feeder Line को अभावका कारण कार्य सम्पादनमा समस्या देखिएकोले शीघ्रतिशीघ्र Dedicated Feeder line उपलब्ध गराइदिन समिति उर्जा मन्त्रालयलाई निर्देश गर्दछ ।<br>४. अन्तर्राष्ट्रिय विमानस्थलहरुलाई Support गर्न Domestic Airport हरुको समेत महत्वपूर्ण भूमिका हुने भएकोले हाल अस्तित्वमा रहेका ५६ वटै Domestic Airport लाई सञ्चालनमा ल्याउने व्यवस्था गर्न, नेपाललाई कति Airport (International र Domestic) चाहिन्छ तत्काल निक्यौंल गर्न, Black Top नभएका Airport हरुलाई तत्काल Black Top गर्न गराउन, मेघौली र भरतपुर मध्ये कुन Arport सञ्चालन गर्ने हो छिटो टुङ्गोमा पुग्न र दिपायलमा निर्माणाधीन Airport को Runway लाई ६०० मिटरको बनाउने आवश्यक गृहकार्य गर्न समेत समिति संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा नागरिक उड्डयन प्राधिकरणलाई निर्देश गर्दछ ।<br>५. देशको आर्थिक तथा सामाजिक क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने यस्ता अन्तर्राष्ट्रिय विमानस्थलहरुको निर्माण सम्बन्धमा राष्ट्रिय योजना आयोग तथा लगानी वोर्डको भूमिका (वित्तीय, प्राविधिक, संयन्त्रगत, व्यवस्थापिकीय एवं समन्वयगत भूमिका), चासो र सरोकार खासै व्यक्त भएको पाईदैन र सो सम्बन्धमा भए गरेका कामहरु पनि संतोषप्रद देखिदैन । त्यस तर्फ समितिको गम्भीर ध्यानाकर्षण भएको छ र उल्लेखित कुराहरुमा ध्यान दिई, सक्रिय भूमिका निर्वाह गर्न समिति राष्ट्रिय योजना आयोग र लगानी वोर्डलाई |

| | |
|---|---|
| | निर्देश गर्दछ ।<br><br>नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल, त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको सुधार एवं व्यवस्थित गर्ने सम्बन्धमा यस समितिले २०७१।१२।०२ गते र २०७१।१२।०९ गते बसेको बैठकले दिएका निर्देशनहरु तथा स्थलगत भ्रमण पश्चात दिएको प्रतिवेदनको कार्यान्वयनमा सुस्तता देखिएको छ । अझै पनि यो विमानस्थल विश्वको १० औं जोखिमयुक्त विमानस्थलमा पर्ने भनिन्छ भने विमान अवतरण गर्ने क्रममा कुकुरको हुल छिर्ने, वादरले दु:ख दिने, चरा ठोक्किने लगायतका समस्या जस्ताका तेस्तै छन् । तसर्थ उल्लेखित निर्देशन तथा प्रतिवेदन कडाईकासाथ कार्यान्वयन गर्न, गराउन समिति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा नागरिक उड्डयन प्राधिकरण र त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थललाई निर्देश गर्दछ । |
| २०७३।१०।१९ | समितिको आजको बैठकमा सडक विभाग अन्तरगत निर्माण भएका तथा हुने पुलहरुको सम्बन्धमा, जीर्ण अवस्थामा रहेका/आयू सकिन लागेका पुलहरुको पुन:निर्माण, निर्धारित समय सीमाभित्रै पुलहरु निर्माण हुन नसक्नुका कारणहरु, चुनौतीहरु, समस्याहरु, जिम्मेवार पक्ष र समाधानका लागि गरिएका प्रयासहरु, पुल निर्माणमा हालसम्मको लक्ष्य एवं कार्यप्रगति, पुलहरुको मर्मत सम्भारको अवस्था, पुल निर्माण गर्नु पर्ने भनि पहिचान गरिएका स्थानहरु एवं सम्पूर्ण पुलहरुको संख्यात्मक तथा संरचनागत विवरण र ती पुलहरुको विद्यमान अवस्थाका सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सम्बन्धित मन्त्रालय तथा आयोगका सचिवहरु, सडक विभागका महानिर्देशक तथा सम्बद्ध पदाधिकारीहरुसँग छलफल भयो । छलफल पश्चात् समितिले देहाय बमोजिमको निर्णय गर्‍यो :<br><br>१. सडक सञ्जाललाई विस्तार गर्न, पुल महत्वपूर्ण Component को रुपमा रहेको हुन्छ । सडकहरुलाई समयानुकूल, क्रमिकरुपमा फराकिलो तथा स्तरोन्नति गर्न सकिन्छ, तर बनिसकेको पुललाई सुदृढीकरण गर्न सकिन्छ यद्यपी फराकिलो बनाउन सकिँदैन । समग्रमा पुल निर्माणको गति एवं गुणस्तरको अवस्थालाई सामान्य संतोषजनक भन्न सकिएला तर केही स्थानहरुमा हाम्रो पुल निर्माणको गति र गुणस्तर उदेक लाग्दो समेत देखिन्छ । बाढिले पुल बगाउनुलाई स्वभाविक भन्न सकिएला तर हावाले टेको खस्दा निर्माणाधीन पुल खस्नु, बनाउँदा बनाउँदै संरचनागत समस्या सृजना हुनु, पुल पनि बनिसक्नु अनि खोलाले अन्यत्रै धार परिवर्तन गर्नुलाई के भन्ने ? यस्तो प्रकारको कार्य सम्पादनले यसै त न्यून विकास बजेट भएको हाम्रो देशको लगानीको प्रतिफल र योजनावद्ध विकासको अर्थ र औचित्य माथि नै प्रश्न उठेको छ यस्तोमा निगरानी गर्ने कार्यका लागि गठित निकायहरुको वास्तवमा नै ध्यान पुग्न सकेको देखिंदैन । तसर्थ जिम्मेवारपूर्ण ढंगबाट काम गर्न, देश विकासका लागि निर्माण गरिने पूर्वाधारहरुलाई गम्भीर रुपमा लिन विकास समिति सम्बन्धित सबैमा ध्यानाकर्षण गराउँदछ ।<br><br>२. हुलाकी राजमार्गको प्रथम तथा दोस्रो चरण अन्तरगत सम्झौता अनुसार नेपाल सरकारले बनाउने भनिएका अधिकांश ठूला पुलहरु (मेची, कन्काई, |

| | |
|---|---|
| | बिरिङ्ग, अरुण, वागमती जस्ता पुलहरु) को निर्माणका लागि टेन्डर भईसके पनि निर्माणकार्य अलपत्र अवस्थामा रहेको देखिन्छ । तसर्थ उक्त राजमार्ग अन्तरगत बन्ने पुलहरु समयभित्रै निर्माण सम्पन्न गर्न, आवश्यक परे हाल कायम रहेको ठेक्कालाई रद्ध गर्नुपर्ने भए सो समेत गरी निर्माण कार्यलाई समयमा नै सक्न र ठेक्का सम्झौता हुन बाँकी पुलहरुलाई तत्काल ठेक्का लगाई निर्माण कार्य आरम्भ गर्न गराउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागलाई निर्देश गर्दछ ।<br><br>३. बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट पुलहरुको क्षति न्यूनीकरण गर्न, भएका पुलहरुको संरक्षण तथा सामयिक रुपमा कार्यतालिका बनाई नियमित मर्मत संम्भार गर्न तथा राष्ट्रिय यातायात सञ्जालका लागि महत्वपूर्ण पुलहरु तथा अन्य भौतिक पूर्वाधारहरुको विमा १ वर्षभित्र गराइ सक्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागलाई निर्देश गर्दछ ।<br><br>४. हालको सवारी चापलाई मात्र आधार बनाएर पुलको संरचनागत डिजाइन गर्न भन्दा कम्तिमा पनि ५० वर्ष पछि हुने हाम्रो आवश्यकताको पहिचान गरी पुल तथा सडक निर्माण गर्ने कार्य गर्न गराउन, पुललाई अन्य प्रयोजनका लागि प्रयोग हुन नदिन (जस्तैः व्यापार गर्ने, प्रचार सामाग्री टास्ने, Wall Painting गर्ने जस्ता कार्यहरु गर्न नदिन) सडक सुरक्षा अभिवृद्धि गर्ने गरी Traffic Furnishing गर्न गराउन, हाल प्रयोगमा रहेका पुलहरुको प्राविधिक परीक्षण समेत गरी सडक सुरक्षा स्तर अभिवृद्धि गर्ने कार्य तत्काल गर्न गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागलाई निर्देश गर्दछ ।<br><br>५. हाल प्रयोगमा रहेका पुलहरुको स्थलगत अनुगमन गरी संरचनागत तथा संख्यात्मक विवरण तयार गर्न, गराउन, पुलहरुको नक्सांकन गरी तथ्यांक अध्यावधिक गर्न, गराउन र सोको प्रतिवेदन समितिलाई उपलब्ध गराउन, जीर्ण अवस्थामा रहेका पुलहरुको तत्काल मर्मत कार्य प्रारम्भ गरी आगामी वर्षायाम अगाडि नै मर्मत सम्पन्न गरिसक्न तथा आयू समाप्त हुन लागेका पुलहरुको प्रतिस्थापनकार्य आयू समाप्त हुने तीन महिना आगडि अनिवार्य गरिसक्न समेत समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागलाई निर्देश गर्दछ ।<br><br>६. पूर्व निर्धारित समयभित्रै सम्पन्न भएका र हुने सम्भावना देखिएका पुलहरुको संख्या नगन्य रहेको छ । पुल समय सीमाभित्रै निर्माण हुन नसक्नुको प्रमुख कारणमा निर्माण सम्बद्ध पक्षहरुको कमी कमजोरी रहेको पाइन्छ । सम्बन्धित मन्त्रालय, विभागको कमजोर इच्छाशक्ति, काम लम्ब्याउने प्रवृत्ति विद्यमान देखिन्छ भने उपभोक्ताहरुको स्वार्थ रहित प्रचुर दवावको अभाव समेत रहेको देखिन्छ । त्यसैगरी निर्माण व्यवसायीहरुले Mobilization लिएर काम नगर्ने, Variation माग गरिरहने जस्ता कारणहरु देखिएकोले सम्बन्धित सरकारी निकायलाई इच्छाशक्तिका साथ Fast Track तरिकाबाट काम गर्न, आयोजनागत रुपमा कार्य सम्पादन करार गरी काम गर्न र करार बमोजिम कार्य सम्पादन नगर्ने कर्मचारीलाई विभागीय कारवाही गर्न, समयमा नै |

| | |
|---|---|
| | निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई कालो सूचीमा राखी तत्काल कारवाही गर्न, गराउन, (यस सम्बन्धमा समितिले यस अघि पनि पटक-पटक निर्देशन दिइसकेको व्यहोरा पुनः जानकारी गराउँदै कालो सूचीमा समावेश गरिएका निर्माण व्यवसायीहरुको जानकारी समितिलाई ७ दिनभित्र उपलब्ध गराउन) गुणस्तरीय निर्माण सामाग्रीको अभाव हुन नदिन, निर्माण सम्बद्ध निकायहरु विच समन्वय गर्ने (आवश्यकता परे संयन्त्र समेत निर्माण गर्न) समिति गम्भीरताका साथ नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा सडक विभागलाई निर्देश गर्दछ ।<br><br>७. अत्याधुनिक प्रविधिको प्रयोग भैरहेको अहिलेको समयमा समेत पुलहरुको डिजाइन गर्दा आवश्यकता भन्दा बढी समय लाग्नु, उपलब्ध जनशक्तिको समय सापेक्ष प्राविधिक क्षमताको अभिवृद्धि हुन नसक्नु, लगायतका कारणहरुले समेत पुल निर्माणमा ढिलासुस्ती हुन गएको देखिएकोले पुल डिजाइनको कार्यलाई यथासक्य छिटो सक्ने गरी काम गर्न र उपलब्ध जनशक्तिको क्रमिक क्षमता अभिवृद्धि गर्न गराउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, राष्ट्रिय योजना आयोग, सडक विभागलाई निर्देश गर्दछ साथै निर्माण सम्पन्न भइसकेका पुलहरुको भुक्तानी हुन नसकेको देखिएकोले ३५ दिनभित्र निर्माण सम्पन्न पुलको भुक्तानी सम्बन्धित पक्षलाई दिन समिति उल्लेखित निकायहरुका साथै अर्थ मन्त्रालयलाई समेत निर्देश गर्दछ ।<br><br>८. पुल निर्माणका लागि बिना आधार तथा मापदण्ड छनोट गर्ने परम्परालाई निरुत्साहित गर्न एवं वृहत अनुसन्धान, स्पष्ट नीति र मापदण्डका आधारमा मात्र पुल छनोट गर्ने कार्य ३ महिनाभित्र प्रारम्भ गरिसक्न, अनुसन्धानका लागि स्रोत र साधनको व्यवस्थापन गर्न, गराउन, विश्वविद्यालयहरुसँग सहकार्य गरी अनुसन्धान गर्ने व्यवस्था समेत मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा सडक विभागलाई निर्देश गर्दछ ।<br><br>यस समितिका सदस्य माननीय गणेश ठगुन्नालाई पितृशोक परेकामा उहाँप्रति समितिले समवेदना व्यक्त गर्ने निर्णय गऱ्यो । |
| २०७३।१०।२१ | समितिको आजको बैठकमा मेलम्ची खानेपानी (पाइपलाइन विस्तार तथा पानी वितरण) आयोजनाबाट पाइपलाईन विस्तार तथा पानी वितरणको पूर्वाधार निर्माण गर्ने क्रममा खनिएका सडकहरुको शीघ्र निर्माण/मर्मत गर्ने सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, खानेपानी तथा सरसफाइ मन्त्रालयका सचिव, उपत्यका विकास प्राधिकरणका प्रमुख आयुक्त, खानेपानी तथा ढल निकास विभागका महानिर्देशक, सडक विभागका महानिर्देशक, काठमाडौं महानगरपालिका र ललितपुर उपमहानगरपालिकाका कार्यकारी अधिकृत, मेलम्ची खानेपानी आयोजना-२ का आयोजना प्रमुख लगायतका सम्बद्ध पदाधिकारीहरुसँग छलफल भयो । छलफल पश्चात् समितिले देहाय बमोजिमको निर्णय गऱ्यो :<br><br>१. मेलम्ची खानेपानी (पाइपलाइन विस्तार तथा पानी वितरण) आयोजना-२ बाट काठमाडौं उपत्यकामा पानी वितरणका लागि ६७० कि.मि. पाइपलाइन |

| | |
|---|---|
| | विस्तार गर्नु पर्ने तथा हाल भइरहेको वितरण सञ्जाल समेत सुधार गर्नु पर्ने कार्य लक्ष्य अनुरुप तीव्र गतिमा भईरहेको पाइन्छ । यद्यपी पाइपलाइन विस्तारको क्रममा खनिएका सडक खण्डहरुको पुनर्निर्मण/मर्मत संम्भार सम्बन्धी कार्यले गतिलिन नसकेको कारण काठमाडौं उपत्यका अत्याधिक प्रदुषित भएको छ । यस सम्बन्धमा काठमाडौं उपत्यका विकास प्राधिकरण, सडक विभाग, काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका र मेलम्ची खानेपानी आयोजना-२ विच हुनुपर्ने जति समन्वय एवं सहकार्य हुन सकेको नदेखिएकोले मेलम्ची खानेपानी आयोजना-२ ले खनेका सडकहरु पुर्नस्थापना/पुनर्निर्माण/मर्मत सम्भार गर्ने सम्बन्धमा स्पष्ट कार्ययोजना, कार्यतालिका र समय सीमा निर्धारण गरी अधिकतम समन्वय गरी (आवश्यकता अनुसार समन्वयात्मक बैठक बसी) तुरुन्तै खनिएका सडकहरुको पुनर्निर्माण/मर्मत सम्भारको कार्य शीघ्र गतिमा गर्न गराउन समिति उल्लेखित निकायहरुलाई निर्देश गर्दछ ।<br><br>२. मेलम्ची खानेपानी पाइपलाइन विस्तार गर्ने कार्यका लागि जमिनमाथिको सतह नबिगारी जमिन मुनी खोदान गर्ने र पाइप विच्छ्याउने प्रविधिको प्रयोग नगरी परम्परागत प्रविधिको नै प्रयोग भएका कारण अत्याधिक धुलोको उत्पादन हुन गएको देखिन्छ । तसर्थ आगामी दिनहरुमा जमिनको सतह नविगारी भूमिगतरुपमा नै खोदान गर्ने प्रविधि भित्राई प्रयोग गर्न गराउन, अहिलेको प्रदुषण कम गर्न नियमित पानी छर्कने व्यवस्था मिलाउन, उपलब्ध ब्रुमर मेसिनको नियमित प्रयोग गर्न, गराउन समिति मेलम्ची खानेपानी आयोजना-२ लाई निर्देश गर्दछ । त्यसै गरी काठमाडौंको सरसफाईको लागि आवश्यक पर्ने ब्रुमर मेसिनहरु छिटो भन्दा छिटो खरिद गरी प्रयोगमा ल्याउन समिति काठमाडौं महानगरपालिकालाई निर्देश गर्दछ ।<br><br>३. पानी वितरणका लागि विच्छ्याइएका पाइपहरुको परीक्षण तथा प्रेसर जाँचको कार्यमा हुने ढिलाइले सडकहरुको पुनर्निर्माण/मर्मत सम्भारमा ढिलाइ हुने गरेको, हालसम्म कुनै पनि सडकखण्डमा पाइप विस्तारको कार्य सम्पन्न गरी सडक पुनर्निर्माणका लागि सडक विभाग तथा अन्य सम्बन्धित निकायलाई मेलम्ची खानेपानी आयोजना-२ ले सम्झौता/समझदारी अनुसार हस्तान्तरण नगरेको, पाइपलाइनको कार्यगर्दा व्यक्तिगत तथा सार्वजनिक खानेपानीका पाइप, ढल, टेलिफोन, बिजुली तथा अन्य भौतिक संरचनाहरुमा हुन पुगेको क्षति तुरुन्त मर्मत हुन नसकेको र उल्लेखित निकायहरुसँग आवश्यक समन्वयमा समेत कठिनाई उत्पन्न भएको जस्ता कारणहरुले खनिएका सडक पुर्नस्थापना/मर्मत सम्भार कार्य जटिल बन्न गएकोले बिच्छ्याइएका पाइपको तत्काल परीक्षण गरी पुनर्निर्माण तथा मर्मत सम्भारका लागि १५ दिनभित्र सडक विभाग एवं सम्बन्धित निकायलाई हस्तान्तरण गरिसक्न समिति मेलम्ची खानेपानी आयोजना -२ लाई निर्देश गर्दछ । साथै हस्तान्तरण भई आएका सडक खण्डहरुको पुनर्निमाणको कार्य हस्तान्तरण भएको मितिले ४५ दिनभित्र निर्माण सम्पन्न गरिसक्न समिति भौतक पूर्वाधार तथा यातायात मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय, काठमाडौं उपत्यका विकास प्राधिकरण, सडक विभाग, काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, मेलम्ची खानेपानी |

| | |
|---|---|
| | आयोजना-२ एवं सम्बन्धित निकायलाई निर्देश गर्दछ ।<br>४. पाइपलाइन विस्तारका क्रममा खनिएका सडकहरुको पुर्नस्थापना तथा नियमित मर्मत सुधारको लागि आवश्यक पर्ने निर्माण सामाग्रीको उपलब्धतामा (खास गरी Asphalt तथा Crusher Material मा) अभाव हुन नदिन तथा भूकम्पका कारण टेको लगाएर अड्याएका संरचनाहरुका कारण Roller चलाउन अप्ठ्यारो पर्ने समस्याको निकास खोज्न समेत समिति गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, काठमाडौँ महानगरपालिका र ललितपुर उप महानगरपालिकालाई निर्देश गर्दछ ।<br>५. पाइपलाईन विस्तार तथा पानी वितरण सम्बन्धी कार्य गर्दा सकेसम्म वातावरण प्रदुषण कम गर्न, ट्राफिक आवत जावतलाई सकेसम्म असहज नबनाउँन, अझै थप जनशक्ति परिचालन गरी रातीको समयमा प्रभावकारी रुपमा कार्यसम्पादन गर्न समिति मेलम्ची खानेपानी आयोजना -२ लाई र सडकहरुको पुनर्निर्माण/मर्मत सम्भारको कार्य समेत राती गर्न, गराउन एवं खनिएका भागलाई तत्काल पुरी यथासम्भव छिटो Prime Coat गर्ने व्यवस्था मिलाउन समिति काठमाडौँ उपत्यका विकास प्राधिकरण, सडक विभाग, काठमाडौँ महानगरपालिका र ललितपुर उप महानगरपालिकालाई निर्देश गर्दछ ।<br>६. हाल सडक खनिएको अवस्थामा संभव भएसम्म Optical Fiber, टेलिफोन, विजुलिका तार, केवलहरु समेत बिछ्याउन र सडक मुनी बिछ्याइएका यस्ता वस्तुहरुको स्पष्ट नक्सांकन तथा Color Coding संकेतहरु राख्न, स्पष्ट देखिने गरी संकेत राख्न तथा GPS/GIS Map समेत तयार गर्न गराउन र Utility Tunnel को अवधारणा बमोजिम Tunnel निर्माण गरी Tunnel अन्तरगत नै यस्ता संरचनाहरुको निर्माण गर्न गराउन समिति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय, मेलम्ची खानेपानी आयोजना, सडक विभाग, काठमाडौँ महानगरपालिका र ललितपुर उप महानगरपालिका लगायत सम्बन्धित निकायलाई निर्देश गर्दछ ।<br>मेलम्ची खानेपानी अयोजनाबाट प्राप्त हुने पानी वितरणमा कुनै प्रकारको समस्या नआउने गरी काठमाडौँ उपत्यका खानेपानी लिमिटेडको व्यवस्थापकीय तथा प्राविधिक दक्षता समयमा नै अभिवृद्धि गर्न गराउन, समिति नेपाल सरकार, खानेपानी तथा ढल निकास विभागलाई निर्देश गर्दछ । त्यसैगरी सडकको जमिन मुनी रहेका विभिन्न भौतिक संरचनाहरु मर्मत संभारको क्रममा पुग्न गएको/जाने क्षतिको मर्मत संभार क्षति पुऱ्याउने सम्बन्धित निकायले नै व्यहोर्नु पर्ने व्यवस्था मिलाउन समिति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, खानेपानी तथा ढलनिकास विभाग लगायत सम्बन्धित निकायलाई निर्देश गर्दछ । |
| २०७३।११।४ | समितिको आजको बैठकमा नेपाल पूर्वाधार सम्मेलनको दोस्रो संस्करणका लागि छनौट भएका दशओटा पूर्वाधार सम्बन्धी अवधारणा (Idea) का बारेमा सम्बन्धित व्यक्तित्वहरु र नेपाल उद्योग परिसंघका पदाधिकारीहरुसँग समितिमा विस्तृत रुपमा |

| | |
|---|---|
| | छलफल भयो । छलफल पश्चात समितिले देहाय बमोजिम निर्णय गऱ्यो :<br>१. आज यस समितिमा प्रस्तुत विषयवस्तुहरु खास गरी पूर्वाधार विकासका Specific Component हरु PPP Model Based मा विकास गर्न सकिन्छ भन्ने Theme का साथ प्रस्तुत भएको पाइयो । विकासका लागि Local Innovation पनि अपरिहार्य छ । समिति Idea प्रस्तुत गर्ने व्यक्तित्वहरुलाई धन्यवाद दिन चाहन्छ । प्रस्तुत Idea हरुमध्ये महत्वपूर्ण अवधारणाका सम्बन्धमा समितिले आगामी दिनमा सम्बन्धित मन्त्रालयसँग छलफल गर्ने नै छ ।<br>PPP Model नेपालको हकमा कति प्रभावकारी छ, यसका गुण र दोषहरुका सम्बन्धमा तथा कुन प्रक्रियाबाट पूर्वाधार निर्माणको गतिलाई तिव्रता दिन सकिन्छ, र पूर्वाधार विकास गर्न एक छुट्टै अधिकार सम्पन्न प्राधिकरण जरुरी छ वा छैन लगायतका विषयमा आगामी दिनमा निजी क्षेत्रसँग पनि छलफल गर्ने निर्णय भयो । |
| २०७३।११।८ | समितिको आजको बैठकमा नेपाली सेनाले निर्माण गरिरहेको सडकहरुको कार्य प्रगति सम्बन्धमा रक्षा मन्त्रालयका माननीय मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, रक्षा मन्त्रालयका सचिव, जंगी अड्डा-विकास निर्माण निर्देशनालयका पदाधिकारीहरु एवं सडक विभाग लगायत सम्बद्ध पदाधिकारीहरुसँग छलफल भयो । छलफल पश्चात समितिले देहाय बमोजिम निर्णय गऱ्यो :<br>१. राज्यको लगानीबाट प्राप्त हुने प्रतिफललाई हेर्ने हो भने सडकमा गरिने लगानी अत्याधिक प्रतिफल मूलक भएको पाइन्छ । सडक सञ्जालले यातायात पहुँचमा अभिवृद्धि गर्दै आर्थिक वृद्धि एवं विकासमा समेत गतिशीलता सृजना गर्छ । सडक अन्य विकासको समेत पूर्वाधार हो र समृद्धिको बाटो हो । भनिन्छ, हामीसँग सबै किसिमको गरेर ५२ हजार किलोमिटर मात्रै सडक सञ्जाल छ र हालै मात्र नेपालका २ वटा विकट जिल्ला हुम्ला र डोल्पा समेत सडक सञ्जालले छुन पुगेको छ । यद्यपी नेपालमा कस्तो Parameter को कति सडक चाहिन्छ भन्ने सम्बन्धमा विस्तृत अध्ययन तथा अनुसन्धान हुन सकेको छैन । साथै प्रति वर्ष कूल ग्राह्यस्थ उत्पादनको बढीमा तीन प्रतिशत भन्दा बढी यस क्षेत्रमा लगानी भएको पनि छैन । तसर्थ अन्य विकासलाई टेवा दिने, अर्थतन्त्रलाई सक्रिय बनाउने, सडक माथिको लगानीलाई आगामी दिनमा कम्तीमा दोब्बर प्रतिशतले बढाउन तथा नेपालको आवश्यकता अनुरुप कस्तो Parameter को कति सडक चाहिने हो र कहिले सम्ममा बनाइसक्ने हो सो सम्बन्धमा विस्तृत अध्ययन अनुसन्धान यही आर्थिक वर्षभित्र गरी सक्न र आगामी आर्थिक वर्षबाट उच्च गतिमा कार्यान्वयमा लैजान समिति नेपाल सरकार तथा सडक निर्माणसँग सम्बन्धित सम्पूर्ण सरकारी निकायलाई निर्देश गर्दछ ।<br>२. भूपरिवेष्ठित हाम्रो देश नेपालको समग्र विकासका लागि सडक सञ्जालको विस्तार हुनु अनिवार्य छ । हाम्रो देशको कूल भूभागको ८३ प्रतिशत भूभाग हिमाली तथा पहाडी भागले र १७ प्रतिशत समथर भूभागले ओगटेको छ । समथर भूभागको तुलनामा पहाडी तथा हिमाली भेगमा सडक निर्माण गर्नु बढी नै चुनौती पूर्ण तथा बढी खर्चिलो समेत हुने गर्दछ । नेपाली सेनाले जिम्मा लिएका कर्णाली करिडोर, डोल्पा दुनै सडक खण्ड, मैलुङ-स्वाफुवेशी, |

| | |
|---|---|
| | कालिगण्डकी करिडोरको गुल्मी वागलुङ खण्ड लगायतका सडक खण्डहरु एवं कठिन भूभागमा ट्र्याक खोल्नेकार्यहरुमा नेपाली सेनाको भूमिका प्रभावकारी रहेको देखिन्छ । सडक निर्माणमा नेपाली सेना, सडक विभाग र डोलिडारले आपसी समन्वय र सहकार्य गरेमा द्रुत गतिमा सडक सञ्जाल विस्तार हुन सक्ने देखिएकोले समितिको यो बैठक भौतिक पूर्वाधार तथा यातयात मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, रक्षा मन्त्रालय, नेपाली सेनालाई आपसी समन्वय एवं सहकार्य गरी सडक निर्माण कार्यलाई तिव्र गति दिन निर्देश गर्दछ ।<br><br>३. सडक निर्माणको सम्बन्धमा खास गरी Right of way सम्बन्धी समस्या, जग्गा अधिग्रहणमा देखिएको समस्या, वातावरणीय प्रभाव मूल्यांकनमा हुने ढिलासुस्ती, निर्माण सामाग्रीको सहज उपलब्धतामा कमी, विस्फोटक पदार्थको उपलब्धतामा देखिने समस्या, निर्माण व्यवसायीबाट समयमा नै कार्य सम्पादन नहुने, आधुनिक प्रविधिको प्रयोगमा अभाव लगायतका कुराहरुले प्रभाव पारिरहेको देखिन्छ । उल्लेखित समस्याहरुलाई समाधान गर्न विकास समितिले बारम्बार निर्देश गरिरहेता पनि हुन पर्ने जति सुधार हुन सकेको छैन । सम्बन्धित सरकारी निकायका पदाधिकारीहरुमा देखिने Portfolio/ Protocol Consciousness का कारण देखिएको समन्वयको अभाव र निर्माण व्यवसायीको लापरवाही अझै पनि प्रमुख कारक तत्वका रुपमा देखिएकोले उल्लेखित समस्यालाई तत्काल समाधान गर्न समितिले निरन्तर प्रयास गरेता पनि सरकार एवं सम्बन्धित निकायमा अझै उदासिनता देखिएकोले समिति पुनः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, रक्षा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ ।<br><br>४. त्यसै गरी सडक निर्माण सम्बन्धमा नेपाली सेनाले निश्चित समयभित्र (जस्तै २ वर्षभित्र) कति काम गर्ने हो स्पष्ट किटान गरिदिन तथा सोका लागि आवश्यक बजेटको अख्तियारी समयमा नै प्रदान गर्ने गरी कार्य सम्पादन गर्न, यस आर्थिक वर्षमा नेपाली सेनाले निर्माण गरिने भनिएका सडक खण्डहरुको लागि आवश्यक बजेट (जुन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले बाँडफाँड गर्ने हो) १५ दिनभित्र उपलब्ध गराउन/अख्तियारी दिन, विस्फोटक पदार्थको आयातमा देखिएको समस्या कुटनीतिक पहल गरी यथाशीघ्र समाधान गर्न समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । साथै नेपाली सेनाले निर्माण गर्ने अख्तियारी पाएको गोरखाको बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ् सडक खण्ड निर्माणका लागि आवश्यक प्रक्रिया छिटो स्वीकृत गर्न तथा बजेट निकासा तुरुन्तै उपलब्ध गराउन समिति राष्ट्रिय योजना आयोग सहित उल्लेखित मन्त्रालयहरुलाई निर्देश गर्दछ ।<br><br>५. विकास निर्माणका पूर्वाधार एवं संरचनाहरु निर्माणमा आम नेपाली नागरिकको नेपाली सेना प्रतिको बढ्दो आशा तथा अपेक्षा एवं देश, काल, |

| | |
|---|---|
| | परिस्थिति अनुसार विकास निर्माणका क्षेत्रमा नेपाली सेनाले बहन गर्नु पर्ने थप जिम्मेवारीलाई समेत मध्यनजर गर्दा हाल नेपाली सेना अन्तर्गतको विकास निर्माण निर्देशनालयको संगठन विस्तार र सुदृढीकरण गरी आवश्यक प्राविधिक जनशक्ति, उपकरण, तालिम लगायतका क्षेत्रमा क्षमता अभिवृद्धि गर्नु सान्दर्भिक र अत्यावश्यक देखिएकोले आवश्यक व्यवस्था हुन समिति पुनः नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रक्षा मन्त्रालय तथा नेपाली सेना, सैनिक मुख्यालयलाई समेत निर्देश गर्दछ ।<br><br>त्यसैगरी आफूलाई प्राप्त भएको विकास निर्माण सम्बन्धी जिम्मेवारीलाई अझबढी प्रभावकारीरुपमा तथा समयसीमाभित्र सक्ने गरी उच्च मनोवलका साथ काम गर्न समिति नेपाली सेनालाई निर्देश गर्दछ । साथै विकास समितिले निर्माणाधिन सडक खण्डहरु मध्ये जटिल प्रक्रितिको सडक खण्डको स्थलगत अध्ययन भ्रमण गर्न आवश्यक देखेकोले सोको प्रवन्ध/व्यवस्थापनका लागि समेत समिति विकास निर्माण निर्देशनालय, जंगी अड्डालाई निर्दश गर्दछ । |
| २०७३।११।१३ | समितिको आजको बैठकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले मस्यौदा गरेको स्थानीय तहको शासन सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका माननीय मन्त्री, माननीय राज्य मन्त्री, मन्त्रालयका सचिव एवं सम्बद्ध पदाधिकारीहरुसँग छलफल भयो । छलफलको क्रममा उठेका विषयवस्तुहरुलाई लिखित सुझाव सहित आगामी आइतबार संघीय मामिला तथा स्थानीय विकास मन्त्राललाई लेखि पठाउने निर्णय भयो । |
| २०७३।११।१९ | समितिको आजको बैठकमा स्थानीय तथा राष्ट्रिय स्तरमा हुने विकास निर्माणको कार्यलाई थप प्रभावकारी बनाउने सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका माननीय मन्त्री, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यबाहक माननीय प्रमुख आयुक्त एवं माननीय आयुक्तहरु साथै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय एवं उल्लेखित मन्त्रालय तथा निकायका सचिवहरु लगायत सम्बद्ध पदाधिकारीहरुसँग छलफल भयो । छलफल पश्चात् समितिले देहायको निर्णय गऱ्यो :-<br><br>१. नेपालले आफ्नो कूल ग्राह्यस्थ उत्पादनको बढीमा ४ प्रतिशत रकम मात्रै पूर्वाधार विकास निर्माणमा खर्च गर्दै आइरहेको कारण पूर्वाधार विकासले तिब्रता लिन सकेको देखिंदैन । यस आर्थिक वर्षको लागि कूल बजेटको ३० प्रतिशत भन्दा कम रकम पूँजीगत खर्च र ७० प्रतिशत भन्दा बढी रकम चालु खर्च तर्फ छुट्याइएको भएता पनि आजका दिन सम्म (साढेसात महिनाको अवधिमा) पूँजीगत खर्च १३ प्रतिशत भन्दा बढी हुन सकेको छैन तथापी यस आर्थिक वर्षमा पूँजीगत खर्च ९० प्रतिशत माथि पुऱ्याउने सरकारको लक्ष्य देखिन्छ । बाँकी साढेचार महिनामा ८७ प्रतिशत पूँजीगत खर्च सम्भव होला भनेर विश्वास गर्ने अवस्था छैन । यद्यपी आर्थिक वर्षको अन्त्यमा एकैपटक पूँजीगत खर्चमा भारीवृद्धि भएको देखिने/देखाउने प्रचलन रहिआएको समेत पाइन्छ । समय सापेक्ष पूँजीगत खर्च नहुनुको एक प्रमुख कारणको रुपमा विगतमा अधिकांश आयोजनाहरुको प्रारम्भिक |

| | |
|---|---|
| | कार्यसम्पादनकै अवस्थामा सम्भावित खोट देख्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यगत प्रवृत्ति र यसबाट ससंकित हुने र निर्णय लिन ढिलासुस्ती गर्ने वा निर्णय नै नगर्ने प्रशासनतन्त्र जिम्मेवार देखिन्छ । योजना बनाएर त्यसको कार्यान्वयन गर्ने अवस्था नबनेसम्म पूर्वाधार विकास सुस्त नै हुन्छ । तसर्थ विकास आयोजनाहरुमा हुने अख्तियार दुरुपयोगको नियमित रुपमा निगरानी गरी सचेत गराउन र मनसायगत तथा कार्यगतरुपमा अख्तियारको दुरुपयोग गर्नेलाई परियोजनाको समाप्ति पश्चात् कारवाही गर्न गराउन तथा विकास मैत्री हुन समितिको यो बैठक अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गर्दछ । त्यसैगरी आर्थिक वर्षको अन्त्यतिर मात्रै पूँजीगत खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देश गर्दछ ।<br><br>२. स्थानीय स्तरमा हुने साना तथा मध्यमस्तरीय विकास निर्माणका कार्य सम्पादन गर्ने सन्दर्भमा सार्वजनिक खरिद नियमावली तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीमा देखिएका परस्पर बाझिने प्रावधानहरु बाधक रहेको देखिएकोले उक्त विरोधाभाषपूर्ण प्रावधानहरुलाई १५ दिनभित्र नीतिगतरुपमा समाधान गर्न, स्थानीय तहमा लागत सहभागिता, उपभोक्ता समूह वा लाभग्राही समूहमार्फत काम गराउँदा स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको प्रावधान बमोजिम कार्यसम्पादन गर्न, गराउन, मेसिन प्रयोग गरी कामगर्न पाउने व्यवस्था १५ दिनभित्र मिलाउन, तथा उपभोक्ता समिति वा लाभग्राही समूहबाट हुने अनियमिततालाई समेत छानविनको दायरामा ल्याई दोषीलाई कारवाही गर्न समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश गर्दछ ।<br><br>३. विकास आयोजना/परियोजनाहरु टेन्डर प्रक्रियामा जाँदा आफ्नो क्षमताभन्दा पनि बढी आयोजना/परियोजनाहरु होल्ड गरेर राख्ने निर्माण व्यवसायिहरुको प्रवृत्ति देखिन्छ । जसले गर्दा समयमा नै कुनै पनि परियोजना/आयोजनाहरु सम्पन्न हुन सक्दैनन् । जसबाट सन् २०३० सम्ममा हासिल गर्ने भनिएको विकासको लक्ष्य हासिल नहुने स्वतः स्पष्ट देखिन्छ । तसर्थ निर्माण व्यवसायीहरुको Bid Capacity अनुसार मात्र ठेक्का दिने कार्य आजका मितिबाट गर्न गराउन, बजेट सुनिश्चित नभई ठेक्का नलगाउन, योजना सम्पन्न भइसकेपछि पनि भुक्तानी दिन नसक्ने अवस्थाको अन्त्य गर्न, योजनाका लागि छुट्याइएका रकमहरु रकमान्तर नगर्न तथा सार्वजनिक खरिद ऐन, नियम बमोजिम Bidding मा चित्त नबुझाउने निर्माण व्यवसायीहरुलाई पुनरावलोकन समितिमा निवेदन दिने प्रक्रिया अनिवार्य पालना गर्न गराउन, mobilization लिएर काम नगर्ने निर्माण व्यवसायीलाई तत्काल कारवाही गर्न समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा सम्बद्ध निकायहरुलाई निर्देश गर्दछ । साथै उल्लेखित विषयहरुमा छानविन एवं निगरानी गर्न समिति अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देश |

| | |
|---|---|
| | गर्दछ ।<br><br>४. पूर्वाधार विकास निर्माण कार्यलाई तिब्र गतिमा अगाडि बढाउनु पर्ने आजको पहिलो आवश्यकता छ भने आर्थिक अनुशासन, जवाफदेहिता तथा उत्तरदायी पूर्ण प्रशासन संरचनाको निर्माण गर्नु पर्ने उत्तिकै आवश्यकता भएकोले हालको विकास प्रशासनलाई समसामयिक रुपमा स्तरोन्नति गर्न, सुधार गर्न, जवाफदेहिता पन्छाउने कर्मचारीलाई तुरुन्तै मन्त्रालयगत रुपमै कारवाही गर्न तथा अधिकारको प्रयोग नगर्ने, जिम्मेवारी निर्वाह नगर्ने, प्रतिफलमूलक कार्यसम्पादन नगर्ने, एवं विकास मैत्री नहुने विकास प्रशासनसँग सम्बन्धित जनशक्तिलाई तत्काल कारवाहीको दायरामा ल्याउन र नियमित निगरानी गर्न समिति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत सम्बन्धित मन्त्रालयलाई निर्देश गर्दछ ।<br><br>विकास आयोजना/परियोजनाहरु कार्यान्वयन गर्ने मन्त्रालय तथा मातहत निकायहरुबाट हरेक आर्थिक वर्षमा के कति विकास निर्माणसँग सम्बन्धित कार्य सम्पादन भएको छ सोको प्रगति विवरण व्यवस्थापिका-संसद तथा सम्बन्धित समितिहरुलाई हरेक वर्ष जानकारी गराउने प्रचलन रहेको देखिंदैन । आफू तथा माताहत निकायहरुबाट हरेक वर्ष गरिएका र गरिने कार्यहरुको जानकारी व्यवस्थापिका-संसद तथा समितिहरुलाई दिनुपर्ने दायित्व सम्बन्धित मन्त्रालयको भएकोले यसै आर्थिक वर्षदेखि आफूले गरेको कामको प्रगति विवरण प्रतिवेदन व्यवस्थापिका-संसद तथा सम्बन्धित समितिमा आर्थिक वर्ष समाप्त भएको मितिले ३० दिनभित्र पेश गरिसक्न समिति नेपाल सरकार तथा सम्बन्धित मन्त्रालयलाई निर्देश गर्दछ । |
| २०७३।१२।२ | समितिको आजको बैठकमा "तेह्रौं आवधिक योजनाको कार्यान्वयनको समीक्षा र आगामी आ.व.का लागि प्राथामिकीकरण गरिएका आयोजनाहरुको प्रभावकारी कार्यान्वयनको तयारी र सुधारका पक्षहरु" सम्बन्धमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय सदस्यहरु र आयोगका सचिवसँग छलफल भयो । छलफल पश्चात् समितिले देहायको निर्णय गऱ्यो :-<br><br>१. वि.सं. २०१३ सालदेखि देश विकास गर्ने मुख्य उद्धेश्यका साथ सुरु गरिएको आवधिक योजनाहरु हालसम्म कार्यान्वयको चरणमा आइपुग्दा तेह्रौं आवधिक योजनाका ६० वर्ष वितिसकेको अवस्था रहेको छ । हामीले आवधिक योजना सूरु गर्दाकौ अवस्थामा अन्य देशहरुले पनि आवधिक योजनाहरु सुरु गर्दै थिए । तर यस अवधिको प्रतिफलको मूल्यांकन गर्ने हो भने हाम्रा आवधिक योजनाका कार्यान्वयनबाट प्राप्त भएको प्रतिफल अन्य देशमा प्राप्त भएको प्रतिफलसँग तुलना योग्य छ भनी कल्पना सम्म पनि गर्न सकिंदैन । योजना निर्माणदेखि कार्यान्वयन तहसम्म सुधारका पक्षहरु धेरै थिए र छन् यद्यपी सुधारको पक्षले प्राथमिकता पाएको समेत खासै पाईदैन । तेह्रौं योजनाको कालखण्डसम्म हाम्रो योजनाहरु कति प्रभावकारी भए, नेपालको विकासमा कति योगदान पुऱ्याए भनि समिक्षा गर्ने समय आइसकेको छ । तसर्थ समितिको यो बैठक हाल सम्मका कार्यान्वयन भएका योजनाहरुको वास्तविक |

प्रभावकारिताको निश्पक्ष तथा स्वतन्त्र अध्ययन अनुसन्धान गरी मूल्यांकन गर्न, विज्ञहरु/प्राज्ञहरु सहितको तेस्रो पक्ष मूल्यांकन (Third Pary Evalutiation) गर्ने व्यवस्था १ महिनाभित्र मिलाइसक्न र मूल्यांकन प्रतिवेदन ६ महिनाभित्र तयार गरी सार्वजनिक गर्न तथा समितिलाई उपलब्ध गराउन समेत राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ ।

२. राष्ट्रिय गौरवका आयोजनाहरु समयमा नै सम्पन्न भएका एउटा पनि उदाहरण छैनन् । सन् २००७ मा सम्पन्न हुनेगरी सन् २००१ मा सुरु भएको मेलम्ची खानेपानी आयोजना अझ सम्म पनि सम्पन्न हुन सकेको छैन । तसर्थ राष्ट्रिय गौरवका आयोजनालाई द्रुत मार्ग (Fast Track) बाट समयमा नै प्रभावकारी रुपमा सम्पन्न गर्न आवश्यक पर्ने कानुन (विकास कानुन संहिता) को मस्यौदा १ महिनाभित्र संसदमा दर्ता गराईसक्न समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ ।

३. विकास भनेको योजना बनाउनु मात्रै होइन, योजना परीक्षण गरी समयभित्रै कार्यान्वयन गर्न सकेमात्र बनाएका योजनाको सार्थकता हुन्छ । राष्ट्रिय योजना आयोगले योजना बैंकको रुपमा काम गर्नुपर्नेमा सो हुन सकेको समेत देखिंदैन । तसर्थ राष्ट्रिय योजना आयोगलाई राष्ट्रिय योजना बैंकको रुपमा समेत काम गर्न समिति राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ । साथै सोको आवश्यक व्यवस्थापनका लागि समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत निर्देश गर्दछ ।

४. लगानीको सुनिश्चितता नभई योजना कार्यान्वयनमा लैजाने, ठूला योजना/आयोजनाहरुका लागि प्रारम्भमा नै आवश्यकता अनुसार बजेट बिनियोजन नगर्ने, सारै नै थौरै रकम मात्र बिनियोजन हुने भएकोबाट समेत योजनाहरुको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । यस्तै अवस्था आगामी दिनमा पनि कायम राख्ने हो भने भावी योजनाहरुको सम्भाब्य कार्यान्वयनको अवस्था सन्तोषजनक होला भनेर अनुमान गर्ने आधार समेत देखिंदैन । तसर्थ समितिको यो बैठक योजना कार्यान्वयनमा लैजादा पुग्ने बजेट बिनियोजन गर्न समयभित्रै कार्यसम्पादन गर्न गराउन र सम्बन्धित मन्त्रालयहरुले कार्यान्वयन गर्ने योजनाहरुको कार्यान्वयन तहमा राष्ट्रिय योजना आयोगको भूमिका अत्याधिक न्यून तथा कम प्रभावकारी रहेको देखिएकोले सक्रिय भूमिका निर्वाह गर्न गराउन समिति राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ ।

५. स्थानीय तहको पुर्नसंरचना भैसकेको अवस्थामा अव बनाइने योजनाहरु पनि संघीयता मैत्री हुनु पर्ने देखिन्छ । स्थानीय तहको संरचनामा भएको परिवर्तनले हालको परियोजना चक्र (Project Cycle) मा केही परिवर्तन गर्नु पर्ने देखिएकोले सो सम्बन्धमा स्पष्ट अवधारणा तय गर्न, एउटै कामलाई पटक-पटक नगर्ने पद्धतिको विकास गर्न, भौतिक पूर्वाधार निर्माण गर्ने निकायबिच अझै पनि समन्वयको ठूलो समस्या रहेकोले समन्वय गर्ने कार्यलाई सुदृढ र प्रभावकारी बनाउन समिति राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ ।

| | |
|---|---|
| | ६. योजनाहरु बनाउँदा प्राविधिक रुपमा सक्षम (Viable) बनाउन, योजना कार्यान्वयनमा देखिएका समस्याहरु छोटो प्रक्रियाद्वारा समाधान गर्न, अख्तियारी समयमा नै दिन, आयोजना पूर्व गर्नु पर्ने तयारीका कामहरुलाई सकेर मात्र कार्य प्रारम्भ गर्न समिति राष्ट्रिय योजना आयोगलाई पुनः निर्देश गर्दछ ।<br><br>संघीयता कार्यान्वयनको लागि निर्वाचन अत्यावश्यक छ । निर्वाचनको समयमा विकास निर्माणका कार्यहरु प्रभावित हुने देखिन्छ । विकास निर्माणका कार्य प्रभावित हुँदा देशको समग्र आर्थिक वृद्धिमा समेत असर गर्ने भएकोले निर्वाचनको समयमा पनि भौतिक पूर्वाधार निर्माणका कार्य प्रभावित नहुने व्यवस्था मिलाउन समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय, राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ । साथै उल्लेखित विषयमा समिति निर्वाचन आयोगको समेत ध्यानाकर्षण गराउँदछ । |
| २०७३।१२।८ | समितिको आजको बैठकमा स्थानीय निकायको पुनसंरचना पछि गठित स्थानीय तहको व्यवस्थापन गर्ने सम्बन्धमा भएको तयारी, समस्या तथा समाधानका सम्बन्धमा माननीय उपप्रधान तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्री र मन्त्रालयका सचिव एवं सम्बद्ध पदाधिकारीहरुसँग छलफल भयो । छलफल पश्चात् समितिले देहायबमोजिमको निर्णय गऱ्यो :-<br><br>१. नेपाल सरकारको उपप्रधान तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मन्त्रीको जिम्मेवारी सम्हाल्नु भएकोमा मा० कमल थापाज्यूलाई समितिको यो बैठक बधाई व्यक्त गर्दै वहाँको कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गर्दछ ।<br><br>२. नेपालको संविधान अनुरुप संघीयता कार्यान्वयन गर्ने क्रममा पुर्नसंरचना गरिएका स्थानीय तहहरु (४ महानगरपालिका, १३ उपमहानगरपालिका, २४६ नगरपालिका, ४८१ गाउँपालिका) को व्यवस्थापन गर्ने कार्य त्यति सरल छैन, चुनौति पूर्ण नै छ । यद्यपी निकट भविष्य (२०७४ साल वैशाख ३१ गते) मा हुने स्थानीय तहको निर्वाचनका लागि समेत स्थानीय तहको व्यवस्थापन यथाशीघ्र गरिसक्नु पर्ने बाध्यात्मक अवस्था रहेको छ । स्थानीय तहको चुस्त दुरुस्त व्यवस्थापनले नै निर्वाचन सम्बद्ध कार्यसम्पादन प्रभावकारी रुपमा हुने भएकोले स्थानीय तहमा अपुग जनशक्ति (कर्मचारीहरु) यथाशीघ्र खटन पटन गरिसक्न, स्थानीय तहका कार्यलयहरुको काम नियमित रुपमा सम्पादन हुन सक्ने अवस्था (छाप, Letter Pad, फारमहरु, आवश्यक स्रोत साधन, बजेट निकासा, खाता सञ्चालन, कार्यालयको व्यवस्थापन आदि समयमा नै उपलब्ध गराई) नियमित कार्य सम्पादनको वातावरण तत्काल मिलाउन समितिको यो बैठक संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देश गर्दछ । त्यसैगरी स्थानीय तहमा थप आवश्यक कर्मचारी उपलब्ध गराउन समिति सामान्य प्रशासन मन्त्रालयलाई निर्देश गर्दछ । साथसाथै स्थानीय तहले नै नियुक्त गर्ने भनिएको प्राविधिक जनशक्तिको नियुक्ती निर्वाचन आचारसंहिताका कारण हुन नसकेको देखिएकोले सो सम्बन्धमा समितिको यो बैठक निर्वाचन आयोगको ध्यानाकर्षण गराउँदछ । |

| | |
|---|---|
| | ३. स्थानीय तहको शासन सञ्चालनलाई प्रभावकारी बनाउन स्थानीय तहको जनसंख्या, भौगोलिक अवस्था, क्षेत्रफल लगायतका आधारमा प्रतिवडा, गाउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा कति र कस्तो जनशक्ति आवश्यक देखिन्छ भनी विस्तृत अध्ययन हुन नसकेकोले सो सम्बन्धमा विस्तृत अध्ययन तत्काल प्रारम्भ गर्न तथा संगठन र व्यवस्थापन (O & M) सर्वेक्षण समेत गर्न गराउन समिति संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देश गर्दछ ।<br><br>४. विगतभन्दा भिन्न संरचना अन्तरगत स्थानीय तहले कार्यसञ्चालन र सेवा प्रवाह गर्नु पर्ने, संविधानको अनुसूचिमा उल्लेखित स्थानीय तहको अधिकारको प्रयोग, उपभोग र प्रचलन गराउनु पर्ने तथा स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी आदेश, २०७३ बमोजिम कार्यसम्पादन गर्नु पर्ने अवस्था रहेकोले सम्पूर्ण स्थानीय तहको काममा एकरुपता कायम गर्न, कामको सुरुवात कसरी गर्ने भन्ने प्रक्रिया निर्धारण गर्न, कार्य प्रणालीलाई सरलीकृत गर्न, स्थानीय तहका कर्मचारीहरुलाई अभिमुखीकरणकै रुपमा भए पनि तालिम दिनु उपयुक्त देखिएकोले प्रदेशगत रुपमा १५ दिनभित्र तालिम दिने व्यवस्था मिलाउन समिति संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देश गर्दछ ।<br><br>५. पूर्व स्थानीय निकायको सम्पत्ति तथा अभिलेख हालका स्थानीय तहमा स्वतःहस्तान्तरण हुने अहिलेको अवस्थामा हस्तान्तरित भै आएका अभिलेखहरुको विवरण तथा प्राप्त सम्पत्तिको अभिलेखीकरण गरिए सम्बन्धित स्थानीय तहको सबल पक्ष (Strength) थाहा पाउन सकिने भएकोले उल्लेखित कुराहरुलाई व्यवस्थित रुपमा लिपिवद्ध गर्न गराउन तथा पुनःसंरचित अवस्थामा समेत स्थानीय तहले गुर्न पर्ने सामाजिक कार्यहरु तथा चालु योजना/आयोजनाको सञ्चालनमा कुनै व्यवधान आउन नदिन समिति संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देश गर्दछ ।<br><br>६. विगतभन्दा स्थानीय तहले नगारिकहरुलाई प्रवाह गर्ने सेवा सुविधामा विस्तार भएकोले सो सम्बन्धमा नागरिकहरुलाई जानकारी दिन/सुसूचित गराउन सम्बन्धित वडा, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाले क्षेत्राधिकार अनुसारको नागरिक वडापत्र ३० दिनभित्र राखिसक्ने व्यवस्था मिलाउन र स्थानीय तहबाट पाउने सेवा सुविधाहरु के के हुन भनि प्रचार प्रंसार गर्न समेत समिति संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देश गर्दछ ।<br><br>७. पुनसंरचित स्थानीय तहको संरचना पश्चात् विद्यमान निर्वाचन क्षेत्रमा समेत हुन पुगेको परिवर्तनले निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा विनियोजित बजेटको खर्चमा अन्यौलता देखिएकोले सो सम्बन्धमा १५ दिनभित्र स्पष्ट कार्यविधि बनाउन तथा आगामी आर्थिक वर्षबाट वार्षिक बजेट निर्माण गर्दा स्थानीय तह र प्रदेशलाई कार्यक्रम तथा बजेट एकमुष्ट पठाउने व्यवस्था गर्न समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, सबै विषयगत मन्त्रालय एवं निकाय र राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ । |

| | |
|---|---|
| | त्यसै गरी स्थानीय तहको कार्य प्रारम्भ गर्ने क्रममा तथा आगामी दिनमा कार्यसञ्चालनका लागि कुनै पनि किसिमबाट आर्थिक अभाव हुन नदिने व्यवस्था मिलाउन समिति अर्थ मन्त्रालयलाई निर्देश गर्दछ ।<br><br>रुपान्तरित स्थानीय तहको संरचना, कार्यप्रणाली, जनशक्तिको व्यवस्थापन लगायत स्थानीय तहमा देखिएका समस्याहरुको सम्बन्धमा विकास समिति र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संयुक्त रुपमा केही स्थानीय तहहरुको छनोट गरी स्थलगत अवलोकन अध्ययन भ्रमण गर्न आवश्यक देखिएकोले सोको व्यवस्थापन गर्न समिति संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देश गर्दछ । |
| २०७३।१२।९ | समितिको आजको बैठकमा “भूकम्प पछिको पुनःर्निर्माणका सम्बन्धमा भएको कार्यप्रगति, समस्या तथा समाधानका सम्बन्धमा” पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृत, सहरी विकास मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय र संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सचिवहरु लगायत अन्य सम्बद्ध निकायका पदाधिकारीहरुसँग छलफल भयो । छलफल पश्चात् समितिले देहाय बमोजिम निर्णय गऱ्यो :<br><br>१. महाविनासकारी भूकम्प गएको दुई वर्ष पुग्दै छ । यस समयावधिमा पुनर्निर्माण तथा पुर्नस्थापनाका कामहरुको प्रगति लक्ष्यअनुरुप हुन सकेको छैन । भूकम्पबाट भएको विनासलाई नेपाल विकासका लागि नयाँ प्रस्थान विन्दु बनाउनु पर्नेमा सो समेत हुन सकेन । भूकम्प पश्चात् राहत, उद्दार, पुर्नस्थापना तथा पुनर्निर्माणको सम्बन्धमा देखा परेका समस्याहरु सम्बोधन गर्न यस समितिले थुप्रै बैठकहरु बसी छलफल गरी समाधान दिने प्रयास गर्दै आएको छ । यसै सन्दर्भमा विकास समितिको मिति २०७२ वैशाख १५, २५, जेठ १, २६, असार १, साउन १८, मंसिर ७, २०७३ वैशाख २२, जेठ १९,......... भदौं २०, समेतका बैठकहरुमा भूकम्प पश्चात्को पुनर्निर्माण लगायतका विषयहरुमा विस्तृत छलफल सहित निर्देश गरिएको अवस्था समेत रहेको छ । कार्यान्वयन गर्ने निकायसँगको छलफल पश्चात् दिइएका निर्देशनहरुको पूर्ण कार्यान्वयन हुन सकेको देखिंदैन । कार्यान्वयन नहुनुमा क्षमता, स्रोत र साधनको अभाव, प्रक्रियागत एवं प्रवृत्तिगत समस्या हो भनि निष्कर्ष निकाल्नु अन्यथा हुने देखिंदैन । प्रकोप, विपत्तिबाट सृजित समस्या समाधान गर्नको लागि राज्यलाई अनिश्चित समय उपलब्ध हुँदैन । राज्यको उत्तरदायित्व र जवाफदेहिताभित्र विपत पीडित नागरिकहरुको समस्या निश्चित समयभित्र समाधान गर्नु पनि पर्दछ । अनुदान रकम, ऋण सहुलियत रकम प्राप्त गर्न कहिले सम्म कुर्नु पर्ने हो अनिश्चितै छ । तसर्थ विकास समितिको यो बैठक भूकम्प पीडितहरुले राज्य भएको अनुभूत हुने गरी साझा अभियानको रुपमा द्रुतगतिमा काम गर्न पुनश्चः गम्भीरतापूर्वक नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र सम्बन्धित निकायलाई निर्देश गर्दछ ।<br><br>२. भूकम्प पश्चात् भूकम्प प्रतिरोधी संरचना निर्माण गर्ने गरी तयार गरिएको भवन निर्मण संहिता बमोजिम निर्माण कार्य नभएको उदाहरण यही काठमाडौभित्र प्रशस्तै भेटिन्छन् । भवन निर्माण संहिताको प्रभावकारी |

| | |
|---|---|
| | कार्यान्वयन नभएमा भावी दिनमा हुन सक्ने विपत्तिको रोकथाम कसरी हुन सक्छ ? संरचना निर्माणका सम्बन्धमा संहिता परिपालन भए नभएको विषयमा अनुगमन, मूल्यांकन गर्ने कार्य अत्यन्तै फितलो देखिएकोले समितिको यो बैठक सहरी विकास मन्त्रालय, स्थानीयतह साथै सम्बन्धित निकायलाई भवन निर्माण संहिता पूर्ण रुपमा कार्यान्वयन गर्न, गराउन, अनुगमन कार्यलाई तीव्रता दिन निर्देश गर्दछ ।<br><br>३. भूकम्पले क्षति पुऱ्याएको राष्ट्रिय महत्वका पूरातात्विक सम्पदाहरुको पुनर्निर्माणको कार्यले पनि गति लिन सकेको छैन । स्थानीय नागरिकको अग्रसरता सहित पुनर्निर्माण भएको बौद्ध स्तुपा, भक्तपुरका केही सम्पदाहरु बाहेक अन्य कुनै पनि पुरातात्विक सम्पदाको निर्माणले गति लिन सकेको छैन । रानी पोखरी, धरहरा आदिको अवस्थाको बारेमा सबैलाई जानकारी नै छ । यही गतिमा काम गर्ने हो भने अझै कति वर्षलाग्ने हो कसैले भन्न सक्ने अवस्था छैन । तसर्थ विश्वसम्पदा सूचीमा रहेका पुरातात्विक महत्वका यस्ता महत्वपूर्ण सम्पदाहरुको पुनर्निर्माणलाई अति द्रुतगतिमा निर्माण सम्पन्न गर्न गारउन समित नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देश गर्दछ ।<br><br>४. त्यसैगरी भूकम्प पीडितहरुको लागि आवास क्षेत्रको विकास गर्दै दीर्घकालिन व्यवस्थापन गर्ने कार्यले पनि गति लिन सकेको छैन । साथै Material Bank को समेत स्थापना गरिएको छैन । निर्माण सामाग्रीको मूल्यमा उतार चढाव भएका कारण लागत मूल्यमा समेत फरक पर्न गएको छ । समग्रमा विपद् उत्थानशील विकास नीति पनि आउन सकेन, भूकम्प पीडितलाई उपलब्ध गराउने भनिएको ऋण तथा सहुलियत ऋण रकम सरल, छोटो, स्पष्ट प्रक्रियाबाट व्यवस्थापन हुन सकेन, हाल भइरहेका महत्वपूर्ण संरचनाहरुको तथा नयाँ बन्ने संरचनाहरुको विमा गर्ने सम्बन्धमा गृहकार्य गरेको समेत पाईंदैन, जिल्ला समन्वय समिति अन्तरगत गुनासो सुनवाई गर्ने कार्यले समेत गति लिन सकेको छैन, पुनर्निर्माण कोषको कार्यान्वयन अझै हुन सकेको छैन साथै कार्यविधि सरलिकरण गर्न नसकिएको जस्ता कुराहरुलाई तत्काल सम्बोधन गर्न र पुनर्निर्माण कोष १ महिनाभित्र कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।<br><br>५. भूकम्प प्रभावित क्षेत्रहरुमा क्षतिग्रस्त विद्यालय, गाउँपालिकाका कार्यालयहरु, वडाकार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण कार्यले समेत आशातीत लक्ष्य प्राप्त गर्न सकेको देखिंदैन । सार्वजनिक उपभोगका यस्ता संरचनाहरुबाट धेरै भन्दा धेरै नागरिकहरु लाभान्वित हुने भएकोले यस्ता संस्थाहरुको पुनर्निर्माणमा गम्भीर भई लाग्न, यथाशीघ्र यस्ता संरचनाहरुको पुनर्निर्माण गर्न गराउन समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय |

| | |
|---|---|
| | विकास मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।<br><br>६. भूकम्पपश्चात्को अन्तर्राष्ट्रिय सम्मेलनका क्रममा अन्तर्राष्ट्रिय दातृ समुदायबाट प्रतिवद्धता व्यक्त गरिएको रकम करिव रु ३५० अर्व मात्र देखिएको तर पुनर्निर्माण सम्बन्धी पञ्चवर्षीय योजनाको खाका (PDRF) ले रु. ९३८ अर्व चाहिने देखएकोले प्रतिवद्धता अनुरुप सबै रकम प्राप्त भएको अवस्थामा (अधिकांश सम्झौता हुन नसकेको कारण जुन प्राप्त हुने सम्भावना न्यून छ) समेत थप ५८८ अर्व नपुग हुने देखिएको सन्दर्भमा उक्त नपुग हुने रकमको व्यवस्थापन गर्न भनिएकोमा सरकारले हालसम्म उक्त रकमको जोहो गर्न नसकेको देखिएकोले पुनर्निर्माण र पुनर्स्थापनाका लागि नपुग हुने रकमको प्रवन्ध यथाशीघ्र गर्न गराउन समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।<br><br>७. भूकम्पले पुर्‍याएको क्षतिको परिपूरण गर्ने कार्य त्यति सहज छैन । यद्यपी कस्ता आर्थिक क्रियाकलापहरु सञ्चालन गर्ने भन्ने सम्बन्धमा र कसरी उत्पादन बढाउने वा आर्थिक वृद्धि हासिल गरी भूकम्पले पुर्‍याएको क्षतिको Recover गर्ने भन्ने सम्बन्धमा आज सम्म राज्यको ध्यान गएको देखिंदैन । तसर्थ क्षति पश्चात्को क्षतिपूर्ति आर्जन गर्न चाल्नु पर्ने कदमहरुका सम्बन्धमा सरकारको कार्ययोजना के हो सो सार्वजनिकीकरण गर्न समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।<br><br>८. पहिलो किस्ता प्राप्त गर्ने लाभग्राहीको तुलनामा दोस्रो किस्ताको रकम प्राप्त गर्ने लाभग्राहीको संख्या अत्यन्त न्यून रहेको पाइन्छ । आजका मितिसम्म पनि दोस्रो किस्ता नपाउने लाभग्राहीहरुले आगामी वर्षायाम अगावै आवास निर्माण सम्पन्न गर्लान भनेर विश्वास गर्ने ठाउँ छैन । वर्षायाम अगावै आवास निर्माण गर्न नसकेमा भूकम्प प्रभावितले वर्षाको जोखिम बहन गर्नु पर्ने देखिएकोले मापदण्ड पूरा गर्ने लाभग्राहीलाई दोस्रो किस्ता प्रदान गर्ने कार्यलाई तीव्रता दिन तथा आफ्नै खर्चमा मापदण्ड बमोजिम भवन निर्माण गरेका वास्तविक भूकम्प पीडितहरुलाई रकम प्रदान गर्न समिति पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।<br><br>९. भूकम्प पश्चात्को पुनर्निर्माणले गति नलिनुमा तालिम प्राप्त जनशक्ति, प्राविधिक जनशक्तिहरुको न्यून उपलब्धता रहेको देखिएकोले पुनर्निर्माण कार्यका लागि नेपाली सेना, नेपाल प्रहरी, लगायत प्राविधिक जनशक्तिलाई परिचालन गर्ने व्यवस्था मिलाउन तथा Construction Engineering अध्ययनरत विद्यार्थीलाई On the Job Training को रुपमा वा Internship को रुपमा पुनर्निर्माणको कार्यमा संलग्न गराउन समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बद्ध मन्त्रालयहरु, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र विश्वविद्यालयहरुलाई निर्देश गर्दछ ।<br><br>१०. त्यसैगरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको विद्यमान Mechanism, - |

| | |
|---|---|
| | Reconstruction गर्न सक्ने भन्दा Regulating गर्ने खालको देखिन्छ । तसर्थ NRA को विद्यमान संरचनालाई उद्धेश्यअनुरुप परिमार्जन गर्न तथा राष्ट्रिय पुनर्निर्माणका कार्यहरुलाई बजेट अभाव हुन नदिन समिति क्रमशः राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र अर्थ मन्त्रालयलाई निर्देश गर्दछ ।<br><br>भूकम्प पश्चात्को पुनर्निर्माणले गतिलिन नसकिरहेको सन्दर्भमा समितिको आगामी बैठकमा सम्माननीय प्रधानमन्त्री लगायत सम्बन्धित मन्त्रीहरुलाई समितिमा आमन्त्रण गरी विस्तृत छलफल गर्ने निर्णय गऱ्यो । |

## कृषि तथा जलस्रोत समिति

| मिति | समितिको निर्णय |
|---|---|
| ०७३।१०।०५ | १. माथिल्लो कर्णाली र अरुण तेस्रो परियोजना अविलम्ब कार्यान्वयका लागि परियोजना विकास संभ्कौता (पिडिए)मा उल्लेख भए अनुसारको वन लगायत सरकारी जग्गा लिज सम्भ्कौता हुन नसकेको विषयमा यस अघि पनि समितिले पटक पटक निर्देशन दिएको, सोही सन्दर्भमा लगानी वोर्डको २५ औ बैठकबाट परियोजना विकासका लागि प्राविधिक रुपमा आवश्यक पर्ने वन क्षेत्रले ओगटेको समेतका सरकारी जग्गाहरु नेपाल सरकार वन तथा भू संरक्षण मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको तर्फबाट दुई महिनाभित्र आवश्यक प्रकृया पूरा गरी हस्तान्तरण गर्न निर्णय गरेको भन्ने बुझिएकोले सो अनुसार उल्लेखित समय दुई महिना भित्रै जग्गा हस्तान्तरण प्रकृया पूरा गर्न वन तथा भू संरक्षण मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।<br><br>२. पश्चीम सेती जल विद्युत आयोजनका सम्बन्धमा नेपाल सरकार र ऋजष्लब त्जचभभ न्यचनभक ऋयचउयचबतष्यल बीच हालै संयुक्त लगानी सम्भ्कौतामा प्रारम्भिक हस्ताक्षर हुनु खुसीको विषय हो । यस सम्भ्कौता पछि संयुक्त कम्पनी खडा गर्ने लगायतका आवश्यक कार्यहरु द्रुत गतिमा अघि बढाउन तथा नेपाल सरकारका तर्फबाट गरिनुपर्ने काममा कुनै ढिलासुस्ती नगरी कार्य सम्पन्न गर्न लगानी बोर्डलाई निर्देशन दिने । |
| २०७३।१२।०२ | मन्त्रालय र कृषि सामग्री कम्पनीका तर्फबाट रासायनिक मल आपूर्ति सम्बन्धमा केही समय कठिनाई पर्न सक्ने र सो कठिनाई हटाउन प्रयास भैरहेकोछ भनी जानकारी गराइएकोमा सो सम्बन्धमा हालको अवस्था तथा कृषि सामग्री कम्पनीले २०११ जुलाई २५ मा ३०,००० मे.टन यूरिया मल आपूर्तिका सम्बन्धमा आह्वान गरेको टेण्डरका सम्बन्धमा हालसम्म भएका काम कारवाहीबारे कृषि विकास मन्त्रालय र कृषि सामग्री कम्पनीसंग छलफल भयो ।<br><br>छलफलमा कृषि विकास मन्त्रालयका सहसचिव श्री सुरेशराज आचार्य र श्री काशीराज दाहाल तथा कृषि सामग्री कम्पनीका कार्यकारी निर्देशक श्री अमरराज खैरले उल्लिखित विषयका सम्बन्धमा विवरण प्रस्तुत गर्नु भयो । |

| | |
|---|---|
| | तत्पश्चात् देहायका माननीय सदस्यहरुले छलफलमा भाग लिनु भयो :<br>१. मा. श्री नवराज शर्मा<br>२. मा. श्री सीता नेपाली<br>३. मा. श्री अमृतकुमार बोहरा<br>४. मा. श्री रामेश्वरप्रसाद ढुंगेल<br>निर्णय :<br>१. उल्लिखित विषयमा अझै गहन छलफलका लागि माननीय कृषि विकास मन्त्री, कृषि विकास मन्त्रालयका सचिव र अर्थ मन्त्रालयलाई समेत आमन्त्रण गरी पुनः छलफल गर्ने ।<br>२. यही चैत्र महिनादेखि असार महिनासम्मको लागि आवश्यक रासायनिक मलको आपूर्तिका सम्बन्धमा हाल मौज्दातमा रहेको र आयात प्रक्रियामा रहेको मलको परिमाणका आधारमा आवश्यकता अनुरुप आपूर्ति हुन सक्ने विषयमा आश्वस्त हुन सक्ने अवस्था देखियो । तथापि तत्पश्चात् पनि रासायनिक मल नियमित आपूर्तिको व्यवस्था मिलाउन र रासायनिक मल अभाव हुन नदिनेतर्फ सजग रहन कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>३. कृषि सामग्री कम्पनीले २०११ जुलाई २५ मा ३०,००० मे.टन यूरिया मल आपूर्तिका लागि टेण्डर आह्वान गरी खरीद प्रक्रिया अघि बढाएकोमा त्यस सम्बन्धमा भैरहेको प्रक्रियालाई टुंगोमा पुऱ्याउनु अघि अझै केही छलफल आवश्यक देखिएको हुंदा छलफल नभएसम्म रकम निकासा माग गर्ने र टुंग्याउने प्रक्रिया अघि नबढाउन कृषि विकास मन्त्रालयलाई निर्देशन दिने ।<br>बैठकमा मिति २०७३।३।१३ मा गठित विषादि सम्बन्धी अध्ययन उपसमितिका संयोजक मा. श्री रामेश्वरप्रसाद ढुङ्गेलले विषादि सम्बन्धी अध्ययन उपसमितिको प्रतिवेदन समिति समक्ष प्रस्तुत गर्नुभयो ।<br>तदुपरान्त समितिको बैठक समितिको आन्तरिक विषयवस्तुमाथि छलफल गर्ने प्रयोजनका लागि २०७३।१२।०३ गते विहीबार दिनको ११ बजे बस्नेगरी स्थगित भयो । |
| २०७३।१२।०६ | व्यवस्थापिका–संसद, कृषि तथा जलस्रोत समितिको बैठक ऊर्जा मन्त्रालयको चालू आ.व.को प्रगति, नेपाल विद्युत प्राधिकरणबाट संचालित जलविद्युत आयोजना एवं प्रशारण लाईन लगायतका विषयमा छलफल गर्न आज मिति २०७३।१२।०६ गते समितिका सभापति माननीय श्री मोहनप्रसाद बरालको सभापतित्वमा बस्यो ।<br>समितिको बैठकको प्रारम्भमा ऊर्जा मन्त्रालयका सचिव श्री अनुपकुमार उपाध्यायले ऊर्जा मन्त्रालयको चालू आ.व.को प्रगतिका सम्बन्धमा समितिलाई |

| | |
|---|---|
| | जानकारी गराउनु भयो ।<br><br>त्यसपछि नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक श्री कुलमान घिसिङ्गले  नेपाल विद्युत प्राधिकरणबाट संचालित जलविद्युत आयोजना एवं प्रशारण लाईन लगायतका विषयमा भएका कार्यहरुका बारेमा समितिलाई अवगत गराउनु भयो ।<br><br>तत्पश्चात् समितिका माननीय सभापति सहित देहायका माननीय सदस्यहरुले ऊर्जा मन्त्रालयको चालू आ.व.को प्रगति, नेपाल विद्युत प्राधिकरणबाट संचालित जलविद्युत आयोजना एवं प्रशारण लाईन लगायतका विषयमा आ-आफ्ना जिज्ञासाहरु राख्नु भयो:<br><br>१. मा. श्री काशीनाथ अधिकारी,<br>२. मा. श्री तप्तबहादुर विष्ट,<br>३. मा. श्री बलराम अधिकारी,<br>४. मा. श्री निर्मलप्रकाश सुवेदी,<br>५. मा. श्री भवानीप्रसाद खापुङ्ग,<br>६. मा. श्री रेशमबहादुर बानियाँ,<br>७. मा. श्री किरण यादव,<br>८. मा. श्री सीता नेपाली र<br>९. मा. श्री अमृतकुमार बोहरा ।<br><br>तत्पश्चात् राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र र कार्ययोजना, २०७२ को कार्यान्वयन प्रभावकारी रुपमा भएको नपाइएकोले आगामी दिनमा अझै प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेपाल सरकार ऊर्जा मन्त्रालयलाई निर्देशन दिने निर्णय भयो । |
| २०७३।१२।१० | व्यवस्थापिका–संसद, कृषि तथा जलस्रोत समितिको बैठक समितिको वार्षिक प्रतिवेदन तयारी लगायतका विषयमा छलफल गर्न आज मिति २०७३।१२।१० गते समितिका सभापति माननीय श्री मोहनप्रसाद बरालको सभापतित्वमा बस्यो ।<br><br>समितिको बैठकको प्रारम्भमा रासायनिक मल आपूर्तिका लागि टेण्डरका सम्बन्धमा हालसम्मको प्रक्रियाका बारेमा छलफल भयो ।<br><br>तत्पश्चात् समितिका सभापति सहित देहायका माननीय सदस्यहरुले ऐलानी जग्गाको नामसारी, माथिल्लो कर्णाली जलविद्युत आयोजना, तमोर जलाशययुक्त आयोजना लगायत विविध विषयहरुका सम्बन्धमा आ-आफ्ना विचारहरु राख्नु भयो: |

| | |
|---|---|
| | १०. मा. श्री काशीनाथ अधिकारी,<br>११. मा. श्री अमृतकुमार बोहरा,<br>१२. मा. श्री शिवकुमार मण्डल केवट,<br>१३. मा. श्री निर्मलप्रकाश सुवेदी,<br>१४. मा. श्री लक्ष्मीप्रसाद पोखरेल,<br>१५. मा. श्री सुधिरकुमार सिवाकोटी,<br>१. मा. श्री भवानीप्रसाद खापुङ्ग र<br>२. मा. श्री नवराज शर्मा ।<br><br>त्यसपछि यथाशीघ्र वार्षिक प्रतिवेदनको मस्यौदा तयार गरी समिति समक्ष पेश गर्ने प्रयोजनका लागि देहाय बमोजिमको ७ सदस्यीय वार्षिक प्रतिवेदन मस्यौदा उपसमिति गठन गर्ने निर्णय भयो :<br>३. मा. श्री सुधीरकुमार सिवाकोटी — संयोजक<br>४. मा. श्री रामेश्वरप्रसाद ढुङ्गेल — सदस्य<br>५. मा. श्री निर्मलप्रकाश सुवेदी — सदस्य<br>६. मा. श्री लक्ष्मीप्रसाद पोखरेल — सदस्य<br>७. मा. श्री शिवकुमार मण्डल केवट — सदस्य<br>८. मा. श्री धानो महरा — सदस्य<br>९. मा. श्री लक्ष्मीकुमारी चौधरी — सदस्य |
| २०७३।१२।१७ | व्यवस्थापिका–संसद, कृषि तथा जलस्रोत समितिको बैठक भूमिसुधार तथा व्यवस्था मन्त्रालयको चालु आ.व.को प्रगति, मन्त्रालयबाट निर्माण हुनुपर्ने कानूनको अवस्था तथा ऐलानी जग्गा दर्ता सम्बन्धी विषयमा छलफल गर्न आज मिति २०७३।१२।१७ गते समितिका सभापति माननीय श्री मोहनप्रसाद बरालको सभापतित्वमा बस्यो ।<br><br>समितिको बैठकको प्रारम्भमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका निमित्त सचिव श्री कृष्णराज बि.सी. ले भूमिसुधार तथा व्यवस्था मन्त्रालयको चालु आ.व.को प्रगति, मन्त्रालयबाट निर्माण हुनुपर्ने कानूनको अवस्था तथा ऐलानी जग्गा दर्ता सम्बन्धमा मन्त्रालयबाट भैरहेको कार्यहरुका बारेमा समितिलाई अवगत गराउनु भयो ।<br><br>त्यसपछि माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री विक्रम पाण्डेले प्रस्तुत विषयहरुका सम्बन्धमा आफ्नो भनाईहरु राख्नु भयो ।<br><br>तत्पश्चात् भू-उपयोग ऐन, गुठी ऐन, जग्गा प्राप्ति ऐन तथा ऐलानी जग्गा दर्ता सम्बन्धी ऐनको मस्यौदालाई अन्तिम रुप दिनु अघि समितिमा छलफलका लागि पठाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने निर्णय भयो ।<br><br>तत्पश्चात् वार्षिक प्रतिवेदनको मस्यौदा तयार गरी समिति समक्ष पेश गर्ने प्रयोजनका लागि गत बैठकबाट ७ सदस्यीय वार्षिक प्रतिवेदन मस्यौदा उपसमिति गठन गर्ने निर्णय भएकोमा सो उपसमितिमा देहायका मा. सदस्यहरु समावेश गर्ने |

| | |
|---|---|
| | प्रस्ताव सर्वसम्मतिले पारित भयो :<br>१. मा. श्री सुधीरकुमार सिवाकोटी — संयोजक<br>२. मा. श्री रामेश्वरप्रसाद ढुङ्गेल — सदस्य<br>३. मा. श्री निर्मलप्रकाश सुवेदी — सदस्य<br>४. मा. श्री लक्ष्मीप्रसाद पोखरेल — सदस्य<br>५. मा. श्री शिवकुमार मण्डल केवट — सदस्य<br>६. मा. श्री धानो महरा — सदस्य<br>७. मा. श्री लक्ष्मीकुमारी चौधरी — सदस्य |

## अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा

| क.सं. | सम्पादित मुख्य कार्यहरु | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | कूटनीतिक राहदानीको लागि सिफारिश | १८ पटक | |
| २. | विशेष राहदानीको लागि सिफारिश | १ " | |
| ३. | साधारण राहदानीको लागि सिफारिश | ११ " | |
| ४. | भिषा नोटको लागि सिफारिश | ४९ " | |
| ५. | नेपालबाट विदेश जाने र विदेशबाट नेपाल आउने प्रतिनिधिमण्डलको भ्रमण व्यवस्थापन सम्बन्धी काम | ३ " | |
| ६. | शिष्टाचार भेट व्यवस्थापन सम्बन्धी काम | ५ " | |

## सांसद सुविधा व्यवस्था शाखा

१. माननीय सदस्यहरुलाई उपलब्ध गराउँदै आएको स्वास्थ्य उपचार खर्च अन्तर्गत २०७३ माघ १ देखि चैत्र मसान्तसम्म पटक-पटक मेडिकल बोर्डको सिफारिस अनुसार ३९ जना र मन्त्रिपरिषद्को निर्णयानुसार १ जना गरि जम्मा ४० जना मा.सदस्यहरुलाई रु.१५,६३,८३७९१ भुक्तानी दिनको लागि आर्थिक प्रशासन शाखामा पत्राचार गरिएको ।

२. २०७३ माघ १ देखि चैत्र मसान्तसम्म संसद वैठक चलेको समयमा तोकिए बमोजिमको दर्शक प्रवेश पास मा. सदस्यहरुलाई वितरण गरिएको ।

३. माघ १ देखि चैत्र मसान्तसम्म प्रत्येक महिनाको संसद वैठकको उपस्थिती विवरण आर्थिक प्रशासन शाखा साथै सवै समितिहरुमा पठाइएको ।

४. संसदका माननीय सदस्यहरुका स्वकीय सचिवको अभिलेख राखि परिचयपत्र जारी र रुपान्तरण गरिएको ।

५. वाह्य तथा आन्तरिकरुपमा यस शाखामा प्राप्त हुन आएका वार्षिक विकास कार्यक्रम अर्थ सम्बन्धी विधेयक लगायत अन्य विधेयक, वार्षिक प्रतिवेदन, सन्धी सम्झौता, सूचना, पत्रहरु, निमन्त्रणा कार्ड, शुभकामना कार्ड लगायत अन्य सामाग्रीहरु माननीय सदस्यहरुलाई वितरण गरिएको । साथै वितरणको लागि संसदीय दलको कार्यालयमा समेत उपलव्ध गराइएको ।

६. माननीय सदस्यहरुको व्यक्तिगत विवरण लाई परिमार्जन सहित कम्प्यूटरमा अभिलेखिकरण गरिएको ।

## विधेयक शाखा

| दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | मूल/ संशोधन | प्रस्तुतकर्ता | वितरण मिति | सामान्य छलफल | दफावार छलफल | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०७३/१०/०४ | संघीय आकस्मिक कोषका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ | मूल | माननीय कृष्ण बहादुर महरा, उपप्रधान तथा अर्थ मन्त्री | २०७३/१०/०४ | २०७३/१०/२३ | २०७३/१०/२३ अर्थ समितिमा | | |
| २. | २०७३/१०/१२ | भाषा आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | मूल | माननीय जीवन बहादुर शाही संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय । | २०७३/१०/१३ | | | | |
| ३. | २०७३/११/२ | प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधिशहरुको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक | मूल | माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री, अजय शंकर नायक | २०७३/११/२ | | २०७३/१२/२६ विधायन समिति | | |
| ४. | २०७३/११/२ | उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधिशहरुको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक | मूल | माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री, अजय शंकर नायक | २०७३/११/२ | | २०७३/१२/२६ विधायन समिति | | |
| ५. | २०७३/११/११ | पूर्व पदाधिकारीलाई सुविधा प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७३ | मूल | माननीय उप-प्रधान तथा गृहमन्त्री, विमलेन्द्र निधि | २०७३/११/११ | | २०७३/१२/०९ राज्य व्यवस्था समितिमा | | |

| दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | मूल/ संशोधन | प्रस्तुतकर्ता | वितरण मिति | सामान्य छलफल | दफावार छलफल | पारित | प्रमाणी करण |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | २०७३/११/२२ | निर्वाचन क्षेत्र निर्धारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ | मूल | सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल | २०७३/११/२२ | | | २०७३/१२/०७ | २०७३/१२/११ |
| ७. | २०७३/११/२६ | गाउँपालिका तथा नगरपालिकाको वडाको संख्या निर्धारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | मूल | माननिय संघीय मामिला तथा स्थानीय विकास मन्त्री हितराज पाण्डे | २०७३/११/२६ | | | २०७३/१२/०७ | २०७३/१२/११ |
| ८. | २०७३/१२/०२ | वस्तु विनिमय बजारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | मूल | उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महरा | २०७३/१२/०२ | | | | |
| ९. | २०७३/१२/०६ | नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक | संशोधन गैरसरकारी | प्रमुख सचेतक (मा.कुन्ती कुमारी शाही)<br><br>राष्ट्रिय प्रजातन्त्र पाटी | | | | | |
| १०. | २०७३/१२/१५ | विद्युत नियमन आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ | मूल | माननीय उर्जा मन्त्री जनार्दन शर्मा (प्रभाकर) | २०७३/१२/१६ | | | | |
| ११. | २०७३/१२/२९ | नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक | संशोधन | माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री, अजय शंकर नायक | २०७३/१२/३१ | | | | |

अनुसूची-१

## दोस्रो अधिवेशन

### *बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण*

| क्र.स. | बैठक संख्या | बैठक बसेको मिति | प्रारम्भ | अन्त्य |
|---|---|---|---|---|
| १. | १०२ | २०७३/१०/०७ | १:१५ | ३:०० |
| २. | १०३ | २०७३/१०/१० | १:१५ | २:२५ |
| ३. | १०४ | २०७३/१०/११ | ३:१० | ३:३० |
| ४. | १०५ | २०७३/१०/१२ | २:१५ | ४:१५ |
| ५. | १०६ | २०७३/१०/१४ | १:१५ | २:०५ |
| ६. | १०७,<br>१०८ | २०७३/१०/१७ | १:१५<br>२:४५ | २:२५<br>३:०५ |
| ७. | १०९ | २०७३/१०/१९ | ३:१५ | ३:२० |
| ८. | ११० | २०७३/१०/२० | १:२५ | ३:४० |
| ९. | १११ | २०७३/१०/२३ | १:२५ | ५:२० |
| १०. | | २०७३/११/१० | सूचना प्रकाशित | |
| ११. | | २०७३/११/११ | सूचना प्रकाशित | |
| १२. | ११२,<br>११३ | २०७३/११/१२ | ३:१५<br>६:०५ | ५:४०<br>६:१५ |
| १३. | ११४,<br>११५ | २०७३/११/२७ | १:३०<br>४:२५ | ४:००<br>५:१५ |
| १४. | ११६ | २०७३/१२/०१ | १:२५ | ३:१० |
| १५. | ११७ | २०७३/१२/०२ | १:२० | २:४५ |
| १६. | ११८,<br>११९ | २०७३/१२/०६ | १:१५<br>२:२० | १:२०<br>३:४० |
| १७. | १२० | २०७३/१२/०७ | २:०० | ५:०० |
| १८. | १२१ | २०७३/१२/०८ | १:२५ | २:४५ |
| १९. | १२२,<br>१२३ | २०७३/१२/०९ | ५:००<br>६:२५ | ५:५०<br>७:०५ |
| २०. | १२४ | २०७३/१२/१७ | १:३० | १:३५ |
| २१. | १२५ | २०७३/१२/२५ | १:१५ | २:५० |
| २२. | १२६ | २०७३/१२/२८ | १:३५ | २:४० |
| २३. | १२७ | २०७३/१२/२९ | १:३५ | २:२५ |

# अनुसूची - २

## आर्थिक प्रशासन शाखा

म.ले.प.फा.नं. १३

नेपाल सरकार
व्यवस्थापिका - संसद
व्यवस्थापीका संसद सचिवालय, सिंहदरबार,काठमाण्डौं

### खर्चको फाँटवारी (चालु खर्च)

आर्थिक वर्ष २०७३/७४ — २०७३ साल चैत्र महिना

बजेट शिर्षक २०२००१३ व्यवस्थापिका संसद

| महिनाको खर्च | महिना सम्मको निकासा | खर्च / विनियोग संकेत नम्बर | अन्तिम बजेट | महिना सम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|
| | | | | | बजेट | निकासा |
| ४५२,६६०.०० | ३,९७६,५६०.०० | २११११ तलब | ४,२९१,०००.०० | ३,९७६,५६०.०० | ३१४,४४०.०० | |
| २,०००.०० | १६,०००.०० | २१११३ महंगी भत्ता | २४,०००.०० | १६,०००.०० | ८,०००.०० | |
| ६,०००.०० | ७८,२००.०० | २१११९ अन्य भत्ता | १४६,०००.०० | ७८,२००.०० | ६७८००.०० | |
| ०.०० | ०.०० | २११२३ औषधी उपचार खर्च | ३००,०००.०० | ०.०० | ३००,०००.०० | |
| २,०००.०० | ४६,९५२.०० | २२१११ पानी तथा बिजुली | ८१,०००.०० | ४६,९५२.०० | ३४,०४८.०० | |
| ६,०००.०० | ६०,९४८.०० | २२११२ संचार महसुल | ८१,०००.०० | ६०,९४८.०० | २०,०५२.०० | |
| ५२,४७०.०० | ६३९,७९४.०० | २२२११ इन्धन | १,१४६,०००.०० | ६३९,७९४.०० | ५०६,२०६.०० | |
| ७,५००.०० | ५१,१८६.०० | २२३११ कार्यालय सम्बन्धी खर्च | ५८,०००.०० | ५१,१८६.०० | ६,८१४.०० | |
| ०.०० | १,९७३,३३९.०० | २२६११ अनुगमन मूल्यांकन खर्च | ४,०८०,०००.०० | १,९७३,३३९.०० | २,१०६,६६१.०० | |
| ०.०० | ९५७,२५९.०० | २२७११ विविध खर्च | ३,०००,०००.०० | ९५७,२५९.०० | २,०४२,७४१.०० | |
| ५२८,६३०.०० | ७,८००,२३८.०० | कुल जम्मा : | १३,२०७,०००.०० | ७,८००,२३८.०० | ५,४०६,७६२.०० | |

कोषको अवस्था

बैंकको नाम :
जम्मा खर्च ७८००२३८
पेश्की :
म्याद नाघेको ०
म्याद ननाघेको ०
पेश्की कटाई खुद खर्च ७८००२३८

बैंकको खाता नं :
बैंक मौज्दात :
नगद मौज्दात :
जम्मा :

तयार गर्ने
हस्ताक्षर
दर्जा
मिति :

सिफारिस गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

स्वीकृत गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

म.ले.प.फा.नं. १३

नेपाल सरकार
व्यवस्थापिका - संसद
व्यवस्थापीका संसद सचिवालय, सिंहदरबार,काठमाण्डौं

# खर्चको फाँटवारी ( चालु खर्च)

२०७३ साल चैत्र महिना

आर्थिक वर्ष २०७३/७४

बजेट शिर्षक २०२०११३ व्यवस्थापिका -संसद

| महिनाको खर्च | महिना सम्मको निकासा | खर्च / वित्तिय संकेत नम्बर | अन्तिम बजेट | महिना सम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|
| | | | | | बजेट | निकासा |
| ६४,९५३,९०२.०० | ४८८,१७०,५३०.०६ | २११११ तलब | ५३४,५१४,०००.०० | ४८८,१७०,५३०.०६ | ४५,५४३,४६९.९४ | |
| ०.०० | ४,४६७,३१६.८३ | २१११३ महंगी भत्ता | ७,१८८,०००.०० | ४,४६७,३१६.८३ | २,७२०,६८३.१८ | |
| ०.०० | ४१,४१८,८००.०० | २१११९ अन्य भत्ता | ४१,९३०,०००.०० | ४१,४१८,८००.०० | ५११,२००.०० | |
| १,१०४,०२६.०० | ३,७५३,३६५.५८ | २११२३ औषधी उपचार खर्च | ७,००८,०००.०० | ३,७५३,३६५.५८ | ३,२५४,६३४.४२ | |
| १,०९२,०००.०० | ७,११४,२६३.६६ | २२१११ पानी तथा बिजुली | ८,९७१,०००.०० | ७,११४,२६३.६६ | १,०५६,७३६.३४ | |
| १,६३८,०००.०० | १२,३३५,०४९.७४ | २२११२ संचार महसुल | १४,३८६,०००.०० | १२,३३५,०४९.७४ | २,०५०,९५०.२६ | |
| २६,२५०.०० | १४०,८४५,६९१.३३ | २२१२१ घर भाडा | १४३,३७१,०००.०० | १४०,८४५,६९१.३३ | २,५२५,३०८.६७ | |
| ३०७,७६५.०० | ८,१३६,४६३.५० | २२२११ इन्धन | १३,१३०,०००.०० | ८,१३६,४६३.५० | ४,९९०,५३६.५० | |
| ४,८००.०० | २,५६३,८३८.०० | २२२१२ संचालन तथा मर्मत संभार | ३,५००,०००.०० | २,५६३,८३८.०० | ९३६,१६२.०० | |
| ३८,१५०.०० | ५,५०८,३९९.७० | २२३११ कार्यालय सम्बन्धी खर्च | १०,५५०,०००.०० | ५,५०८,३९९.७० | ५,०४१,६००.३० | |
| ०.०० | ७२२,१६०.०० | २२४११ सेवा र परामर्श खर्च | ३,०००,०००.०० | ७२२,१६०.०० | २,२७७८४०.०० | |
| ०.०० | ०.०० | २२५२२ कार्यक्रम खर्च | ०.०० | ०.०० | ०.०० | |
| ०.०० | १,६७०,५६१.५० | २२५३१ औषधी खरीद | १,८००,०००.०० | १,६७०,५६१.५० | १२९,४३८.५० | |
| २,७७८,०४०.०० | ८,६७९,३१९.०० | २२६११ अनुगमन मूल्यांकन खर्च | ८३,३३२,०००.०० | ८,६७९,३१९.०० | ७४,६५२,६८१.०० | |
| ०.०० | ५८७,३००.०० | २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ५,०००,०००.०० | ५८७,३००.०० | ४,४१२,७००.०० | |
| ५,७१८,५१५.०० | १२,३२७,८२४.०० | २२६१४ अन्य भ्रमण खर्च | ५०,०००,०००.०० | १२,३२७,८२४.०० | ३७,६७२,१७६.०० | |
| ६,००७,४३३.०० | ५९,६३६,९९७.०० | २२७११ विविध खर्च | १०४,९१२,०००.०० | ५९,६३६,९९७.०० | ४५,२७५,००३.०० | |
| ८४,२६८,८८१.०० | ७९९,५३३,७८९.८९ | कुल जम्मा : | १,०३२,५८२,०००.०० | ७९९,५३३,७८९.८९ | २३३,०४८,२१०.११ | |

कोषको अवस्था

बैंकको नाम :
जम्मा खर्च ७९९५३३७८९.८९

पेश्की :
म्याद नाघेको ११८९९४६४
म्याद ननाघेको ४२४३३७०

पेश्की कटाई खुद खर्च ७८३४७०९५५.८९

बैंकको खाता नं :
बैंक मौज्दात :
नगद मौज्दात :
जम्मा :

तयार गर्ने
हस्ताक्षर
दर्जा
मिति :

सिफारिस गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

स्वीकृत गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

नेपाल सरकार

व्यवस्थापिका - संसद

व्यवस्थापीका संसद सचिवालय, सिंहदरबार,काठमाण्डौं

म.ले.प.फा.नं. १३

# खर्चको फाँटवारी ( चालु खर्च)

२०७३ साल चैत्र महिना

**आर्थिक वर्ष २०७३/७४**

**बजेट शिर्षक २०२०१२३ व्यवस्थापिका -संसद सचिवालय**

| महिनाको खर्च | महिना सम्मको निकासा | खर्च / वित्तिय संकेत नम्बर | अन्तिम बजेट | महिना सम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|
| | | | | | बजेट | निकासा |
| ८,३०६,३०२.८५ | ८१,६३५,३१६.३६ | २११११ तलब | ९६,३२०,०००.०० | ८१,६३५,३१६.३६ | १४,६८४,६८३.६४ | |
| २४१,५८७.७७ | २,१४२,७६८.१६ | २१११३ महँगी भत्ता | ३,१२०,०००.०० | २,१४२,७६८.१६ | ९७७,२३१.८४ | |
| ८,५८१,०५४.४१ | ८५,८०५,०७०.१९ | २१११९ अन्य भत्ता | १५१,७०२,०००.०० | ८५,८०५,०७०.१९ | ६५,८९६,९२९.८१ | |
| १,७४७,५००.०० | १,८३३,३५४.०० | २११२१ पोशाक | २,९१०,०००.०० | १,८३३,३५४.०० | १,०७६,६४६.०० | |
| ६३६,१३८.०० | ६,२०७,१४२.४० | २२१११ पानी तथा बिजुली | ७,३००,०००.०० | ६,२०७,१४२.४० | १,०९२,८५७.६० | |
| ८३४,०३६.०० | २,७३०,०९२.४७ | २२११२ संचार महसुल | ३,९००,०००.०० | २,७३०,०९२.४७ | १,१६९,९०७.५३ | |
| १,०७८,१५६.०० | ६,५४१,०१७.९४ | २२२११ इन्धन | ८,६४७,०००.०० | ६,५४१,०१७.९४ | २,१०५,९८२.०६ | |
| ७०,३९५.०० | ७,९६४,१८३.६५ | २२२१२ संचालन तथा मर्मत संभार | १२,०००,०००.०० | ७,९६४,१८३.६५ | ४,०३५,८१६.३५ | |
| ०.०० | १९४,९२०.०० | २२२१३ बिमा | २,१५०,०००.०० | १९४,९२०.०० | १,९५५,०८०.०० | |
| १,१८६,८३७.०० | १६,७६६,०५०.५० | २२३११ कार्यालय सम्बन्धी खर्च | २०,१५५,०००.०० | १६,७६६,०५०.५० | ३,३८८,९४९.५० | |
| २१,४९८.०० | २१४,०८९.०० | २२३१३ पुस्तक तथा सामग्री खर्च | ५००,०००.०० | २१४,०८९.०० | २८५,९११.०० | |
| ३७,६०२.०० | ६०४,१३२.०० | २२४११ सेवा र परामर्श खर्च | ७२०,०००.०० | ६०४,१३२.०० | ११५,८६८.०० | |
| ८०८,०३५.६७ | ५,०४९,०२२.९९ | २२४१२ अन्य सेवा शुल्क | ६,८००,०००.०० | ५,०४९,०२२.९९ | १,७५०,९७७.०१ | |
| ८,१००.०० | ७५२,७३७.०० | २२५११ कर्मचारी तालिम | १,१६०,०००.०० | ७५२,७३७.०० | ४०७,२६३.०० | |
| ०.०० | ०.०० | २२५२२ कार्यक्रम खर्च | २,०००,०००.०० | ०.०० | २,०००,०००.०० | |
| ०.०० | ७९९,९९९.०० | २२५२९ अन्य कार्यक्रम खर्च | ८००,०००.०० | ७९९,९९९.०० | १.०० | |
| ८१,८४०.०० | १,६४०,१५३.०० | २२६११ अनुगमन मूल्यांकन खर्च | १,७५०,०००.०० | १,६४०,१५३.०० | १०९,८४७.०० | |
| ०.०० | ३५,६००.०० | २२६१२ भ्रमण खर्च | ५००,०००.०० | ३५,६००.०० | ४६४,४००.०० | |
| २७८,६०८.०० | २,४७७,१०७.५० | २२७११ विविध खर्च | ८,८००,०००.०० | २,४७७,१०७.५० | ६,३२२,८९२.५० | |
| २४,०१३,५९०.७० | २२३,५६२,६१५.०९ | कुल जम्मा : | ३३४,१४४,०००.०० | २२३,५६२,६१५.०९ | ११०,५८१,३८४.९१ | |

कोषको अवस्था

बैंकको नाम :

जम्मा खर्च २२३५६२६१५.०९

पेश्की :

म्याद नाघेको २३८१००

म्याद ननाघेको १२५७२५०

पेश्की कटाई खुद खर्च २२२०६७२६५.०९

बैंकको खाता नं :

बैंक मौज्दात :

नगद मौज्दात :

जम्मा :

तयार गर्ने
हस्ताक्षर
दर्जा
मिति :

सिफारिस गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

स्वीकृत गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

म.ले.प.फा.नं. १३

नेपाल सरकार

व्यवस्थापिका - संसद

व्यवस्थापीका संसद सचिवालय, सिंहदरबार,काठमाण्डौ

# खर्चको फाँटवारी ( पूंजीगत खर्च)

२०७३ साल चैत्र महिना

**आर्थिक वर्ष** २०७३/७४

**बजेट शिर्षक** २०२०१२४ **व्यवस्थापिका -संसद सचिवालय**

| महिनाको खर्च | महिना सम्मको निकासा | खर्च / वित्तिय संकेत नम्बर | अन्तिम बजेट | महिना सम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|
| | | | | | बजेट | निकासा |
| ०.०० | ०.०० | २९२२१ भवन निर्माण | ५,०००,०००.०० | ०.०० | ५,०००,०००.०० | |
| ०.०० | ३,३६८,९८४.०० | २९३११ फर्निचर तथा फिक्चर्स | ६,०००,०००.०० | ३,३६८,९८४.०० | २,६३१,०१६.०० | |
| ३७,२९०.०० | ३,१७४,०८५.०० | २९५११ मेशिनरी औजार | ४,७२०,०००.०० | ३,१७४,०८५.०० | १,५४५,९१५.०० | |
| १,९४४,००९.०० | ७८०९,०४२.०० | २९६२१ पूंजीगत सुधार खर्च -सार्वजनिक निर्माण | २४,९०३,०००.०० | ७८०९,०४२.०० | १७,०९३,९५८.०० | |
| १,९८१,२९९.०० | १४,३५२,१११.०० | कुल जम्मा : | ४०,६२३,०००.०० | १४,३५२,१११.०० | २६,२७०,८८९.०० | |

<u>कोषको अवस्था</u>

बैंकको नाम :

जम्मा खर्च १४३५२१११

पेश्की :

म्याद नाघेको ०

म्याद ननाघेको ०

पेश्की कटाई खुद खर्च १४३५२१११

बैंकको खाता नं :

बैंक मौज्दात :

नगद मौज्दात :

जम्मा :

तयार गर्ने

हस्ताक्षर

दर्जा

मिति :

सिफारिस गर्ने :

हस्ताक्षर

दर्जा

मिति :

स्वीकृत गर्ने :

हस्ताक्षर

दर्जा

मिति :